प्राचीन नेपाल
पुरातत्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या १४
माघ २०२७

Number 14
January 1971

सम्पादक
रमेशजङ्ग थापा

*Edited by*
**Ramesh Jung Thapa**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

प्राप्तिस्थान :
साझा प्रकाशन

**To be had of :**
Sajhaprakashan
Pulchok, Lalitpur

मूल्य रु. ५।-

**Price Rs. 5/-**

Printed at Matribhoomi Press Ghantaghar.

प्राचीन नेपाल
संख्या १४
माघ २०२७

Ancient Nepal
Number 14
January 1971



सम्पादक
रमेश जङ्ग थापा

*Editor*
**Ramesh Jung Thapa**

सहायक सम्पादक
रामचन्द्र ढुंगाना

*Assistant Editor*
**Ram Chandra Dhungana**

# विषय-सूची

# Contents


| | पृष्ठ | Page |
|---|---|---|
| नेपाल देशको इतिहास | १ | *1* |
| ऐतिहासिक पत्रस्तम्भ | २५ | *25* |
| मकवानपुरका केही पुरातात्विक उपलब्धि<br>*साफल्य अमात्य* | ३४ | *34* |
| लिच्छविकालीन दुइ माटाका छाप<br>*बाबुकृष्ण रिजाल* | ५५ | *55* |
| अंग्रेजको आक्रमणमा पृथ्वीनारायण शाहको विजय<br>*मोहनप्रसाद खनाल* | ५७ | *57* |
| Inscriptional Evidence......<br>**Dr. N. R. Banerjee** | ६२ | *62* |

# नेपाल देशको इतिहास

## गताङ्कको बाँकी

### अष्टरत्न

श्लोकः—१— अर्थागमो नित्यमरोगिता च
प्रिया च भार्या प्रियवादिनी च ।
वश्यश्च पुत्रोर्थकरी च विद्या
षड् जीवलोकेषु सुखानि राजन् ।

अर्थः— धन कमाउनु १, सधैं नीरोगी हुनु २, मीठो बोल्ने र प्यारी पत्नी हुनु ४, छोरो वशमा रहनु ५ र धन कमाउने विद्या हुनु ६, यी ६ पृथिवीमा सुख हुन् ।

श्लोकः-२- व्योमैकान्तविहारिणोपि विहगाः संप्राप्नुवन्त्यापदं
वध्यन्ते निपुणैरगाधसलिलान्मत्स्याः समुद्रादपि ।
दुर्णीते हि विधौ कुतः सुचरितं कः स्थानलाभे गुणः
कालो हि व्यसनप्रसारितकरो गृह्णाति दूरादपि ।

अर्थः— आकाशमा स्वच्छन्द विहार गर्ने पंक्षीहरू पनि आपद्मा पर्दछन् (बीचमा बाज आदिले गांज्दछन्) १, सिपालुहरूले गहिरो समुद्रबाट पनि माछा आदि जलजन्तु बाँधेर झिक्दछन् २, दैब बिग्रेका वेलामा सच्चरित्रता कहाँ रहन्छ र ? ३, असल स्थान पाए पनि कुन इज्जत र ? ४, कालले मिहिनेतसंग हात पसारेर धेरै टाढाबाट पनि प्राणीहरूलाई तान्छ ।

श्लोकः-३- नित्यं छेदस्तृणानां क्षिति नखलिखनं पादयोरल्प-पूजा
दन्तानामल्पशौचं बदनमलिनता रूक्षतामूर्द्धजानाम् ।
द्वे सन्ध्ये चापि निद्रा विवसनशयनं ग्रासहासातिरेकः
स्वांगे पीठे च वाद्यं हरति धनपतेः केशवस्यापि लक्ष्मीम् ।

अर्थः— सधैं घाँस चिमट्नु १, जमीनमा गोडाका नङ्ले कोतर्नु २, गोडा राम्ररी नधुनु ३, दाँत राम्ररी नमाझ्नु ४, अनुहार मैलो वा अंध्यारो गराउनु ५, कपाल फुस्रो राख्नु ६, दुइ सन्ध्यामा (घाम
७, खाली जमीनमा वा नाँगै सुत्नु ८, धेरै खानु वा ठूलो स्वरले हास्नु ९ र आफ्नो जीउ वा पिठ्यूँमा धाप दिनु वा बाजामा ताल दिए झैं गर्नु १० यी काम गर्नाले कुवेरको ऐश्वर्य र विष्णुकी लक्ष्मी पनि नाश हुन्छन् भने अरू मानिसको के कुरा ?

श्लोकः—४— ब्रह्मा येन कुलालवन्नियमितो ब्रह्माण्डभाण्डोदरे
विष्णुर्येन दशावतारगहने न्यस्तो महासंकटे ।
रुद्रो येन कपालपाणिपुटके भिक्षाटनं कारितः
सूर्यो धावत्ति नित्यमेव गगने तस्मै नमः कर्मणे ।

अर्थः— जसले ब्रह्माण्ड नै भाँडाभित्र कुमाले झैं ब्रह्मालाई काममा नियमपूर्वक लगायो १, जसले विष्णुलाई महासंकटपूर्ण कठोर दशावतारमा राख्यो २, जसले शिवलाई खप्पर हातमा लिएर भिक्षा माग्ने गरी फिरन्ता गरायो ३, जसले सूर्यलाई आकाशमा सधैं दौडायो ४ त्यस्ता कर्मलाई नमस्कार छ ।

श्लोकः—५— भोगे रोगभयं कुले च्युतिभयं वित्ते नृपालाद् भयम्
माने दैन्यभयं बले रिपुभयं रूपे तरुण्या भयम् ।
शास्त्रे वादभयं गुणे खलभयं काले कृतान्ताद् भयं
सर्वं वस्तु भयान्वितं भुवि नृणाँ वैराग्यमेवाभयम् ।

अर्थः– भोगमा रोगको डर १, कुलमा पतनको डर २, धनमा राजादेखि डर ३, मानमा दिक्दारीको डर ४, बलमा शत्रुको डर ५, राम्रो हुंदा तरुणीको डर ६, शास्त्रमा वाद-विवादको डर ७, गुणी हुँदा मूर्खदेखि डर ८, र शरीरमा यमराजको डर ९ संसारमा जति वस्तु छन् सबै भययुक्त छन्, खालि एउटा वैराग्य मात्र अभय (भय नभएको) छ ।

**श्लोक–६– शशिनि खलु कलंकः कण्टकं पद्मनाले**
**युवतिकुचनिपातः पक्वता केशजाले ।**
**जलधिजलमपेयं पण्डिते निर्धनत्वं**
**वयसि धनविवेको निर्विवेको विधाता ।**

अर्थः– चन्द्रमामा कलंक १, कमलनालमा काँडा २, तरुणीका स्तनको पतन ३, कपाल फुल्नु (सेतो हुनु) ४, समुद्रको पानी खार भई पिउन नहुनु ५, पण्डितमा धनको अभाव ६ र बूढो भएपछि मात्र धनखर्चमा विचार आउनु ७ यस्तो गराउने विधाता विबेक नभएको हो ।

**श्लोक–७– शशी दिवसधूसरो गलितयौवना कामिनी**
**सरो विगतवारिजं मुखमनक्षरं स्वाकृतेः ।**
**प्रभुर्धनपरायणः सततदुर्गतः सज्जनो**
**नृपांगणगतः खलो मनसि सप्त सल्यानि मे ।**

अर्थः– दिउसो निस्तेज भएका चन्द्रमा १, जवानी सकिएकी स्त्री (पत्नी) २, कमल झिकेको तलाउ ३, ठीक बोल्न नसक्ने मुख ४, धनको लोभी मालिक ५, दुःख पाउंदै गएको सज्जन ६, र राजदरवारमा पुगेको मूर्ख ७, यी सातले मेरो दिलमा बाणले झैं घोच्दछन् ।

**श्लोक–८– निःस्वो बक्ति शतं शती दशशतं लक्षं सहस्राधिपो**
**लक्षेशः क्षितिपालतां क्षितिपतिश्चक्रेशतां वांछति ।**
**चक्रेशः पुनरिन्द्रतां सुरपतिर्ब्राह्मं पदं बांछति**
**ब्रह्मा शैवपदं शिवो हरिपदं ह्याशावधिं को गतः ।**

अर्थः– धन नभएकाले सय १, सय हुनेले हजार २, हजार हुनेले लाख ३, लाख हुनेले राजा ४, राजाले चक्रवर्ती ५, चक्रवर्तीले इन्द्र ६, इन्द्रले ब्रह्मा ७, ब्रह्माले शिव ८ र शिवले विष्णुको पद खोज्दछन् । यसरी आशाको अवधिसंम को गयो ? अर्थात् आशा कसैको पनि पुग्दैन ।

नवरत्नहरूले यसरी नीतिपूर्ण श्लोकको रचना गरी महाराज वीर विक्रमादित्यलाई चढाएर उनका आज्ञा-नुसार सभामा बसी राजा र प्रजा सबैको व्यवहार ठीक बेठीक विचार गर्दै नीतिधर्मअनुसार उपदेश गरिरहेका थिए ।

नवरत्न पण्डितहरू र मन्त्री बुद्धिसेनका सल्लाहले महाराज वीर विक्रमादित्यले यसरी राजकाज चलाउंदा कलिमा छोटा बडा सबैमा अधर्म चलेको देखिंदा देवताहरूले सल्लाह गरी आफ्ना सेवकहरूलाई वानर र वानरीको रूप बनाएर पठाए । उनीहरू जाँच गर्ने विचारले सभामा आई वानरले ८ र वानरीले ८ प्रश्न गरे । ती प्रश्नका ठीक ठीक जवाफ पाएका हुनाले कृतार्थ भए । अनि सभामा आफ्नो देवताको रूप देखाई स्वर्गतर्फ गए । यही प्रश्नोत्तरलाई वानराष्टक र वानर्यष्टक भन्दछन् ।

## वानराष्टक ।

**श्लोक–९– ईर्षी दक्षः क्रतौ रूपं स्तब्धः शुष्केन्धनं जवः ।**
**दुर्मन्त्रिणमिति श्लोकाः कथिता वानराष्टके ।**

अर्थः– ईर्षी, दक्ष, क्रतौ, रूपं, स्तब्धः, शुष्केन्धनं, जवः दुर्मन्त्रिणं यी ८ श्लोक वानराष्टकका हुन् ।

**श्लोक–१– ईर्षी घृणी त्वसन्तुष्टः क्रोधनो नित्यशंकितः ।**
**परभाग्योपजीवी च षडेते दुःखभागिनः ।**

अर्थः–डाहे १, घिनाहा २, असन्तोषी ३, रिसाहा ४, शंकालु ५ र अर्काको भाग्यका भरमा जिउने यी ६ दुःखी हुन् ।

**श्लोकः-२–दक्षः श्रियमधिगच्छति पथ्याशी कल्यतां सुखमरोगी ।**
**उद्युक्तो विद्यां तथा धर्मार्थयशांसि विनीतः ।**

अर्थः–सिपालुले संपत्ति कमाउंछ १, पथ्यभोजीले आरोग्य पाउंछ २, नीरोगीले सुख पाउंछ ३, घोकिरहनेले

विद्या पाउंछ ४, नम्र हुनेले धर्म, धन र ख्याति पाउंदछ ।

**श्लोकः–३–ऋतौ विवाहे व्यसने रिपुक्षये**
**यशस्करे कर्मणि मित्रसंग्रहे ।**
**प्रियासु नारीषु तथैव बान्धवे–**
**ष्यतिव्ययो नास्ति नराधिपाष्टसु ।**

अर्थः–महाराज, यज्ञमा १, विवाहमा २, दुःखमा ३, शत्रुको नाश गर्दामा ४, ख्याति बढ्ने काममा ५, मित्रहरूको मित्रतामा ६, मन पर्दा स्त्रीहरूका निमित्तमा ७ र बान्धवहरूका निमित्तमा ८ यी ८ काममा जति खर्च भए पनि धेरै मानिदैन ।

**श्लोकः–४–रूपं जरा सर्वसुखानि तृष्णा**
**खलेषु सेवा पुरुषाभिमानम् ।**
**याच्ञा गुरुत्वं गुणमात्मपूजा**
**चिन्ता बलं हन्त्यदया च लक्ष्मीम् ।**

अर्थः–बुढ्याइंले रूपलाई १, तृष्णाले तमाम सुखलाई २, दुष्टहरूको सेवाले पुरुषको आत्माको अभिमानलाई ३, माग्नाले आत्मगौरवलाई ४, आत्मप्रशंसाले गुणलाई ५, चिन्ताले बललाई ६ र निर्दयताले लक्ष्मी (लच्छिन) लाई नाश गर्छ ।

**श्लोकः–५–स्तब्धस्य नश्यति यशो विषमस्य मैत्री**
**नष्टक्रियस्य कुलमर्थपरस्य धर्मः ।**
**विद्याफलं व्यसनिनः कृपणस्य वृत्तं**
**राज्यं प्रमत्तसचिवस्य नराधिपस्य ।**

अर्थः–ठाडो स्वभाव हुनेको यश १, बाउंटाको मित्रता २, आचार विचार नहुनेको कुल ३, धनलुब्धको धर्म ४, खेलबाड गर्नेको विद्या ५, कृपण (कंजूस) को उत्तम कर्म ६ र मदमत्त मन्त्री हुने राजाको राज्य नाश हुन्छ ।

**श्लोकः–६–शुष्केन्धने वन्हिरुपैति वृद्धि**
**बालेषु रोषश्चपलेषु कोपः**
**कान्तासु कामो निपुणेषु चित्त**
**धर्मो दयावत्सु महत्सु धैर्यम् ।**

अर्थः–सुकेको काठमा आगो १, बालकमा रुचे २, चटपटेमा रिस ३, स्त्रीहरूमा कामुकता ४, सिपालुमा ज्ञान ५, दयावान्मा धर्म ६ र महानुभावमा धैर्य चाँडै बढ्दछन् ।

**श्लोकः–७–जवो हि सप्तेः परमं विभूषणं**
**त्रपांगनायाः कृशता तपस्विनः ।**
**द्विजस्य विद्यैव मुनेरपि क्षमा**
**पराक्रमः शस्त्रबलोपजीविनाम् ।**

अर्थः–घोडाको वेग १, स्त्रीहरूको लज्जा २, तपस्वीहरूको दुब्लोपन ३, ब्राह्मणको विद्या ४, मुनिको क्षमा ५, र हतियार चलाउनेको पराक्रम ठूलो गहना (शोभा) हुन् ।

**श्लोकः–८–दुर्मन्त्रिणं कमुपयान्ति न नीतिदोषाः**
**सन्तापयन्ति कमपथ्यभुजं न रोगाः ।**
**कं स्त्री न मोहयति कं न निहन्ति मृत्युः**
**कं स्वीकृता न विषयाः परितापयन्ति ।**

अर्थः–कुन दुष्ट मन्त्रीलाई नीतिका दोष लाग्दैनन् ? १, कुपथ खाने कसलाई रोग लाग्दैनन् ? २, स्त्रीले कसलाई मोह पार्दैनन्? ३, मृत्युले कसलाई मार्दैन ? ४ र आफूले मंजूर गरेका विषयले कसलाई भुटभुटीमा पार्दैनन् ? ५ ।

## वानर्यष्टक ।

**श्लोकः– माधुर्य शास्त्रमारोग्यं दानं मूर्खो द्विजातिकः ।**
**वैद्यं सुजीर्णं वृक्षं च वानर्यष्टकमुच्यते ।**

अर्थः–माधुर्य, शास्त्र, आरोग्य, दान, मूर्ख द्विजाति, वैद्य, सुजीर्ण र वृक्ष यी ८ वानर्यष्टक हुन ।

**श्लोकः–१–माधुर्यं प्रमदाजनेषु ललितं दाक्षिण्यमार्ये जने**
**शौर्यं शत्रुषु नम्रता गुरुजने धर्मिष्ठता साधुषु ।**
**मर्मज्ञेष्वनुवर्तनं बहुविधं मानं जने पण्डिते**
**शाठ्यं पापिजने नरस्य कथिता पर्यन्तमष्टौ**
**गुणाः ।**

अर्थः–स्त्रीहरूमा मधुर र सौन्दर्य युक्त बोली १, पूज्यजनहरूमा चतुरता २, शत्रुहरूमा फूर्ति ३, मान्यजनहरूमा नम्रता ४, साधुहरूमा धर्मभाव ५, विवेकीहरूको उपदेशानुसार काम गर्नु ६, पण्डितहरूको मानमनितो ७ र पापीहरूसंग कडा व्यवहार ८ मानिसहरूमा रहने यी ८ गुण अति असल भनिन्छन् ।

श्लोकः–२–शास्त्रं सुचिन्तितमथो परिचिन्तनीय–
मारधितोपि नृपतिः परिशंकनीयः ।
अंके स्थितापि युवतिः परिरक्षणीया
शास्त्रे नृपे च युवतौ च कुतो वशित्वम् ।

अर्थः–षड्रत्नको पहिलो श्लोकमा बताइएको छ ।

श्लोकः–३–आरोग्यमानृण्यमविप्रवासः
संप्रत्ययावृत्तिरभीतिवासः
सद्भिर्मनुष्यैः सह संप्रयोगः
षड् जीवलोकेषु सुखानि राजन् ।

अर्थः–नीरोगी हुनु १, ऋण नलाग्नु २, परदेश जान नपर्नु ३, आफू खुशी वृत्ति ४, डर नभएका ठाउंको बास ५, सज्जनहरूसंगको सहवास ६ यी ६ कुरा मनुष्यलोकका सुख हुन् ।

श्लोकः–४–दानं दरिद्रस्य प्रभोश्च शान्ति–
र्यूनां तपो ज्ञानवतां च मौनम् ।
इच्छानिवृत्तिश्च सुखासिनानां
दया च भूतेषु दिवं नयन्ति ।

अर्थः–षड्रत्नको चौथो श्लोकमा बताएको छ ।

श्लोकः–५–मूर्खो द्विजातिः स्थविरो गृहस्थः
कामी दरिद्रो धनवान्तपस्वी ।
वेश्या कुरूपा नृपतिः कदर्यो
लोके षडेतानि विडम्बनानि ।

अर्थः–षड्रत्नको तेस्रो श्लोकमा छ ।

श्लोकः–६–वैद्यं पानरतं नटं कुपठितं स्वाध्यायहीनं द्विजं
युद्धे कापुरुषं हयं गतरयं मूर्खं परिव्राजकम् ।
राजानं च कुमन्त्रिभिः परिवृतं देशं च सोपद्रवं
भार्यां यौवनगर्वितां पररतां मुचन्ति शीघ्रं
बुधाः ।

अर्थः–पञ्चरत्नको तेस्रो श्लोकमा छ ।

श्लोकः–७–सुजीर्णमन्नं सुविचक्षणः सुतः ।
सुशासिता स्त्री नृपतिः सुसेवितः ।
सुचिन्त्य चोक्तं सुविचार्य यत्कृतं
सुदीर्घकालेपि नयाति विक्रियाम् ।

अर्थः–पचेको खाना १, राम्ररी जान्ने छोरो २, राम्रो तालीम पाएकी स्त्री ३, खूब सेवा गरिएका राजा ४, विचार-पूर्वक बोलेको बोली ५ र बिचार पुर्‍याई गरेको काम ६ यी कुरा धेरै कालसंम पनि बिग्रदैनन् अर्थात् पछिसंम स्थायी रूपले रहिरहन्छन् ।

श्लोकः–८–वृक्षं क्षीणफलं त्यजन्ति विहगाः शुष्कं सरः
सारसाः
पुष्पं पर्युषितं त्यजन्ति मधुपा दग्धं वनान्तं मृगाः ।
निर्द्रव्यं पुरुषं त्यजन्ति गणिका भ्रष्टश्रियं
मन्त्रिणः
सर्वः कार्यवशाज्जनोपि रमते कस्यास्ति को
वल्लभः ।

अर्थः–सप्तरत्नको चौथो श्लोकमा बताएको छ ।

नवरत्नहरू यस किसिमका श्लोकहरू बनाई चढाएर वीर बिक्रमादित्यका सभासद् भई आनन्दपूर्वक रहेका थिए ।

एक दिन महाराज वीर विक्रमादित्य मन्त्री बुद्धिसेन र फौज समेत लिई शिकार खेल्न ठूलो जंगलतिर गए । वनमा बाटो बिराउंदा राजा र मन्त्री एकातिर, अरू फौज एकातिर भए । अनि एउटा रूखको फेदमा विश्राम गर्न राजा सुते, मन्त्री भने रक्षक भई जागै बसे । त्यसै बखतमा राजाका दस इन्द्रिय जंमा भई छलफल गर्न लागे । एकले भन्यो– यस पापिष्ठ विक्रमलाई कुन दिन मार्न पाइएला ? दोस्राले भन्यो–म भोलि अवश्य व्याघ्र भएर ग्रास गरी मार्नेछु । तेस्राले भन्यो– म सर्प भएर डसुंला । चौथाले भन्यो– म राक्षस भएर रहुंला । पांचौले भन्यो– म हात्ती भई रहुंला । यस्तै किसिमले ती दस इन्द्रियले दस थोक बोलेको कुरा ती मन्त्रीले सुनेर मनमा याद राखिछोडेका थिए । प्रातः काल भएपछि ती दुवै राजा र मन्त्री पवनबेगी घोडामा चढी हिंडे । राजाले श्वसुरका घरमा जाने इच्छा गर्दा बाटामा मन्त्रीले दस इन्द्रियको संवाद संझी उनीहरूले

भनेको बाटो छल्दै राजाको सवारी चलाए । नौ इन्द्रियले भनेको ठाउँ छलिसकेपछि दसौं इन्द्रियको ठाउं सरोवर-समीपमा पुग्दा राजालाई तृषा लागेको हुनाले त्यस सरोवरबाट पानी ल्याऊ भनी मन्त्रीलाई अराए । "महा-राज, त्यस तलाउको पानी पिउन हुँदैन, किनभने त्यहाँ ग्राह बसेको छ, त्यसले छिक्छ" भनी मन्त्रीले विन्ति चढाए। मन्त्रीले त्यस ठाउँको जल पिउन रोक्दा राजाले मन्त्रीको वचन लंघन गरी "तिमी मन्त्रीको स्वभाव भएका रहेनछौ. एउटा ग्राहदेखि पनि डराउने नामर्द रहेछौं. वीरको स्वभाव तिमीमा कत्ति पनि रहेनछ" भनी मन्त्रीलाई ठाडो जवाफ दिई प्यासले ज्यादा बाधा गरेको हुनाले राजा घोडा चढेको चढ्यै पानी पिउन भनी तलाउतिर गए। अब बित्यास पर्न लाग्यो भन्ने विचार गरी सवारी नहोओस्, सवारी नहोओस् भन्दै मन्त्रीले पनि राजाका पछिपछि घोडा दगुराए । राजाले सरोवरका नजीकमा पुगी पानी पिउने विचार गर्न लागेकै वेलामा तलाउबाट कोलाहल शब्द गरी गर्जना गर्दै पानीको लहर उठेर राजातिर आयो । त्यस्तो अवस्था देख्दा मन्त्रीको वचन साँचो ठानी राजा त्यहाँबाट भागे । अनि मन्त्री पनि राजा सुकला हुँदा राजाका दस इन्द्रियले परस्परमा संवाद गर्दा आफूले सुनेको हुँदा त्यसका डरले नौ इन्द्रियहरू बसेका ठाउँबाट बचाई ल्याएको सब वृत्तान्त राजालाई बताए ।

त्यसपछि राजा र मन्त्री दुवै घोडामा सवार भई राजाका ससुराका देशमा पुगे । त्यस देशका राजाले पनि आफ्ना जुवाइँ विक्रमलाइ आफ्ना दरवारभित्र लगेर रीतमाफिक खूब स्वागतसंमान गरे । रानी माइतमै भएको वेला हुनाले सुकला हुने बखतमा राजा र रानी एकै बिच्छ्याउनामा सुकला भए । मन्त्री आठपहरिया बनी खोपीबाहीर ढोकानेर सुते । रानी भने माइतमा छंदा सदैव परपुरुषसंग रमण गर्ने गर्थिन् । त्यस दिन राजासंग सुत्नु-परेको र पछि नाठासंगको सहवास छुट्ने हुनाले राजा निद्रा-मा मस्त भएको वेला पारी कुनै स्त्रीले मात्र गर्न सक्ने अपूर्व चरित्र गरिन् । रानीले खड्ग लिई राजालाई मारिन् र त्यो खड्ग सुतेका मन्त्रीका हातमा राखिदिइन । अनि आफू खूब कराएर रुँदै मेरो पतिलाई पापी मन्त्रीले माऱ्यो भनी हाहाकार गर्न लागिन् । ससुरा राजाले आफ्नी मैयाँले रोएको आवाज आफ्ना खोपीबाटै सुने । आश्चर्य मानी उत्लिखेरै मैयाँ रुन लागेको समेत एकैपल्ट देख्दा खूब अफसोस माने । ससुरा राजाले पनि मन्त्रीलाई अपराधी ठानी चण्ड-लका हातमा सुँपेर ज्यानसजाय गर्ने आज्ञा दिए । चाण्डालले पनि काट्ने ठाउंमा लगे ।

दैवको विडम्बना गजब छ । मन्त्रीले दिक्पाल साक्षी राखी आफ्ना इष्टदेवीको चरणकमलको स्मरण गरे । हे परमेश्वरी, मलाई अहिले ठूलो अन्याय भयो, हजुरबाट नीतिपूर्वक दया राखी जीवरक्षा गरिबक्सयोस् भनी मन्त्रीले बराबर देवीको स्मरण गरिरहे । फौंजका साथमा चाण्डा-लहरुले पनि मन्त्री बुद्धिसेनलाई मर्ने ठाउंमा पुऱ्याए । त्यसै बखतमा परमेश्वरीले "हे राजन्, अन्याय भयो, तिम्रा जुवा-इँलाई मन्त्रीले मारेको होइन, परपुरुषमा पल्केकी हुनाले आफ्नै छोरीले मारी स्त्रीचरित्रको सीमा नाघेको हो, मन्त्री-को प्राण नलेऊ" भन्ने आकाशवाणीबाट आज्ञा भयो । उनले आकाशवाणीलाई सत्य ठानी मन्त्रीको प्राणरक्षा गरेर आफ्नी छोरीलाई धर्मशास्त्रानुसार सजाय दिए । मन्त्री बुद्धिसेनले राजा विक्रमको मृतशरीर वाराणसीमा लगी दाह गर्ने विचार गरे । अनि राजा बक्साई धातुको पेटारो बनाएर त्यसैमा राजाको मृतशरीर राखी आफैले बोकेर लगे।

महारानीको चरित्र देख्दा आफ्नी पत्नी पनि माइतमै रहेकीले उनी विशेष झस्के । आफ्नी स्त्रीको चरित्र बुझ्ने प्रबल इच्छाले ससुरालीतिरको बाटो सोझ्याए । ससुराली-नजीकको एउटा रूखको टोड्कामा राजाको मृतशरीर राखेको पेटारो नखस्ने गरी राम्री राखेर ससुराको घरमा गए । उनकी स्त्रीले बहुत आदर संमान गरी खाने कुरा आफ्नै हातले बनाई राम्री भोजन गराइन् । राती मन्त्री र मन्त्रिणी एकै बिछ्याउनामा सुते । मध्यरातमा उनीहरू सुतेकै खोपीमनि एउटा जम्बूक आएर करायो । "हाम्रो आहारा रूखमा झुडाएको छ, जसले हाम्रो भाषा बुझेर पनि हाम्रो आहारा दिएन भने त्यसलाई पंचमहापातक लागोस् ।" मन्त्रिणीले त्यस किसिमको जम्बूकको वचन बुझेर शय्या-बाट उठ्न खोज्दा मन्त्रीले रोके । उनले जम्बूकको कुरा बताई अब जम्बूकलाई भोजन गराउन जान्छु भनिन् । अनि मन्त्रीले आफ्ना राजाको प्राण रानीका हातबाट जांदा त्यो मृतशरी र पेटारामा हाले र वाराणसी क्षेत्रमा जला-उन ल्याई रूखमा झुंडाएको सबै वृत्तान्त बताए । राजाको

मरणमा ठूलो अफसोस गरी उनले ईश्वरको आराधना गरी राजालाइ बचाउने विचार गर्दै भनिन् । प्रभु, यी राजालाइ बचाउने पर्छ । अघि मैले पीठमा देवीको सेवा गर्दा देवीले मलाइ वरसमेत दिनुभएको छ । तसर्थ यी राजालाइ बचाउन सकिन्छ । यस्तो उनको कुरा सुन्दा मन्त्री खूब खुशी भए । अनि कसैले थाहा नपाउने गरी उलिखेरि भगवतीको पूजालाई चाहिने सामग्री तयार गरी आधारातमा गुप्ती तवरले राजा राखेको पेटारीसमेत लिई दुबै दम्पती देवीका पीठमा गए । विधिपूर्वक देवीको पूजा गरी भक्तिभावनापूर्वक स्तुति गरे । तत्क्षणमा देवी प्रसन्न भई आफ्नो स्वरूप प्रकट गरिन् । अनि राजाको शरीरमा शिर जोडेर बचाई प्राणको वरप्रसाद दिई देवी अन्तर्धान भइन् । मन्त्री र मन्त्रिणीका कृपाले राजा वीर विक्रमादित्य सजीव भई बाँचे । अनि मन्त्रीको ससुरालीमा गएर केही दिन बसी आफ्ना ससुराली गए उहां पनि केही दिन बसी आफ्नो देश उज्जयिनीमा गए ।

ती राजाले यस्तो उग्र आपद्‌बाट उत्तीर्ण भएको र आफ्नी स्त्रीको उग्र चरित्र कहिल्यै बिर्सेनन् । अनि यिनले हिन्दुस्थानका ठल्ठूला ३६ राजाहरुलाई जिती आफ्ना वशमा ल्याएर उर्दीमा तयार हुने बनाए ।कतै लडाईं गर्नुपर्दा ती राजाहरू र तिनका सैन्यहरुसमेत साथमा लिई जान्थे । उनले मक्का आदि देशका मुमलमान बादशाहहरुलाई जितेर आफ्नो वशमा राखी मक्केश्वरको दर्शन पनि गरे । यसरी देशविदेश सबै जितेर उनी महाचक्रवर्ती राजा भई आनन्दपूर्वक रहे । नेपालदेशबाट ल्याएका स्पर्शमणिका प्रभावले विजित मुलुकमा समेत प्रशस्त धन खर्च गरी आफ्ना राष्ट्रमण्डलभित्र र जितेका राज्यहरूमा पनि आफ्ना विक्रम नाउंको संवत् फिराए ।

यस्ता तहरसंग राज्य गरिरहेका केही कालपछि राजा विक्रमादित्यको क्षान्तिशील नामका कापालिक योगीसंग भेट भयो । योगीले कहेका विधिविधानले दक्षिणश्मसानमा गई वेतालसिद्धिको कार्य प्रारम्भ गरे । पच्चीसपल्ट वेतालसिद्धिको कार्य सिद्धि गरिसकेपछि क्षान्तिशील योगीले मनमा कपट लिई राजालाई मर्ने उद्योग गरे । ती राजाले पनि अघि बज्रयोगिनीबाट तेबर आयुर्दाको वरप्रसाद पाएका हुनाल त्यही वरका प्रभावले युक्ति गरी तिनै योगीलाई मारेर सिद्धि पाई वीर विक्रमादित्य भन्ने नाम प्रख्यात गरे ।

यी राजाले तीन खड्गो काटे । पहिले तेलको कराहीमा पाकी प्राणरहित भए । दोस्रो पल्ट रानीका हातबाट काटिई मरे । यी दुबै अवस्थामा परमेश्वरीले रक्षा गरी प्राण बचाइदिइन् । तेस्रो पटक वेतालसाधना गर्दा योगीले कपट गरी मार्न खोज्दा थाहा पाई ती योगीलाई राजा आफैले काटी वेतालवीरसाधनारूप कार्यसिद्धि गरे । यस्ता तरहसंग तीन पटक प्रवृत्त भएका मृत्युलाई आफ्ना इष्ट देवताका वरप्रसादले हटाई सबै राजा बादशाहलाई जिती राजा वीर विक्रमादित्य महाचक्रवर्ती भई मुलुकको राज्य शासन गर्दै सुखपूर्वक रहेका थिए ।

यी राजाका जीवनचरित्रको लीला वर्णन गर्न कलियुगमा कोही सक्दैन । यी जस्ता राजा न अघि भए न पछि हुनेछन् । यी राजा श्री महाराज महाचक्रवर्ती, महाप्रतापी, महोपकारी, महात्यागी, महाभोगी, महाधर्मज्ञ, नीतिशास्त्रज्ञ, अरू शास्त्रविद्याका पनि विशेष ज्ञाता, नानाकौतुक विहार गर्ने, गीतवाद्यादि पनि जान्ने, अतिशूरवीर, उत्तम मन भएका, सत्यवादी, सन्मार्गी, महाभक्तिमान्, युक्ति जान्ने, नाना प्रकारका रत्न सुवर्ण आदि धनद्रव्यले परिपूर्ण, सबै शास्त्र जान्ने, तन्त्रमन्त्र पनि जान्ने, साधनाले सिद्धि पाएका, क्षमावान्, दयावान्, गुणवान् धैर्यवान्, भाग्यवान्, ज्ञानवान्, पात्रापात्रको विवेकमा खूब चतुर, कत्ति लोभ नभएका, ठूला विवेकी, कुनै देवताका अवतार भन्न लायक, महापुरुष र दीर्घायु यी वीर विक्रमादित्य राजाको कुनै जान्ने पुरुषले मुनासिबमाफिक बयान गरेका यश, नाम र गुणहरूको वर्णन धेरै कालसंम रहने हुनाले कुनै कालमा पनि नष्ट हुँदैन ।

**वीतरागमदक्लेशकोपमात्सर्यमोहत : ।**
**रजस्तमोतिदूरत्वाद्वीर इत्यभिधीयते ।**

यी विक्रमादित्य सेन महाराजले जन्मको सफलता पाई उत्तमगति प्राप्त गरेपछि उनका छोरा विक्रमकेशरी सेन राजा भई उज्जयिनीको राजकाज गर्न लागे । उनी देवताहरूबाट पाएको देवदत्त नामक महाउत्तम सिंहासनमा राज

गरी प्रजाहरूको शासन गर्दथे। कुनै समयमा त्यही उज्जयिनी देशको राजा भई राजगद्दीमा बस्न आउने धाराधीश राजा भोजदेवले त्यही देवदत्त नामक सिंहासनमा बसी राजकाज गर्न खोज्दा त्यस सिंहासनबाट ३२ पुतलीहरू प्रादुर्भाव भए। प्रत्येक पुतलीले वीर विक्रमादित्यको एक एक आख्यान बताई उडेर गए। यति भएपछि पनि जवरजस्ती सिंहासनमा बस्न खोज्दा त्यो देवदत्त सिंहासन पनि उडेर स्वर्गमा गयो। यिनै विक्रमादित्यको यशकीर्तन भएको वेतालपच्चीसी नामक कथा र सिंहासनबत्तीसी नामक कथासमेत संसारमा प्रख्यात भइसकेकै छ।

यी वीर विक्रमादित्यले आफ्नो जन्मभूमि उज्जयिनी देशमा जांदा नेपाल देशको राज्य राजा धर्मदेवका (नाति) विश्वदेवलाई दिई गएका थिए। यी विश्वदेवले ····वर्ष राज्य गरे। यिनले राजकाज गर्दा नीतिशास्त्रका गतिले विचार पुऱ्याएर प्रजाहरूको पालना गर्दथे। आफू बस्ने दरवारमा ठूलो नौ तलाको विहारगृह बनाई त्यसका समीपमा अनेक जातका वृक्ष र फूलहरू भएको बगैंचा बनाएका थिए। बगैंचाको एक छेउमा आफ्ना इष्टदेवताको आगम मन्दिर बनाई इष्टदेवीको स्थापना गरेर राजदेवी भन्ने नाउँले प्रख्यात गरे। प्रतिदिन नियमपूर्वक पूजा गर्ने व्यवस्था पनि मिलाए। प्रतिवर्ष धेरै सामग्री जम्मा गरी देवाली महापूजा गर्ने गरे। आफ्ना प्रजाहरूलाई पनि ठाउँ ठाउँका देवदेवीहरूको संमानपूर्वक पूजा गर्नू भन्ने आज्ञा दिए। प्रजाहरूले पनि ती देवदेवीहरूको प्रतिदिन पूजा र प्रतिवर्ष देवाली गर्ने गरे। यी राजाले आफ्ना पालामा बौद्धमार्गीको प्रबल चल्ती बढ्दै गएको र आफ्नो पनि बौद्धमार्गी भिक्षुकसंग खूब संगत भएको हुनाले बौद्धधर्म पनि मानी सिंभूको स्थान बनाइदिए। अघि विक्रमादित्यले स्थिति गरिएका व्रतधर्महरू पनि राम्रो तरहले संमानपूर्वक चलाए।

कुनै दिन आफ्ना पुर्खा धर्मदेवका नामबाट बनेको नारायणधाराबाट जल आउन बन्द हुँदा राजाले मनमा बहुतै फिक्री लिए। पुर्खाले यो धारा बनाउँदा शतरुद्र पर्वतका मनि रहेका जलशायी नारायणले खुशी भई आज्ञा भए–अनुसार बनाएका हुन्। मेरा पालामा दुर्दिनका प्रभावले धारा बन्द भए पनि उनै देवताको शरण परी उहाँबाट दया भएबमोजिम यस धारालाई खुलाई जीर्णोद्धार गर्दछु भन्ने मनमा लिई उनै नारायणको सेवा गर्न लागे। आखिर नारायणबाट ज्योतिषीहरूबाट सल्लाह लिई काम गर, तिम्रो मनोरथ पूर्ण हुनेछ भन्ने सपनामा आज्ञा भयो। सोबमोजिम ज्योतिषीहरू बोलाई उनले प्रश्न गरे। ज्योतिषीहरूले प्रश्न विचार गर्दा ठूलो कष्टको काम गर्नुपर्ने प्रश्नफल आएको हुनाले विन्ति चढाउन नसकी त्यसै चूप लागिरहे। राजाले कारण बुझी केही डराउनुपर्दैन, प्रश्नफल जस्तो आएको भए पनि भन भनी आज्ञा हुँदा ज्योतिषीहरूले पनि सोहीमाफिक "त्यस धारामा बत्तीस लक्षणले युक्त भएको मनुष्यको बलि दिए मात्र धारा खुल्दछ" भन्ने प्रश्नफल आयो भनी विन्ति चढाए। राजाले प्रश्नफल मनमा लिई विचार गरे। प्रजाहरूमा बत्तीसै लक्षणले युक्त भएका कोही पनि हुँदैनन्। कदाचित् सबै लक्षणले युक्त भएको कुनै देखियो भने पनि विनाअपराधमा दुनियालाई त्यसै मार्नु हाम्रो कुलको धर्म होइन। अब सबै लक्षणले युक्त भएको एउटा मेरो छोरो र एउटा म पनि छु। हामी दुइ बाबुछोरामा एक जना बलि भई धारा खुलाउनै पऱ्यो। यसमा आफ्नो शरीर राखी छोराको शरीर बलि दिनुभन्दा छोराको शरीर थामी मेरो शरीर बलि दिनु मनासिब छ। मनमा यस्तो ठहर गरी उनले पुर्खाको धर्मकीर्तिको उद्धार गर्नालाई आफ्नो त्यस्तो अनुपम राज्यलाई,सुख दिनामा नवसागरतुल्य र सर्वलक्षणले संयुक्त भएकी आफ्नी रानी सुशीलालाई समेत कत्ति नसकी शरीरको अनित्यता विचार गरे। अनि आफ्ना छोरा मानदेवलाई बोलाएर आफूले अँटेका गुप्त कुराको भेद कत्ति पनि नखोली भने–"बाबु,आजका चारौं दिनको रात्रीमा हाम्रा बन्द भएका धारामाथि कपडाले मुख छोपी कुनै एक मनुष्य सुतिरहनेछ। त्यहाँ गएर तिमीले त्यसको मुख नहेरी काटिदिनू। त्यसपछि बन्द भएको त्यो धारा सरासर खुली पानी आउनेछ। तर यो कुरा कसैलाई पनि थाहा नदिनू।" यति छोरालाई अह्राई निर्दिष्ट दिनका रात्रीमा कपडाले मुख छोपी नचिनिने गरेर राजा विश्वदेव धारामाथि गई सुते। छोरा मानदेवले पनि बाबु सुत्न गएको कुरा केही ज्ञान नभएको हुनाले आफ्ना पिताको आज्ञा स्वीकार गरी रातका बीचमा गई कपडाले मुख ढाकी सुतेको त्यस पुरुषलाई केही विचारै नगरी एकदम खड्ग प्रहार गरेर टाउको काटिदिए। त्यस बखतमा ठूलो शब्द गरी धाराबाट पानी बग्यो। राजपुत्र अति खुशी भई खड्ग धुन जाँदा

दुवै धाराबाट रगत बगेको देखियो। त्यस बखतमा हिटी-मंगलले यस्तो पितृहत्या गर्ने अपराधीको मुख हेर्नुहुँदैन भनी फरक्क फर्केको अद्यापि दुवै धारामा छँदैछ।

कृतकार्य भएका राजपुत्रले खड्ग र हात धोई त्यस ठाउँबाट गएपछि निर्मल भई जल राम्ररी बग्न लाग्यो। राजकुमार इक्षुमती (टुकुचा)मा पुगी हेर्दा ती नदीले कीरा मात्र बगाई ल्याएको देखेर खूब आश्चर्य हुँदै राजदरवारमा प्रवेश गरे। त्यहाँदेखि कीरामात्र बगाई ल्याएको हुनाले त्यस नदीको नाम टुकुचा भन्ने रह्यो। त्यसका भोलिपल्ट शहरका टोलटोलमा राजा काटिई मरेका र बन्द भएका दुवै धाराबाट पानी आइरहेको होहल्ला चल्यो। त्यो खबर राजपुत्र मानदेवले पनि सुने र तत्काल धारामा गई हेर्दा आफ्नै पिता विश्वदेवको लाश देखे। पिताले छल गरी मलाई यस्तो अपराधी बनाउनुभएछ भन्ने मनमा विचार गरी मन भुटभुटिए पनि धैर्य धारण गरी उक्त कुरा प्रकाश गरेनन्। शास्त्रोक्त विधिले पिताको काजक्रिया पूरा गरिसके-पछि आफ्नी आमालाई राज्यशासनको अभिभारा सुम्पी आफू पितृहत्या मोचन गर्न हिंडे।

अघि धर्मका बाजे विक्रम सेनले वरप्रसाद पाई मनोरथ सिद्ध भएको स्थल यही हो, म पनि यिनै देवीको शरण पर्छु भनी श्री वज्रयोगिनीका स्थानमा गई ती देवीको भक्ति-भावनाले श्रद्धापूर्वक प्रतिदिन पूजा गर्दै देवीका मन्दिरमा बसी तपस्या गर्न लागे। केही दिनैमा प्रसन्न भएर ती देवीले राजपुत्रउपर अनुग्रह गरी आकाशवाणी भयो। 'बाबु, तिम्रो पाप मोचन गर्नालाई केही कीर्ति बनाऊ। मैले उडाइदिएको कलिजपक्षी ( ''' ) पश्चिमतर्फ जहाँ गई बस्ला, त्यही स्थलमा यन्त्राकारले सबै आवरणादि सहित गरी पंचक्रमले चौतर्फी प्रदक्षिणा गर्दा पूरा एक कोश पुग्ने यस्तो प्रमाणको बौद्धमन्दिर बनाऊ।" आकाशवाणीद्वारा यस्तो देवीको आज्ञा पाउँदा देवीको वाणीलाई स्वीकार गरी देवीले उडाइदिएको कलिजपक्षीका पछिपछि जाँदा त्यो पक्षी गई बसेको जगा उत्तम ठहराई ती राजपुत्रले बौद्धमन्दिर बनाउन प्रारम्भ गरे।

तर अफसोस, पितृहत्याबाट भएको पापका प्रभावले मन्दिर बनाउने कामका विघ्न पर्न थाल्यो। राजपुत्र बसेका जगगामा मेघ शून्य भई बाह्र वर्षसंम अनावृष्टि भयो। ईंट बनाउनसंम पनि पानी नहुँदा काम रोकियो। यसरी ठूलो दुःख पाउँदा धेरै कपडाहरू फिंजाई रात्रीमा शीत थापेर तिनै कपडा निचोरी त्यतिले जति माटो भिज्यो उति ईँट पारी बनाउन थालेका बाह्र वर्षमा बौद्धमन्दिर सिद्ध गरे। संपूर्ण देवताहरू, पीठ र देवीगणहरूसमेतले संयुक्त भएको त्यस मन्दिरमा ती देवदेवीहरूको प्रत्येकको प्रतिष्ठा गरी विधिपूर्वक पूजा गराए।

त्यसपछि ती राजपुत्रले वज्रयोगिनीदेवीका स्थानमा गई सबै हाल विस्तार गरेर देवीका शरणमा परे। अनेक प्रकारले देवीको स्तुतिसमेत गरे। फेरि परमेश्वरीबाट आकाशवाणीद्वारा आज्ञा भयो। "बाबु, तिमीदेखि म खूब सन्तुष्ट भएँ। मले जस्तो भनेथें उस्तै बौद्धमन्दिर तिमीले बनाई सिद्ध गऱ्यौ। तिम्रो पुरुषार्थ धन्य छ। अब तिम्रो सबै पाप नाश भयो। अब तिमीले गर्नुपर्ने बांकी काम के छ भने तिम्रा धर्मका बाजे विक्रम सेनलाई हामीबाट दिएका स्पर्शमणिका प्रभावले प्रशस्त धन खर्च गरी आफ्नो संवत्सर फिराउनेछन्। तिमीले पनि यस नेपालमा त्यही दिन कायम गरी प्रजाहरूलाई अऋणी गराएर विक्रम नामको संवत्सर प्रचार गर। यस्तो देवीको आज्ञा भएको हुनाले महाचक्रवर्ती महाराज वीर विक्रमादित्यबाट कलिगताब्द ३०४५ तीन हजार पैंतालीसमा विक्रम संवत् १ कायम गरी संवत् फिराएको हुनाले यी राजा मानदेवले पनि सबैका ऋण तिरी त्यही दिन विक्रम संवत् फिराई प्रचार गरे। सबै प्रजाको ऋण तिर्दा फट्टा गरेका कागजहरू ठूलो कांटामा तौलंदा कागजको बराबर ओजनमा चढेको गोल परेको ढुंगो देवपाटनमा श्री पशुपतिनाथका मन्दिरमा जाने पश्चिमतर्फको मूलसडकमा आजतक छँदैछ। त्यसलाई सीताको मटेंग्रो वा भीमसेनको गुच्चा पनि भन्दछन्।

श्री वज्रयोगिनीदेवीको यी राजाले ठूलो भक्तिभावनाले श्रद्धापूर्वक सधैं सेवा टहल गर्ने गरेका हुनाले एक दिन खूब खुशी भई ती देवीले प्रत्यक्ष दर्शन दिई आज्ञा गरिन्। "महाराज, तिमीले मेरो अर्को मूर्ति बनाई त्यही मूर्ति लगेर यात्रा गरी चार दिनसंम शंखपुरमा राख। फेरि त्यहाँबाट मेरो यात्रा फिर्ता गराई ल्याएर त्यो मूर्ति अर्को स्थानमा राख। अब उप्रान्त प्रतिवर्ष यही रीतले मेरो यात्रा चलाउने

गर।" यति आज्ञा गरी देवी अन्तर्धान भइन्। राजा पनि आफ्ना दरबारमा फर्के।

त्यसपछि असल मूर्तिहरू तयार गर्नामा पोख्त शिल्प-विद्याका निपुण कालिगडहरूलाई बोलाई खूब राम्रा तवरले ती देवीको सुरम्य मूर्ति बनाई खूब जान्ने पण्डितहरूलाई बोलाएर तिनीहरूबाट त्यस मूर्तिमा प्राणप्रतिष्ठा गर्न लगाए। खूब युक्तिपूर्वक प्राचीन पद्धतिका क्रमअनुसार १२ वर्षसम्म प्राणप्रतिष्ठा गर्दा पनि ती देवीको त्यस मूर्तिमा प्राणन्यास भएको केही चिन्ह पनि आएन। अनि राजा बहुत दिक्क भई भक्तिभावनापूर्वक खूब राम्ररी पूजा र स्तुतिसमेत गरी देवीलाई पुकारे। देवी खूब खुशी भई प्रत्यक्ष दर्शन दिइन्। "महाराज, तिमी पुराना रीतले क्रिया नगराऊ, नयाँ पद्धतिअनुसार युक्तिपूर्वक क्रिया गर, चाँडै कार्यसिद्धि हुनेछ।" देवीबाट कार्तिक शुदि १३ का दिन यस्तो आज्ञा गरी अन्तर्धान भइन्। ती राजाले पनि देवीका आज्ञाबमोजिम नयाँ पद्धतिका रीतले जीवन्यास गरी प्राण-प्रतिष्ठा गराउँदा एकै दिनमा त्यस देवीका नयाँ मूर्तिका नाकबाट श्वास चल्यो। अब राजा खुब खुशी भई प्रतिवर्ष सोहीअनुसार देवीको यात्रा चलाएर चार दिन शंखपुरमा राखी फेरि फिर्ता गराएर ठाउँठाउँमा देवीलाई राज गराउने स्थानहरू पनि राम्ररी बनाई देवीको संमान गरे। प्रतिवर्ष यो यात्रा चलाउनालाई देवीप्रीति गरी धेरै गुठीहरू पनि राखे। प्राचीनकालका देवालयहरू भत्की बिग्री गएका जति थिए सबैलाई राम्ररी बनाई तिनको जीर्णोद्धार गरे। यी राजाले मंजुश्री (सरस्वती)को स्थान भएको वनदेखि पूर्वभागका कुनै एक सानो पर्वतमा ठूलो चैत्य बनाई स्वयंभू भगवान्‌लाई त्यहीं राम्रो तरहसंग प्रतिष्ठा गरी पूजासमेत चलाए। अघि यी राजा मानदेवले बज्रयोगिनी देवीका आज्ञाबमोजिम १२ वर्ष लगाई खासाचैत्य नाउँ गरेको बुद्धमन्दिर तयार गर्दा आफैंले बुद्धदेवको एक स्तुति बनाई स्तुति गरेथे।

नमो रत्नत्रयाय । नमो बुद्धाय
प्रणम्य नाथं चरणारविन्दं त्वं बुद्धशरणं कृतं मनसनाय ।
असंख्यपुष्पैजिनअर्चनाय त्वं धर्मस्वामी जिनपादपद्मम् ।
धर्मार्थकीर्तिरभिलासचित्तं वन्दी प्रणाली विपरीतकार्यम् ।
विदेवराय न शुभं निरस्तं त्वं धर्मस्वामी जिनपादपद्मम् ।
आयतनाय प्रतिकारवेहं कीर्तिविद्या तं खलु हेतुदुष्टम् ।
पिता मनोज्ञं परिपूर्णदेहं त्वं धर्मस्वामी जिनपादपद्मम् ।

हे नाथ, हजुर बुद्धिमार्गीहरूको रक्षा गर्नुहुन्छ। प्रभु, स्मृति र नीतिका धर्म छाडी जल खुलाउन यस्तो पितृहत्या गर्ने म मानदेवलाई रक्षा गर्नुहोस्। यही कामनाले धर्मचैत्य स्थापना गरी त्यसको खासाचैत्य नामले प्रख्यात गरे। धेरै स्थानमा अरू धेरै कीर्ति राखी आफ्ना दरबारका समीपमा पनि मानविहार नाउँ गरेको आफ्ना कुलदेवता इष्टदेवता-हरूको राम्रो विहारभवन बनाएर त्यहाँ ती देवीलाई स्थापना गरी मानेश्वरी नामले प्रख्यात गरे। ती देवीको स्तोत्र बनाई स्तुति पनि गरे।

ओं नमश्चण्डिकायै ।
नाडीत्रितयरूपां च त्रिकालभेदभाविनीम् ।
ब्रह्मविष्णुशिवासीनां वन्दे मानेश्वरीं पराम् ।
नादबिन्दुकलातीतां मुण्डमालां तपस्विनीम् ।
शिवेन निर्मितां देवीं वन्दे मानेश्वरीं पराम् ।
ज्ञानातीतां ध्यानातीतां जयन्तीं तालुकेश्वरीम् ।
ज्ञानरत्नगुणोपेतां वन्दे मानेश्वरीं पराम् ।
षट्चक्रमण्डलाधारां पीनोन्नतपयोधराम् ।
विन्दुतेजःप्रभाकाशां वन्दे मानेश्वरीं पराम् ।
पीतान्तनेत्रां द्युतिहेमगौरीं ब्रह्मेन्द्रविष्णुप्रतिचिन्त्यरूपाम् ।
मोहान्धघोरे परमात्मदीपां मानेश्वरीं नौमि महात्मिकां त्वाम् ।
जपारुणां भानुवर्णां सुरूपां सिन्दूरवस्त्रां श्वेतपद्मानुयुक्ताम् ।
भक्तानुरागां वरदां सुप्रसन्नां मानेश्वरीं नौमि त्रिलोकपूज्याम् ।
शंखांशुशुक्लां श्वेतपद्मानुयुक्तां कुन्देन्दुधवलां शशिचारु-चूडाम् ।
शुक्लप्रकाशां जननीं सुपुष्पां मानेश्वरीं नौमि सुवागधीशीम् ।
गीतापीताभ्यां गतबुद्धिभूता विभूषिता सा च विवर्धमाना ।
पूर्वापराणां परमप्रतिष्ठा संसारसारा श्री मानेश्वरि त्वम् ।
पूर्वैः पापैर्वृतं च प्रतिदिवसशतं दुःखभाराभिभूतं
दारिद्र्यं निन्द्यभाजं बहुलरिपुगणैः पीडितं रक्ष मां त्वम् ।
त्वं माता पादपूजां क्षणमपि शततं नीयतां धैर्यचित्तं
चार्चाविद्याप्रदानं तदहमतिशिशुः क्षम्यतां सिद्धिदेवि ।

यस्ता तरहले ती मानदेव राजाले आफ्ना राजकुलमा विराजमान भएकी मानेश्वरी नामक परमेश्वरीको खूब

भक्तिभावनाले शास्त्रोक्तानुसार स्तोत्र बनाई स्तुति गरे। ती देवीको सुवर्णको प्रतिमामा प्रतिष्ठा पनि गरे। पहिलेदेखि गरेका पापका प्रभावले अभागी र अपकीर्तिवाला भई जन्मेर दुःखको भारले आकुल भएको तथा दरिद्रता र शत्रुहरूले पीडित भएको मलाई रक्षा गर्नुहोस्। हजुरका चरणकलमको पूजा र स्मरण कहिले पनि नबिर्सियोस्। सधैं हजुरका चरणकमलमा दृढभक्ति रहोस्। मेरा पुत्र र प्रजाहरू जसले हजुरलाई मनले संझी यस स्तोत्रको पाठ गर्दा त्यसलाई मान र ऐश्वर्यहरू दिई रक्षा गर्नुहोस्। यस्तो किसिमको स्तुति पनि गरे।

यी राजाले यसरी शैवमार्ग र बौद्धमार्ग दुबैमा मान राखी दुबै मार्गका रोहले बौद्धदेवको र आफ्ना इष्टदेवताको समेत स्तोत्रहरू बनाएर प्रतिवर्ष मानेश्वरी देवाली कर्म गर्ने गरे। श्री पशुपतिनाथलाई र श्री स्वयंभूलाई समेत असल छत्र बनाई चढाए। फेरि कल्पवृक्ष जस्ता (खर्च गर्दा कहिले पनि नसकिने) रत्न र सुवर्णहरू धेरै ब्राह्मणलाई दान पनि दिए। असल असल मीठा मीठा भक्ष्य पदार्थहरूले आफ्ना विशालनगरवासी दुनियाँहरू सबैलाई यथेच्छ भोजन पनि गराए। जमीन नापी गर्ने मानदण्ड (जंजीर) पनि नियमानुसार बनाई व्यवहारमा चलाए। राज्यमा बखत बखतमा विघ्न पर्न आउँदा पौषी पौर्णमासीका दिन होलीयात्रा चलाई विघ्न शान्ति गराए। फेरि राजश्मशानमा कुनै धातुको यन्त्र बनाएर गाडी त्यहीं मृतकहरूको दाहसंस्कारकर्म गर्ने रीत चलाए। यी राजाले यस्तो राम्रो तरहसंग परमेश्वरीको उपासना र शास्त्रानुसार धर्मव्रतहरूसमेत गरी प्राचीन र आफूले स्थापना गरेका सबै देव–देवताहरूको वार्षिक यात्राहरूसमेत चलाए। यसरी धर्म र नीतिशास्त्रानुसार ४९ बर्षसंम राज्यशासन गरी आखिर कलिगताब्दं***मा शुभवासनासहित देहत्याग गरे।

यिनका पुत्र महीदेवले वर्ष ५१ राज्यभोग गरे। यस नेपालभूमिमा परापूर्वकालदेखि प्रख्यात भई धेरै कालसंम स्थिर भइरहेको ठूलो मुख्य शहर विशालनगर थियो। पछि नेपाल तलाउ बन्दा त्यो शहर डुब्यो। धेरै कालपछि त्यस ठाउँमा चन्द्रपुर नाउँको शहर बन्यो। त्यस शहरमा अघि जस्तै धेरै बस्ती बसी शंखमूलदेखि बूढानीलकण्ठसंम मजबूत शहर हुँदा फेरि विशालनगर नाउँले प्रख्यात भयो। आखिर त्यो शहर फेरि उजाड़ी जंगल हुँदा रुद्रमती नदीले पनि त्यही विशालनगरतर्फ मुख गरी बगेर बूढानीलकण्ठसमीपमा पहिरो समेत लगाई ईशानेश्वर, ज्ञानेश्वर आदि अनेक तीर्थशालाहरूका समीपको बाटो गरी बहिन्। यसरी विशालनगर उजार भई बनेको ठूलो भयंकर जंगलमा शिकार खेल्न जाँदा यी राजाले एक दिन एउटा पोखरी पाए। त्यस पोखरीका निर्मल जलका बीचका सुवर्ण जस्तो लावण्यकान्तिले संयुक्त भएको श्री जलशयन भगवान्को अपूर्व मूर्तिको दर्शन पाए। त्यही पोखरीका एक नालमा (डाँठमा) धेरै कमल फुलेको देखी एक भारी कमलका फूल टिपेर बाह्र कमल तिनै भगवान्लाई चढाए। बांकी कमल ल्याई श्री पशुपतिनाथ, श्री चांगुनारायण, श्री चयजुनारायण श्री नृसिहनारायण, श्री इचंगुनारायण र श्री बूढानीलकण्ठ आदि देवताहरूका स्थानहरूमा ती महीदेव राजाले आफैं गई सबै देवताहरूलाई यथाभाग कमलफूलहरू चढाएर ठूलो भक्तिभावनाले पूजा र प्रदक्षिणासमेत गरे। यसरी श्रद्धापूर्वक कमलफूल चढाएको हुनाले ती देवताहरूले पनि खूब खुशी भई असल पुत्रको वरदान दिए।

यी राजाका पुत्र वसन्तदेवले वर्ष ४६ राज्यभोग गरे। यिनले १५ वर्षका उमेरमा राजगद्दीमा बसी शासन गर्दा कलिगताब्द थियो।

**दशवर्षसहस्राणि विष्णुस्तिष्ठति भूतले।**
**तदर्धं जाह्नवीतोयं तदर्धं ग्रामदेवता:।**

पुराणमा यस्तो लेखिएको छ तापनि यो नेपालदेश देवपुरी हुनाले यी राजाका शासनकालसंम दुनियांहरूले दर्शन र भाषण गर्दै थिए। यसपछि दुनियांहरूमा कसैकसैले मात्र दर्शन पाउने हुनाले देवताहरूको दर्शन दुर्लभ भयो। यी राजा गानविद्यामा निपुण हुनाले यिनले देवताहरूका आराधनाविषयको राग नित्य गाउँदा पशुपंक्षीहरूसमेत त्यसै चित्रगत भई हरबखत झुलिरहन्थे। ती राजाको गानविद्याको प्रचार देशविदेशमा समेत भयो। एक रमजान बाहुरी भन्ने मुसलमान रागीले हस्तिनापुरदेखि आई राजा वसन्तदेवको दर्शन गऱ्यो। राजाले आउनाको कारण सोधेपछि ती मुसलमान रागीले आउनाको कारण बताए। "म हस्तिनापुरमा बस्ने रमजान बाहुरी नामक रागी हुँ।

दीपक राग गाउनामा हजुर अतिनिपुण होइबक्सिन्छ भन्ने सुनी त्यही राग सुन्ने इच्छा लाग्दा हाजिर भएको हुँ" भनी विन्ति गरे। राजाले आजका चार दिनमा सुनाउँला भनी खानाखर्चसमेत दिएर बस्ने घरको बन्दोबस्तसमेत मिलाई त्यस रागीलाई राखे।

एक दिन राजा रमजान बाहुरीलाई साथमा लिई त्रिशूलगण्डकीमा पुगे। गण्डकीका बीचको एक ढुंगामा बसी सृष्टि, स्थिति र प्रलयसमेत पुऱ्याई खूब मधुर स्वरले दीपकरागको उठान गर्दा सृष्टिका पूर्वरूपमा नदीका किनारामा आगो लागी क्रमैसंग जल्दै बढ्दै आयो। स्थितिका बखतमा गण्डकीको जलसमेत जलेर आयो। आखिर संहारका बखतमा त्यो सबै आगाको तेज क्रमैले घट्दै गई राग पनि समाप्त भयो, अनि आगो पनि निभ्यो। त्यसपछि गवैया रमजान बाहुरीले पनि दीपकराग गाउँदा राजालाई बहुत नर्मी भएको हुनाले मेघमल्लार राग उठाई पानी बर्साएर राजाको गर्मी छुटाए। त्यस्तो रागबाट राजा खूब खुशी भई तिमी के माग्छौ भनी हुकुम हुँदा "यस्तो सृष्टि, स्थिति र संहार संयुक्त गरी कसैले गाएको कुनै राग पनि आजसंम मैले सुनेको थिइन। आज हजुरका मुखारविन्दबाट यस्तो अपूर्व राग सुन्न पाउँदा मेरो दिल खूब आनन्दित भयो। मेरो जिन्दगी पनि सफल भयो। यसैले कृतार्थ छु। बिदा पाऊँ" भनी बक्साई ती मुसलमान रागी पनि आफ्नो देशतर्फ फर्के। यी राजाको नाउँ अघि नरेशदेव थियो, रागमा निपुण हुँदा पछि वसन्तदेव नाउँ रह्यो। यी राजा आखिरमा श्लेष्मान्तक वनमा गई श्री पशुपतिनाथका दरवाजामा बसेर राग छोडी श्री शिवजीकै लीला गाएर वैशाखभर आराधना गर्दै त्यहीं रहे। जेठ लागेपछि त्यहीं लोप भए। यस्तो खबर सुनी यी राजालाई सबै प्रजाहरूले अनेक प्रकारले खोजे तापनि कहीं पाउन सकेनन्।

यिनका पुत्र उदयजयदेवले वर्ष ४७ भोग गरे। यी राजाका पालामा बौद्धमतको खूब प्रचार हुँदै गएको हुनाले अघि देवप्रतिष्ठा, देवपूजा, विवाह, श्राद्ध आदि कर्महरू ग्वाला र बाँडाहरूको समेत प्रोहित भई बाँडाहरूलेनै गराउँथे। यी राजाका पालादेखि ब्राह्मणहरूबाट कर्म गराउनू भन्ने आज्ञा जारी भयो। कन्याहरूको विवाहकर्ममा ब्राह्मणहरूले कर्म गराउँदा बेललाई साक्षी राखी सुवर्णकुमारलाई कन्यादान गराउने गरे। अघि बाँडा प्रोहितले कार्य गराउँदा कन्याको शरीर वेलमा एकभाव गरी मिलाउँदा पहिले पहिले पाँच कन्याको एक बार एक वेलमा कर्म गर्ने गरे। पछि हुंदाहुंदै बीसचालीस कन्याको पनि एकै बार एकै वेलमा गराउने रीत पनि चलाए। प्रोहित भई श्राद्ध दशकर्म पनि गराउने गरेका हुनाले ब्राह्मणहरूबाट कार्य गराउँदा पनि साबिक प्रोहितले गरेबमोजिम कन्याहरूको विवाहसंस्कार र अरू दशकर्म तथा श्राद्धहरूमा समेत बौद्धमतानुसार विधि गर्ने गरे। शिवमतले कार्य गर्दा कति फरक छ भने बौद्धमतमा शिवमतभन्दा बिलकुल फरक छ। जस्तो शिवमतमा शिवपूजाविषयमा शंख निषिद्ध छ। यिनीहरूका मतमा शंख नभई हुँदैन। यसकारण कार्यहरू गराउँदा शंख पनि नभई नहुने र घण्ट पनि बजाउने यस्तो विलोमक्रमले कर्म गरी यी राजाका पालामा शिवमतको न्यूनता भई बौद्धमतको खूब चल्ती बढ्दै गयो।

यिनका छोरा मनुदेवले वर्ष १३ राज्य भोग गरे। यी राजाका पालामा राजाको धेरै अपयश र पापको ज्यादा वृद्धि हुँदा अनावृष्टि भई धेरै कालसंम अनिकाल भएको हुनाले अन्न पैसाको एक पाथी भयो, ओहो! ज्यादै महँगो भयो भनी दुनियाँहरूमा हल्ला फिंजियो। राजाले पनि नीति छोड्दै ल्याए।

यी राजाका छोरा गुणकामदेवले वर्ष ५० भोग गरे। यी राजाले राज्य गर्दा यौवनावस्थामा असल असल सुन्दरी स्त्रीहरूसंग सदासर्वदा प्रसंग गरी तिनीहरूका रसमा भुलिरहन्थे। राज्यशासनको सबै भार मन्त्रीलाई सुंपी मन्त्रीबाटै राज्यशासन चलाउँथे। मन्त्रीले गरेका कामको मुनासिब र बेमुनासिब पनि राजाले विचार नगरिदिने भएका हुनाले नीतिशास्त्रानुसार राज्यशासनको र दुनियाँका व्यवहारको साँचो झूटोको निर्णय तथा राजाबाट लिनुपर्ने कर र दण्डहरूको समेत केही स्थिति रहेन। कहाँबाट धन आउँछ त्यही विषयमा मात्र दृष्टि दिंदा जथाभावी हुन लाग्यो। अकीर्ति र अन्याय खूब बढेको हुनाले नाना विघ्न र उपद्रव हुँदा दुर्भिक्षसमेत प्रतिदिन बढ्दै गयो।

प्रजाहरूले यसरी दुःख पाएको कुरा बल्ल राजाले थाहा पाए। अहो! अनर्थ पो भएछ। आफूले पालनपोषण

गर्नुपर्ने प्रजाहरूले यसरी दु:ख पाउँदा पनि मैले केही विवेक गरिन । त्यसै यी सुन्दरीहरूका रसक्रीडामा भुलिरही सुखसयल मात्र गरे । राजाबाट विवेक नहुँदा दुनियाँले दु:ख पाए भनी जान्ने पुरुषहरूले अपयश लगाए । मेरो प्रभुता पनि व्यर्थ भयो । यसकारण मेरो जन्म भई यी राज्य रहनु पनि धिक्कार छ । यसप्रकार आफूले आफैंलाई धिक्कार दिई अब कसका शरणमा पर्नाले यस अघोर अनावृष्टिको नाश भएर प्रजाहरूले फेरि सुख पाउलान् भन्ने विचार गरे । अनि आफू बुद्धाचारी हुनाले स्वयंभू भगवान्का स्थानतिर लागे । त्यहाँ एक सामर्थ्यवान् भिक्षु रहेका हुनाले उनैका शरणमा परी अनावृष्टि हुँदा प्रजाहरूले सार्है दु:ख पाएको सबै वृतान्त विस्तार गरे । अब त्यस विषयमा जो गर्नुपर्ने उपाय यहाँबाटै होओस् र मेरो जन्म सफल होओस् भनी भिक्षुका शरणमा परे ।

भिक्षु थिए सामर्थ्यवान्, त्यसैले खूब विचार गरी भने । यसमा गुरुले उपदेश गरेबमोजिम देह शून्य गरी धरा, वरुण, अग्नि, वायु र समर (आकाश) देवताहरूलाई मानेर राज्यमा सुवृष्टि गराउनालाई नागहरूको आकर्षण गर्नुपर्छ । म साधक भई काम गर्छु, तपाईंले उत्तरसाधक भई काम गर्नू भनी राजासंग संमत गरे । ती शान्तश्री भिक्षुले विधिपूर्वक नागहरूको आह्वान गर्दा अरू सबै नागहरू यथाक्रमले आई आ–आफ्ना आसनमा बसे । तर एउटा कर्कोटक नाग मात्र आफू विरूप हुनाले लाज मानी आएनन् । त्यसै बखतमा यथाक्रमले सब उपदेश सुनाइसकी मन्त्रले संयुक्त गरी एक दूर्वा र कुन्दपुष्प राजालाई दिए । राजाले पनि दूर्वा र कुन्दपुष्प लिई श्यामकर्ण घोडामा चढेर नागदहमा पुगी गुरुका उपदेशअनुसार त्यो फूल दहमा फ्यांके । त्यसका प्रभावले बाटो देखियो र कर्कोटक नाग बसेको स्थानमा गई निमन्त्रणा गरे । आचार्य शान्तश्रीले बताएबमोजिम सब कुरा विस्तार गरी पाल्नुहोओस् भनी विन्ति पनि गरे । ती नागले भने केही पनि उत्तर दिन सकेनन् । अनि राजाले आचार्यका मन्त्रबलद्वारा कर्कोटक नागका केशलतिका समाती ठाउँठाउँमा लतार्दै बसेका स्थलबाट स्वयंभू कार्यशालामा पुन्याएर नागहरूका श्रेणीको एक आसनमा राखे । सबै नागहरूको श्रद्धाभक्तिपूर्वक आह्वान, पूजा, क्षमापन र स्तुतिसमेत गरे । अब यो महादुर्भिक्ष नाश होओस्, असल वृष्टि भई दुनियाँलाई आनन्द होओस् भनी बिन्ति गरेर पट्टवस्त्रका पुस्तकमा ती नागहरूको रम्य रम्य मूर्ति र पछिका समयमा पनि वृष्टि भएन भने यही प्रतिमा खोली बाचा पढेपछि वृष्टि होओस् भनी बाचा लेखाई नागहरूलाई सत्यवाचासमेत गराइदिए । अनि पृथ्वीतलमा नागपुरलाई गुप्त गरी प्रतिष्ठा गरेर नागहरू सबैलाई विसर्जन गरिदिए । त्यति भएपछि नागहरू पनि स्वस्वस्थानमा गए ।

त्यसपछि राजा गुणकामदेवले आचार्य शान्तश्रीलाई पूजासंमान गरी बिदा भएर आफ्नो राज्यमा फर्के । ती भिक्षुका प्रभावले आफ्नो राज्यभरमा खूब सुभिक्ष भएको हुँदा सबै प्रजालाई पुत्रसमान ठानी धर्मनीतिअनुसार पालना गरी आनन्दपूर्वक राज्य भोग गरिरहेका थिए ।

आखिर राजा वृद्धावस्थामा प्राप्त हुँदा अब मेरो मरणकाल आइपुग्यो, पुत्रलाई राज्य दिएर तपोवनमा गई तपस्या गर्नुपऱ्यो भन्ने मनमा विचार गरी आफ्ना पुत्र नरेन्द्रदेवलाई बोलाएर राज्याभिषेक दिए । आफ्ना गुरु शान्तश्री भिक्षुले दिएका उपदेशबमोजिम राज्यशासन गर्ने र अन्त्यकालमा आफ्नो उद्धार गर्ने विषयमा समेत राम्ररी बोध गराए । अनि तपोवनमा गएर स्वयंभू भगवान्को खूब भक्तिभावनाले ध्यान गरी आखिर देहत्याग गरेर परमपदमा प्राप्त भए ।

राजा नरेन्द्रदेवको राज्यभोग वर्ष ३४ । यी राजाले अघि आफ्ना बाबाले दिएका उपदेशबमोजिम नीति र धर्मशास्त्रअनुसार प्रजाहरूको प्रतिपालना गरी राज्य गरिरहेका थिए ।

यिनै राजाका समयमा शान्तिकर नामक आचार्यले मन्त्रसिद्धिको बल पाई धेरै वर्षसम्म बुद्धमार्गको खूब उन्नति बढाई स्वयंभू भगवान्को सेवाद्वारा सिद्ध भएका थिए । केही कालपछि शान्तिपुरभित्र प्रवेश गरी ध्यानागार (ध्यान गर्ने मन्दिर)मा बसी भक्तिपूर्वक भगवान्को ध्यान गर्दै आखिर ती शान्तिकर भिक्षु त्यही शान्तिपुरमा गुप्त भए । यी नरेन्द्रदेवले राज्य गर्दा पहिले बौद्धमतमा बहुत डुबेका हुनाले बौद्धमार्गीहरूको वचनमा लागी ज्योति:स्वरूप श्री पशुपतिनाथको पनि याद गरेनन् । पछि यी ज्योति:स्वरूप

परमेश्वर हुन् भन्ने थाहा पाई अनेक रत्नजडित अतिसुन्दर कोष बनाई चढाए । जयवागीश्वरीमा पनि पुरीसहित तीन प्रकारको कोष १, प्रणालि १ र देवपट्टनपुरी १ समेत बनाई चढाए । अघि जयवागीश्वरीको नित्यार्चन छुटेको हुनाले यिनले ती देवीको नित्यार्चन गर्नू भन्ने आज्ञा गरी पूजक राखेर नित्यार्चन चलाए । यिनैका पालामा विशालनगरीवासी मनुष्यहरूमा उपल्लापट्टिका र तल्लापट्टिका जनताहरूमा मौलाको कारणमा आफसमा ठूलो विरोध पर्न जाँदा झगडा मच्चिँदै कोपदेवता प्रकट भइन् । परस्पर बिगारको आकांक्षा भएका वेलामा दैवसंयोगले अग्निप्रवेश भई माथिल्लो टोल बेमाख भयो । माथिल्लो टोलेहरूले आगलागी भएको विलकुल तल्ला टोलेको पेचले हो भन्ने ठानी माथिल्ला टोलेहरू सबै हूल उठी तल्लापट्टिका सबै घरहरू भत्काइदिए । केही भाग आगलागीमा परी र केही भाग रीसले भत्काइदिदा तमाम विशालनगरी बिग्रन गयो । त्यस ठाउँमा फेरि घर बनाउन असंभार हुँदा कसैले बनाउन सकेनन् र धेरैले छुट्टाछुट्टै गाउँ बनाई बसे ।

यिनै ताक एउटा चोरले ज्ञानेश्वरभित्र स्पर्शमणि छ भन्ने थाहा पाई राती त्यहाँ गएर शिवलिंगलाई बन्चराले हानी फोर्दाफोर्दैमा स्पर्शमणि उडेर अन्यत्र गयो । चोरले पाउन सकेन, शिवलिंग फोर्नु पापकर्म मात्र भयो । त्यसपछि त्यो स्पर्शमणि उडी प्रभावतीमा बग्न गएको छ भन्ने कुनै एक क्षत्रियले थाहा पाई एउटा धातुले छुवाउँदै खोज्दा धातुको टुक्रा स्पर्शमणिका स्पर्शका प्रभावले असल सुवर्ण भयो, तर स्पर्शमणि भने अनेक मिहिनेत गरी खोज्दा पनि पाउन सकेन । यसरी विशालनगरी उजिएपछि त्यहाँका नगरवासी सबै दुनियाँहरूले बेग्लाबेग्लै गाउँ बनाई बसेका साना धेरै गाउँ मात्र भए, ठूला शहर कहीं पनि भएनन् ।

अनि राजा नरेन्द्रदेवले देवपट्टनमा गई ज्योतिःस्वरूप श्री पशुपतिनाथलाई माने । त्यहीं शहर बनाउन आरम्भ गरी शहर बसाएर बानेश्वरका समीपमा अघिको राजगृहमा प्रवेश गरे । त्यहाँ आफ्नो दरवार राम्रा तरहले बनाई शहर पनि यथाक्रमले बढाएर प्रजाहरूलाई पनि बसाए । यी राजाले मुलुक बढाउने नियतले नुवाकोटपश्चिम कांगडागढीसंमका राजाहरूलाई जिती दिग्विजय गर्दै ठाउँ ठाउँका राज्यबाट असंख्य धनदौलत लुटी ल्याए । पहाडका राजारजौटाहरूलाई समेत अंठ्याई उनीहरूको असंख्य फौजलाई त्यो धनदौलत बोकाएर नुवाकोटसंम ल्याइपुऱ्याए । राजारजौटा र उनीहरूको फौजलाई समेत नुवाकोटबाटै फर्काइदिए, राजधानी नेपालमा पस्न दिएनन् । अनि आफ्ना फौज झिकाई धनदौलत बोकाएर शहरमा पुऱ्याए । त्यो धन कुत्सित ठानेर कुअन्न भक्षण गरे अनिकाल प्रवेश होला भनी राजारजौटाहरूबाट कहीं लुटी कहीं नजरानाको रूपमा ल्याएको असंख्य धनदौलत सबै श्री पशुपतिनाथलाई अर्पण गरे, आफूले भने चलन गरेनन् । यसरी पश्चिम दिशामा कांगडासंम दिग्विजय गरी निष्कण्टक राज्यशासन गरेर आखिर आफ्नो शरीर वाग्मतीमा त्याग गरी उद्धार भए ।

यिनका पुत्र भीमदेवले १६ वर्ष राज्य गरे । त्यसपछि कलिगताब्द ३३४६ मा यी सूर्यवंशी राजालाई गोपाल वैश्य गुप्त वंशका एक राजा विष्णु गुप्त आई लडाईमा जिते । त्यसपछि यस नेपालभूमिमा विष्णु गुप्तले राज्य गरे ।

राजा विष्णु गुप्तले वर्ष ४७ राज्य गरे । यिनले दोलागिरिमा र इचंगुनारायणमा खूब रमणीय देवालय बनाई नारायणलाई अर्पण गरे । चांगुनारायणको छाना छाइदिए । चांगुनारायणमा एक ग्राम पनि बनाई रैयतहरूलाई बसाए । त्यहाँ बस्न आउने सबै दुनियाँहरूलाई खेती गर्ने खेत पनि दिए । यिनले परचक्र विजय गर्ने कामनाले गरुडनारायणलाई भक्तिभावनाले मानी चांगुनारायण भनी प्रख्यात गरे । इचंगुनारायणलाई पनि वृष्टिका कामनाले त्यसै गरी मानी इचंगु भन्ने नाम राखिदिए । सुवर्णका कामनाले अग्निका आकारमाथि नारायणलाई स्थापना गरी चयजुनारायण भनी प्रख्यात गरिदिए । सन्तानका कामनाले नृसिंहनारायणका सन्निधानमा (फर्पिङमा) विष्णुमूर्ति बनाई स्थापना गरे । यस्ता रीतले ती राजाले चारै नारायणलाई स्थापना गरी देवालयसमेत बनाएर खूब श्रद्धासंग बढिया सामग्रीले नित्यपूजा चलाए । यसरी धर्म र नीतिअनुसार आफ्ना देशवासी प्रजाहरूको प्रतिपालना गरी वर्ष ४७ संम निष्कण्टक राज्यभोग गर्दै मुक्त भए ।

यिनका पुत्र विश्व गुप्तले वर्ष ५१ संम राज्यभोग गरे । यिनले वाग्मती नदीका पूर्वतिर विष्णुको वृहच्छिलामय

एक मूर्ति बनाई शास्त्रका प्रमाणले स्थापना गरे। उनका दायाँ र बायाँ लवहरि र कुशहरिको रम्य मूर्ति बनाई स्थापना गरे। शतरुद्र पर्वतमा आदिजलशयन नारायणको अनादिमूर्तिलाई अघि बौद्धमार्गी राजाहरूले अनादर गरी राखेकामा केही कालपछि शतरुद्र पर्वतको ढिस्को खसी पुरिंदा त्यहाँ बगैंचासमेत बनाई ती विष्णुको बहुत अपमान गरेका थिए। धर्मदेव राजाका पालामा पहिरो पन्साई मूर्तिको प्रकाश गराएर पूजाआजा चलाएका थिए। केही कालपछि फेरि पहिरो आई पुरेको थियो। पहिरो पन्साई कसैले प्रकाश नगरेका हुनाले ती नारायण पनि गुप्त भइ-रहेका थिए। त्यस स्थानमा अघिदेखि खेती गरी फलफूल र अन्नहरूसमेत लगाउने गर्दा अरू जगामा भन्दा त्यहाँ राम्रो र बढी उब्जा हुने देख्दा यी राजाले त्यस ठाउँमा के रहेछ भन्ने विचार गरी पहिरो पन्साई हेर्दा विष्णुको आदि-जलशयन मूर्ति प्रकाश भयो। खन्दा नाकमा चोट लागेको हुनाले अद्यापि ती नारायणको नाकमा चिह्न छँदैछ।

यी गुप्त राजाहरू विष्णुभक्त हुनाले विष्णुका मूर्तिहरू-को खूब आदर गरी विष्णुमा भक्तिश्रद्धा राख्दथे। यी जलशयन नारायणको पनि खूब मान्यता गरी नारायणका अगलबगलका जग्गाहरू पनि प्रतिदिन रमणीय गराउँदै लगी अतिसुन्दर बनाए। यिनले तामाका र पाषाणका विष्णु-मूर्तिहरू बनाई भक्तिभावनापूर्वक पूजा र मान्यता गरे। एकादशीको व्रत पनि बढिया तरहले गरी त्यसै दिन विशेष पूजा गर्ने गरे। ज्ञानेश्वर, बाणेश्वर आदि स्थानमा चार जलशयन मूर्ति बनाई यथोक्त रीतले प्रतिष्ठा गराए। फेरि कीर्तिपुरमा गोठ र गाउँ बढाई आफू थानकोटमा पनि दरवार बनाएर बसे। तिष्टुङ्मा मन्दिर बनाएर उन्नतेश्वर-को स्थापना गरी चौथीदेखि अष्टमीसंम अखण्ड दीपमाला गरेर ध्वजारोहणसमेत गरे। त्यही गाउँमा नन्दिकेश्वरको मन्दिर पनि बनाए। कुंछा नामक गाउँ बढाई गोखुरेश्वरको मन्दिर बनाएर फाल्गुण शुक्ल चतुर्दशीदेखि सदावर्त चलाए। यसरी शिव र विष्णुमा भक्ति गरी राजा विश्व गुप्तले प्रतिदिन विष्णुको राम्रा उपचारले पूजा गर्दै धर्म र नीति-पूर्वक प्रजाहरूको पालना गरे। यसरी ५१ वर्ष राज्य भोग गरेपछि आखिर विष्णुको स्मरण गर्दै परलोक भए।

यिनका पुत्र भूमि गुप्तले वर्ष ४५ राज्य भोग गरे। यिनले नेपालमा गौडदेशाक्षरको प्रवर्तन गराई व्यवहार गर्दा आफ्ना मुलुकभर गौडाक्षरकै चल्ती चलाए। धरणीवराह विष्णुको मूर्ति स्थापना गरी यथोक्त विधानले पूजा गराए। केही काल बितेपछि आफ्ना पिताका पालादेखि मन्त्री भइरहेका रामशंकरलाई मन्त्रीपदवीबाट खसालिदिए। त्यस ईवीमा मन्त्रीले मिथिलापुरीमा गई त्यहाँका राजासंग भेद खोलेर उनलाई उठाई ल्याए। चारथरी श्रेष्ठ र छत्तीस जातसमेत भित्रभित्र मिलाई ती मिथिलाका राजा शिवदेवबाट लडाइँ गराए। यस लडाइँमा १९०० ग्वाला र १७५ बाँडा परे। भूमि गुप्त मारिए, शिवदेवको विजय भयो। यी ३ गोपाल राजाको भोग वर्ष १४३। अघिदेखि-को वर्ष ४१८९। गतकलि वर्ष ३४८९।

यसपछि शिवदेवको राज्यशासन चल्यो। यिनको भोग वर्ष ४१। यी शिवदेव वर्माले राज्य गर्दा अघिका राजाहरू बसी हुकुम चलाउने गरेको बाणेश्वरको दरवार छोडे। देवपत्तन शहरमा नौ तरहको टोल बनाई एक एक टोलमा एक एक गणेशको मूर्ति स्थापना गरे। त्यहीं कैलाशकूटमा नौतले राम्रो दरवार बनाई आफू त्यही दरवारमा बसे। शिवपुरीबाट एक शिला मगाई त्यसमा भैरवको मूर्ति बनाई आफ्ना दरवारका नजीकमा बनेका नौतले मन्दिरमा स्थापना गरे। आफ्नो देशरक्षाको निमित्त दुनियाँहरूले पनि पूजा गरी मान्नू भन्ने उर्दी दिए।

अघि राजा मानदेवले नेपालमा विक्रम संवत् चलाउँदा प्रजाहरूको ऋण तिरी फट्टा भएका तमसूकहरू त्यही ओजनको ढकद्वारा तौलेर त्यहीं राखेका थिए। यी राजाका पालामा त्यो अरणिशिला भैरवरूप हुनगयो र खूब खुशी भई स्थापना गरे र पूजामान्य गरे। देवपाटनका दक्षिण-भागमा ठूलो हनूमान् स्थापना गरे। देशलक्षणको क्रम साधना गरी शतरुद्र पर्वतबाट नृत्यनाथ ल्याएर श्री पशुपति-नाथका पश्चिम भागमा स्थापना गरे। यी नृत्यनाथ प्रत्यक्ष देवता हुन्। दोलखाका भीमसेनलाई आह्वान गरी श्री पशुपतिनाथका पश्चिम भागमा स्थापना गरे। देवताहरूमा चार गणेश, चार भैरव, चार नृत्यनाथ, चार महादेव, चार कुमारी, चार खण्डित बौद्ध, चार गगनचारी र चार अश्व यिनीहरूलाई चतुष्पथ भूतमूर्तिले संयुक्त गरी चतुर्मार्गको पूर्णक्रमद्वारा र देशलक्षणको क्रमसाधनाद्वारा नौवाली नाम

गरी बसाए । देवपाटनका प्रतिटोलमा आगमदेवता र शिवमूर्ति स्थापना गरे ।

छोटा बडा सबैलाई अकालमृत्युले पीडा नगरोस् भन्ने नियतले यहीं महामृत्युंजयेश्वरलाई जगाए । नव ईश्वरीलाई पनि टोलटोलमा पृथक् पृथक् स्थापना गरी पूजा र मान्यतासमेत गरे । यस्ता रीतले त्यस शहरमा यन्त्रका क्रमानुसार ढोका, इनार, धारा, नृत्यनाथ, डबली, टोल, ईश्वरी, आगम र गणेश यति नौ प्रकारले संयुक्त गरी अब यस शहरलाई गुंल नामक देश भन्नू भन्ने प्रख्यात गरिदिए । अघिअघिका राजाका पालामा यस देशलाई सुवर्णपुर महानगर भन्दथे । यी राजाले बस्ती बढाई यस देशको गुंल नाम राखेका हुनाले त्यही गुंल नाउँले यस देशलाई बोलाउने रीत चल्यो ।

अघि धर्मदत्त राजाका विजयराज्यमा देवदेवताहरूको सातो खाई युद्ध गर्दा दन्तमा अड्केको वस्तु छिक्न लागेको ध्यानले गुप्त गरी अरण्यभित्र विराजमान भएकी श्रीवनकाली देवीलाई तन्त्रोक्त ध्यानले संयुक्त गराएर प्रजाहरूबाट र आफूबाट समेत पूजा गरी वनकाली देवी भनी प्रकाश गराए । वनकालीका स्थानकै समीपमा त्रिनेत्र र ठूलो कायले संयुक्त गरी वनविनायक भनी गणेशको स्थापना गरे । यही नगरभित्र गुप्तसंग राखेको अघिको चैत्यमूर्तिलाई गुंल देशका उत्तरपट्टि सारिदिए ।

यी राजाले प्रजाहरूसंग प्रेमभावपूर्ण हेर्ने र बोल्ने गरेका हुनाले उनीहरूलाई खुशी राखी नगर बढाउँदै ठूलो गराए । प्रजाहरूको मरण हुँदा बेग्लै मृतकमार्ग बनाई त्यही मार्गबाट मृतक लगी बज्रेश्वरी देवीका पूर्वभागमा वाग्मती नदीका तीरमा आआफ्ना जातिविशेषका स्मशान बनाई जलाउने व्यवस्था गरे । बज्रेश्वरी देवी देशकी पीठ हुन् भन्ने नियतले पिशाच चतुर्दशीका दिन देवीका आज्ञानुसार सबै प्रजा जम्मा भई देवीका वाद्यहरू बजाउँदै प्रतिवर्ष रथयात्रा गर्ने गरे । त्यसपछि द्वादशीका दिन चारै वर्ण सबै जम्मा भएर देश घुमाई महिषबलि दिने, त्रयोदशीका दिन कौमारीगण भोजन गर्ने र चतुर्दशीका दिन सबै काम सिद्धयाई देश घुमाएर महादेवका स्थानपीछे रातभर अखण्डबत्तीहरू बाली यात्राकार्यक्रम कति फरक नपारेर क्रम-

संयुक्त गरी देवीको रथले देशप्रदक्षिणा गराए । नेपालका पीठमा वत्सलादेवी मूलमूर्ति हुन् । त्यसैले ब्राह्मणका संमतले वैशाख शुक्ल एकादशी उत्तराफाल्गुनी नक्षत्र वरीयान् योग बृहस्पति वारका दिन वत्सलादेवीको विधिपूर्वक नरबलिसमेत गरी पूजामान्यता गरे । शिलाको कलशाकार बनाई भित्र यन्त्रगुप्त गरेर स्थापना गरी प्रतिष्ठा गरे । यी मूलशक्ति हुन् भनी खूब भक्तिपूर्वक आफूले र प्रजाहरूद्वारा समेत पूजा गरे, गराए ।

यी राजाका विजयराज्यसंम गुह्यकाली प्रकाश भएकी थिइनन्, गुफामै विराजमान थिइन् । यिनले साम्राज्यको कामनाले भुवनेश्वरी, कंकेश्वरी देवीहरूलाई फाल्गुन कृष्ण द्वितीया हस्ता नक्षत्र वृद्धि योग आदित्य वारका दिन स्थापना गरी प्रख्यात गराए । श्री पशुपतिनाथको खूब भक्तिभावनासहित नित्य पूजा र सेवा गरी पगरी चढाए । त्यो पगरी श्री पशुपतिनाथका स्थानदेखि आफ्ना दरवार कैलाशकूटभवनसंम ल्याएर बांधी यात्रापूर्वक चार दिन राखेर विसर्जन गरे । वत्सलादेवीका पीठमा पनि विधिपूर्वक कर्मको प्रारम्भ गरे । कान्तेश्वरका देवीहरूसमेत सबै अष्टदिवसादिहरूलाई पशुपतिनाथबाट निमन्त्रणा गर्नालाई यात्रा गराई प्रेतचतुर्दशीका दिनमा कौमारीगणहरूलाई युग्म युग्म आह्वान गरी देवीका स्थानमा बसाए । अनि भुवनेश्वरी, जयवागीश्वरी, वत्सला आदि अनेक पीठका देवीहरूलाई राम्रा तरहले अर्चन गर्दै आचार्यहरूबाट अधिकारक्रमले स्थापना गरी देवीका आज्ञानुसार शास्त्रोक्त क्रमपूर्वक भावी संकष्टनाशनसमेतको नरबलि दिएर नरशिवा भन्ने कोलाहल गरी नृवाहिनी देवीको प्रमाणपूर्वक पूजा गरे । मातृकाक्रमले गणहरूलाई नरमांसले र अरू भक्ष्य पदार्थले सन्तुष्ट गरी विसर्जनका वेलामा अनेक द्रव्य,दक्षिणा, वस्त्र आदि संमानले आचार्यहरूको दिल खुश गराएर विसर्जन गरे । यो कार्य प्रतिवर्ष चलाउने पनि गरे । क्षेत्रपालेश्वरीलाई त्रिविधादि अनेक द्रव्यहरू मगाई आचार्यहरूद्वारा अर्पण गरेर भूगोलपीठलाई समेत सन्तोष गराए । यसकारण यहाँदेखि यस नेपालभूमिमा देवीहरूका पीठमा नानाद्रव्य पदार्थहरूको बलिदानविधि चल्न गयो ।

एक दिन यी राजा शिवदेवलाई स्वप्नतीर्थमा एक सिद्ध आएर नित्य स्नान गरी जान्छन् भन्ने खबर सुनाएका

हुनाले राजा आफैं हेर्न गए। भयंकर एक योगीलाई देख्दा ती योगीलाई प्रार्थनापूर्वक ल्याएर ताम्रेश्वरका समीपमा बसाए। यी योगीलाई खुशी गराई यिनैका संमतले ग्रामदेवी जयवागीश्वरीलाई शान्त गरे। त्यहाँ चित्रकारसमेत भरी संकष्टभयनाशक अनेक विधिका क्रमले जीवन्यास गर्दा गर्दै केही समय बितेपछि ती सिद्ध गुप्त भए। अनि उनले मधुश्रवा ऋषिका अंश हुँ भनी राजालाई सुनाए। देवीलाई आफ्नो बडो पुरुषार्थले प्रत्यक्ष गराई भैरव नौलिंगको पनि चंचलमूर्तिको स्थिरता गरे। आदिपूज्यलाई पनि गजकर्णक (गणेश) मूर्तिसहित गरी बसाए।

एक दिन यी राजा र योगी धुबै गई बज्रयोगिनीमा यही विधिक्रमले बहुत संकष्टसंग देवीलाई चित्रकार भरी (चित्रमा लेखी) जीवन्यास विधिसंग जगाए। यसै गरी गोदावरीसन्धिमा गई लक्ष्मीनारायण शालग्राम हुन् भन्ने निश्चयले विष्णुनारायण नाम प्रख्यात गरेर वासुदेव,संकर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार देवताले सहित गरी सर्वौषधि-पर्वत उपनाम भएको विशंकुपर्वतमा विष्णुलाई जगाएर योगी त्यहाँबाट अन्तर्धान भई तपोवनतिर गए। यसपछि यी राजाले यो चित्रकारविधि ठूलो क्रूरकर्म हुनाले प्रतिवर्ष चलाउन पछिका राजाहरूका पालामा बहुत मुश्किल पर्नेछ भन्ने ठानी बाह्र वर्ष पुगेपछि मात्र यो कर्म गर्नू भन्ने बन्दोबस्त मिलाएर चित्रपूजाको रीत चलाए। यी राजाले आफ्ना गुरुको आश्रम हो भनी ताम्रेश्वरमा धर्मशालासमेत बनाएर महादेवको नित्यपूजा चलाए।

यी शिवदेव राजा सूर्यवंशमा उत्पन्न भएका बडा पुरुषार्थी हुनाले प्रजाहरूको संमानपूर्वक सेवा गर्दथे। यिनले नेपालमा नानातन्त्रोक्तविधिक्रमको वृद्धि गरी धेरै यश कीर्ति बढाएर निष्कण्टक राज्य गरे। परन्तु आखिर अवस्थासंम पनि आफ्ना सन्तान नहुँदा सहोदर बहिनीका छोरा एक क्षत्रियलाई ल्याई धर्मपुत्र गरेर अंशुवर्मा नाम राखी उनलाई राज्याभिषेक दिएर आफू वाग्मतीघाटमा देहत्याग गरी उद्धार भए।

यी राजाका पालामा भोटदेशबाट चम्पादेव नामक कुनै बौद्धाचार्य आई नेपालका राजासंग मिली खासाचैत्य-लाई चारैतरफ विहारगर्भ गरी बनाइदिए। फुटग्राममा पनि एक खूब रम्य चैत्य बनाइदिए। कूर्मासन राखी चतुःक्रमले नारायणको नृत्यलीला बनाई नचाए।

यी राजा अंशुवर्माले वर्ष ४३ राज्य गरे। अघिअघिका राजाका समयमा वत्सलापीठ अघिदेखिको मूलपीठ हुनाले त्यहाँ प्रतिवर्ष नरबलि हुन्थ्यो। त्यो कर्म गर्न प्रतिवर्ष बडो कष्ट पर्ने भएको हुनाले यी राजाले वत्सलादेवीलाई भक्ति-भावनापूर्वक अरू धेरै रम्य भक्ष्यभोज्यादि पदार्थसमेतका पूजोपचारले पूजा र स्तुतिहरू गरी शान्त गराएर नरबलि-दानका सट्टा खूब पुष्ट रम्य शुद्ध छागयुग्मको बलिदान गरी प्रतिवर्ष कर्म चलाए। यिनले नरशिवा कोलाहल गरेको हेर्न गई हांसी ठट्टा गर्दा नरशिवा राजालाई समात्न गयो र राजाले खूब खुशी भई नरशिवालाई धेरै खेत बिर्ता दिए। अघि मानसरोवरदेखि शिलानदी तरी आई नेपालमा प्रादुर्भाव भएकी जयवागीश्वरी नामकी ग्रामदेवीलाई प्रति-वर्ष विशेष पूजोत्सव गर्नालाई पहिले नेपालमा वैशाख शुक्ल पौर्णमासीका दिन प्रकट भएकी हुनाले त्यही पूर्वागमन दिनमा देवीको उत्सव गर्न मनासिब छ भन्ने ठहराई त्यसै दिन जो चाहिने बलिदान महापूजा आदि सामग्रीहरू तयार गरे। देवी प्रसन्न होऊन् भन्नाका खातिर कौमारीगणहरूलाई समेत आह्वान गरी त्यहीं बसाए। बलिदानका निमित्त पहिले महापूजा गरी नवदुर्गासमेत आह्वान गरे। ब्राह्मण-हरूद्वारा अनेक संख्याले यज्ञादिसमेत गरी पहिले भित्र पूजा र पछि बाहिर पूजासमेत गरे। यस्ता प्रकारले देवीको बाह्याभ्यन्तर कर्म संपूर्ण सिद्ध गराएर बलिदानसमेत गरी प्रतिवर्ष यस्तै रीतले देवीको महोत्सव कर्म गर्ने रीत चलाए।

यिनले केही वर्षपछि कैलाशकूटको दरवार छोडी लगनखेलको खाण्डववन फांडेर मति नामको नगर बनाए। त्यस नगरमा बहुत सुन्दर धेरै चोकले संयुक्त खूब राम्रो दरवार बनाई त्यही दरवारमा बसेर राज्य गरे। खूब नम्रतापूर्वक आफ्ना प्रजाहरूलाई र आफ्ना काजी, सरदार आदि मन्त्रिवर्गहरूलाई पनि यहीं मेरै दरवारका समीपमा बस्नू भनेका हुनाले सोहीबमोजिम प्रजाहरू र राजकाजका अधिकारी भारदारहरूले पनि दरवारका नजीकैमा बेग्ला-बेग्लै घर बनाई आफ्ना जो भएका जाहान परिवारसमेत भई बसे।

यिनले किसिगल भन्ने अरण्य नामक जंगलमा हात्ती असंख्य छन् भन्ने खबर सुनी हात्तीको शिकार खेल्नालाई धेरै फौज साथमा लिई त्यस जंगलमा प्रवेश गरे। त्यस किसिगल भन्ने जंगलको उपाख्यान यस प्रकार छः–

द्वापरयुगमा इखापोखरी भन्ने जग्गामा विराजमान भएका इखानारायण त्यस किसिगल जंगलको चम्पकवृक्षमा शयल गरिरहेका थिए। त्यसै अवस्थामा श्री महादेवले घण्टाकर्णलाई विष्णुकहाँ पठाए। ती घण्टाकर्णले बाटामा पर्ने वाग्मती नदीमा सन्ध्या गर्न लागेका कुनै ब्राह्मणलाई देखे। यी ब्राह्मण अतिपवित्र हुनाले यिनैलाई सौगात लैजान्छु भनी ती ब्राह्मणलाई मारेर मसलाहरूसमेत बढिया तरहले हाली ताजा घ्यूमा सिंगै शरीरको पकुवा बनाई त्यही सौगात लिएर गए। श्री भगवान् बसेका ठाउँमा पुगी सौगात अगाडि राखेर लागोस् भनी विन्ति गरे। त्यस चांपको रूखमा बसेका विष्णुका शरीरदेखि चण्डेश्वरी प्रकट भई त्यस घण्टाकर्णलाई खड्गप्रहार गरी मारिदिइन्। अनि विष्णुले ती ब्राह्मणलाई जियाई वरदानसमेत दिएर पठाए।

यसरी चण्डेश्वरीदेवी त्यस जंगलमा विराजमान भएकी हुनाले त्यो वन अतिअगम थियो। त्यही वनमा यी राजा अंशुवर्मा शिकार खेल्दै जांदा अरू फौज एकातिर र आफू राजा मात्र एकातिर भए। त्यसै वेला एउटा ठूलो हात्तीले लगार्दा राजा भागी एक चांपको फेदनिरको खोंगभित्र पसी जमीनमा सुतेर पृथिवीको शरण परी घोप्टो परिरहेका थिए। हात्तीले नदेखी अर्कैतिर जांदा राजा बच्न गए। त्यो हात्ती देवहात्ती थियो। यसरी त्यहाँ रात पर्न जांदा राजा पनि त्यस वृक्षका आश्रयमा रहे। आधारातमा सबै देवीगणहरू जम्मा भई त्यहाँ आई खेल्ने गरेका हुनाले त्यही क्रीडाभूमिमा रहेका ती राजालाई देवीगणहरूले देखे। यसले केही भोग गर्ने पदार्थ लिई जाओस् भन्ने नियतले ती राजालाई अरू कसैले नदेख्ने गरी लुकाइराखे। राजाले पनि ईश्वरीगणहरूको भक्तिभावनापूर्वक नित्य सेवा गरी दुइ महीना बिताए।

उता महारानी अम्बिकादेवीले राजा जंगलमा गएको धेरै दिन भयो, किन फर्कनन् भनी आफ्ना सखी केटीहरूसमेत साथमा लिई राजालाई खोज्दै त्यही वनमा पसिन्। रानीले पनि त्यसै वेला एक आकाशवाणी सुनिन्–"महारानी, तिम्रा राजा देवीगणहरूले सहित भई तिमी भएकै ठाउँमा आउनेछन्।" यस्तो आकाशवाणी सुन्दा एक अशोकवृक्षको फेदनिर फौजहरूद्वारा एक सत्तल तयार गर्न लगाई त्यसमा आफ्ना केटीहरूसमेत भई महारानी राजालाई पर्खिरहेकी थिइन्। अनि देवीगणहरू खेल्दै आउँदा राजाले टहल गरी पछिपछि लागी आएका देखी रानीले देवीगणहरूको भक्तिपूर्वक नमस्कार गरी हात जोडी खडा रहिन्। देवीगणले खूब खुशी भई राजालाई भने–"अब तिमी यी रानीका साथ आफ्ना दरवारमा फर्क। सुखपूर्वक प्रजाहरूको शासन गरी राज्य भोग गरिरहू।"

त्यसपछि राजा र रानीले त्यस दुर्गम वनमा गई वाग्मती र विष्णुमतीको संगम भएको होंगल भन्ने ठाउँमा, श्री कान्तेश्वर विराजमान भएको पुण्यभूमि श्मशानका नजीकै, त्यहाँदेखि केही दक्षिण कर्णवीर स्मशानका समीपमा तथा त्यस जंगलका अरू ठाउँहरूमा समेत चैत्यहरू बनाई स्थापना गरे। त्यही वनमा छलिएका वेलामा एक ठाउँमा योगिस्वरूप भगवानको मूर्ति देखेका थिए। दरवारमा आएपछि त्यस जंगलमा देखेबमोजिमको मूर्ति कालिगडद्वारा बनाउन लगाई कीर्तिपुरमा सानो चैत्यसमेत बनाएर स्थापना गरे। उनकी महारानी अम्बिकादेवीले पनि त्यहीं एक रम्य सत्तल बनाइन्। राजाले त्यसदेखि उत्तरपट्टि एक सत्तल बनाई विष्णुको स्थापना गरे। त्यहीं एक ठाउँमा सानो देवल बनाई कलशाकारमा अन्नपूर्णालाई स्थापना गरे। त्यही देवलका समीपमा कनकचैत्य स्थापना गरे। यति गरिसकेपछि चण्डेश्वरीदेवीका समीपमा पनि सत्तलहरू बनाई आफ्ना दरवारमा फर्के।

यी राजा अंशुवर्मा अतिगम्भीर र खूब तेजस्वी हुनाले देशदेशमा चढाइँ गर्दै जांदा दक्षिणसमुद्रसम्मको देश दक्खल गरे। त्यसैले महासामन्त भन्ने उपाधि पाए। प्रयागमा गई भैरवलाई विधिपूर्वक आह्वान गरी ल्याएर दक्षिणबाट झिकाएका पंचगौड, पंचद्राविड ब्राह्मण, आचार्यहरूले ज्योतिःशास्त्रको खूब विचार गरी गुणशक्त ब्राह्मणका निर्णयवाक्यले निश्चय गरेका साइतमा वेदोक्त र तन्त्रोक्त विधिपूर्वक स्थापनाको पूर्वोत्सव कर्म गरी फाल्गुन शुक्ल...उत्तराभाद्र नक्षत्र ऐन्द्र योग आदित्य वारका दिन शुभ मुहूर्तमा ती

महाभैरवको स्थापना गरी प्रतिष्ठासमेत गरे। यसतरह यी राजाले बराबर मंगल उत्सवहरू गर्दै घरहरूसमेत बढाई मतिदेशको उन्नति गर्दै थिए।

एक दिन यमराजले पनि यिनको ठूलो पराक्रम देख्दा बहुत खुशी भई मेरो मूर्ति पनि प्रकाश गर भन्ने सपना दिए त्यस पुरका नजीकमा जोरी गुलखुमा ढोका बसाई बलचोनगर, पुलानगर,धामल नामका देश बनाई प्रजाहरूको बस्तीसमेत बसाले। त्यहीं धर्मराजको आनन्दस्वरूप लोकेश्वर भन्ने मूर्ति बनाई स्थापना र प्रतिष्ठा गरे। भैरवनाथका प्रसादले मीननाथ भनी चैत्र शुक्ल अष्टमी तिष्य नक्षत्र आयुष्मान् योग बृहस्पति वारका दिन बौद्धाचार्यहरूले प्रतिष्ठा गरे। यिनै भैरवनाथ खुशी होऊन् भन्नाका निमित्त मांसाहुति यज्ञ पनि प्रतिवर्ष गर्ने रीत चलाए। बालकहरूको नालच्छेदनविधि पनि नेपालमा चलाए। आफ्ना विहारका खातिर अंशुवर्मा नामक विहार बनाएर त्यहाँ प्रतिदिन राज गरी विहार गर्ने गरे। खूब असल पण्डितहरू राखी व्याकरण शास्त्रहरू पढ्ने पढाउने रीत पनि चलाए। यस्ता प्रकारसंग अनेक कीर्तिको स्थिति गरी प्रजाहरूलाई राम्रा रीतले प्रतिपालना गरी सुखपूर्वक राज्य भोग गर्दा गर्दै आखिर उत्तम गतिमा प्राप्त भए।

यिनका पुत्र कृतवर्माको भोग वर्ष १८। यिनले वत्सला आदि देवताहरूको खूब मान्यता गरी राज्य गरेका थिए। यिनैका पालामा गौडदेशबाट कुनै देवपाल नामक क्षत्रियपुत्र आई नेपालमा बसे। उनी बसेका ठाउँमा १०वर्ष लगाई एक विहार बनाइदिए। त्यस विहारको नाम पनि देवपाल भन्ने राखे देवपालले पनि राजा कृतवर्मासंग मिली तुलामा जोखेर पदार्थहरूको क्रयविक्रय गर्ने रीत पनि नेपालमा चलाए।

राजा कृतवर्माको देहान्त भएपछि यिनका पुत्र भीमार्जुनदेव राजा भए। यिनले वर्ष ३७ भोग गरे। यिनले धर्म र नीतिका अनुसार प्रजाहरूको प्रतिपालना गरी राज्य गर्दथे। यिनले श्री गोपालेश्वरको सेवा गरिरहेका केही दिनपछि श्री गोपालेश्वर, श्री महाकाली र श्री नृसिंहनारायणका कृपाले स्वप्नमा ती देवताहरूले दर्शन दिए। अनि ती देवताहरूबाट "यस स्थानमा खूब रम्य पुरी बनाऊ, यहाँ दक्षिणतर्फबाट धेरै लोकहरू आई वास गर्नेछन्।" भन्ने आज्ञा भएको हुनाले सो बमोजिम यन्त्रानुसार र विधिपूर्वक क्रमैले शहर बनाई तयार गरिसकेपछि त्यस शहरको शिखरपुर नाम राखे। त्यहाँ प्रजाहरूलाई सुविस्तासंग बसाई श्री गोपालेश्वर, श्री दक्षिणकालिका र श्री नृसिंहनारायणको मान्यतापूर्वक नित्य सेवा गर्दै आखिर मुक्त भए।

यिनका पुत्र नन्ददेवले वर्ष १३ भोग गरे। यिनले वीर विक्रमादित्य सेनको कथा सुनी नेपालका पूर्वपश्चिम भागका अघिका राजाका पालामा उस्तो गरी नचलेको विक्रम संवत् यिनले खूब प्रख्यात गरी चलाइदिए। यिनले देवदेवताहरूको पनि खूब भक्तिभावनासंग पीठपीठमा बखतबखतमा महापूजाहरू पठाई आफूले समेत बराबर सेवा गर्दै सुखपूर्वक राज्य गरे।

यिनका शेषपछि यिनका पुत्र वीरदेवले वर्ष १६ भोग गरे। यी राजाले ब्राह्मण, ज्योतिषी, बौद्धाचार्यहरूसंग संमत गरी ज्ञानी जनहरूलाई र प्रजाहरूलाई समेत बढिया तरहले उपदेश गरे। यिनलाई एक शहर बनाउने इच्छा हुँदा उत्तर शंखमूल तीर्थको समीपपर्यन्त शहर बनाउने उद्योग गरे। त्यसै ताक ललित नामक एक घांसीलाई देख्दा त्यसमा बढिया लक्षण भएको विचार गरे। अनि त्यसलाई आफ्नो घोडाको चिरुवादार बनाई राखे। ललितले पनि आफ्ना कामहरूद्वारा राजालाई र उनकी रानी अम्बिकालाई बहुत खुशी गराई रिझायो। त्यसका केही दिनैमा राजा र रानीको स्नेह पाउँदा त्यो ललित ठूलै मानिस भयो। ललित नामक जंगल फांडी राम्रा तरहले शहर बनाउने काममा पनि ललितलाईनै मुख्त्यारी गरिदिए। ललितले राजाको हुकुम पाएपछि बढिया साइत पारी वन फांडेर शहर बनाउन आरम्भ गरे। यस्ता तरहसंग ती राजाले धेरै धन खर्च गरी अघिको शहर मतिनगरसंग जोरी बनाए। अघिका घरहरूमा वृद्धि गर्दै नौ हजार घर थपी खूब ठूलो र रमणीय शहर तयार गरे। त्यहाँ नगरका लक्षणले पाँच थुँको पनि बन्न गयो। त्यसपछि राजाले अघिको दरबार छाडी नयाँ दरबारमा सरेर राजकाज चलाए। ललित नामक जंगल फांकी त्यसै ठाउँमा शहर बनाएको हुनाले त्यस शहरको नाउँ शास्त्रोक्तप्रमाणले "ललितपत्तन" प्रख्यात भयो। ललित नामक सेवकले मुख्त्यार भई बनाएको हुनाले

ललितपुरी पनि भन्न थाले ।

यिनैका पालामा मीननाथ, लोकनाथ आदि ब्राह्म देवताको रथ बनाई प्रतिवर्ष रथयात्रा चलाए । यी लोकनाथ, मीननाथ, भैरव, श्वेतनारायण, हरिशंकर, गरुडनारायणहरूको प्रतिवर्ष यात्रा गर्दा वैशाख शुक्ल एकादशीदेखि पूर्णिमापर्यन्त राजा प्रजा सबैलाई मंगल होओस् भनी अघिका टोलमा र पछिका टोलमा समेत क्रमैले यात्रा गर्ने गरे ।

यिनका पालामा सुन्दर नामक एक बनियाँले रत्नाकर समुद्रबाट रत्नहरू झिकी कालीनगरमा आएर त्यस रत्नको बिक्री गर्दा सात कोटी धन पाए । त्यो धन लिई नेपालमा आउँदा अघि चलेको बौद्धधर्मको लोप हुन लागेको देख्दा धर्मप्रकाशका निमित्त बौद्धाचार्यहरूबाट पादप्रतिष्ठाकर्म गराई एक कोटी धन गाडेर त्यहाँ स्थूलचैत्यको प्रतिमा-थापी माघ शुक्ल पंचमी उत्तराभाद्र नक्षत्र सिद्धि योग बुध वारका दिन प्रतिष्ठा गरेर नवदान र पावपूर्ण भोजन गराई बौद्धमार्गीबाट आशीर्वाद लिंदै धेरै धन खर्च गरी बौद्धधर्मको वृद्धि गरे । पुलचोकका नगीचमा पादप्रतिष्ठा-पूर्वक सवालाख धन गाडी ठुलालदो चैत्यको प्रतिमा तयार गरे । त्यहाँ पुलचोक नामक गाउँ बसाई हाल लोप हुन लागेको बौद्धधर्मलाई फेरि उठाए । ती सुन्दर नामक बनियाँले आफू माली जात भए पनि बौद्धधर्मको वृद्धिमा केही कसर बांकी राखेनन् । आखिर आफू पनि बौद्धधर्ममा प्रवेश भई भिक्षुधर्म लिएर नकबहिल भन्ने विहार बनाई बुद्धको प्रतिष्ठा गरेर त्यही विहारमा रही परलोक भए ।

यिनैका पालामा मिथिलानगरीमा दुर्भिक्ष हुँदा धेरै कालसम्म दुःख भएको हुनाले त्यहांका निवासी कुनै ब्राह्मण त्यहाँ टिक्न नसकी आफ्ना परिवार साथमा लिएर नेपाल आइपुगे । यहाँ पनि नबसी भोटतर्फ गए । ल्हासामा पुगेपछि तपश्चर्यामा खूब मग्न भएका लामाहरूलाई देखी उनीहरूको सामर्थ्य विचार गर्न लागे । ती लामाहरूमध्ये एउटाले रूखमा चाट्दा दूधको धारा बग्दथ्यो । त्यही दूध मात्र आहार गरी तपस्या गरेको देख्दा ती मिश्र ब्राह्मणले आफ्ना मन्त्रको शक्ति प्रयोग गरी रूखबाट प्रवाह भएको दूध सुकाइदिए । ती लामाहरूले यस्तो त हुनुपर्ने होइन भनी आश्चर्यपूर्वक विचार गर्दा मिश्र ब्राह्मणले गरेको कर्तव्य भन्ने ठहराए । अनि मिश्र ब्राह्मणको र लामाहरूको मन्त्रशक्ति आदानप्रदान हुँदा मिश्र पनि बहुत खुशी भई भोटमै बसिरहे । केही वर्षपछि धेरै धनदौलत कमाई लामाहरूसंग बिदा भएर आफ्नो जन्मभूमि मिथिलातिर फर्के । उहाँका स्वजातीय दाजुभाइगोत्रीहरूले ती मिश्रलाई जातिमा नलिंदा फेरि नेपालमा आए । शंखमूलतीर्थका समीपमा एक ठूलो विहारघर बनाई बौद्धदेवको मूर्ति स्थापना गरेर त्यहीं वास गरे । उनलाई बौद्धधर्म सम्पूर्ण याद हुँदा त्यसैमा रत भएर बौद्धमार्गी भई भिक्षुचर्या लिए । अनि उनले बुद्धको सेवा गर्दै पादप्रतिष्ठासमेत गरी गर्भमा धेरै द्रव्य राखेर दुइ चैत्य बनाई मान्ने गरे । उनका भाइले पनि एक विहार बनाई त्यसमा बुद्धको स्थापना र प्रतिष्ठासमेत गरेर तिनलाई मानी बौद्धाचार्य भए ।

यता राजा वीरदेवले पनि आफ्नो देशको खूब उन्नति गराउँदै ललितपत्तन भन्ने नगरका घरहरू बढाई रीतपूर्वक प्रजाहरूको शासन गर्दै खूब आनन्दपूर्वक निष्कण्टक राज्य गरी प्रजाहरूलाई पुत्र झैं पालना गर्दै आखिर परमधाम भए ।

यिनका छोरा नरेन्द्रदेवले वर्ष ३७ राज्य भोग गरे । यिनका पालामा सिद्ध गोरखनाथ नेपालमा आई भिक्षा माग्दा कसैले पनि भिक्षा नदिई हेला गरे । त्यसबाट प्रजाहरूमा श्रद्धा कम भएको देखी नेपाल निवासीहरूउपर उनी खूब रिसाए । अनि नेपाल पुण्यभूमिमध्ये उत्तम मृगस्थली भन्ने ठाउँमा गई जलवर्षण कर्मका कर्ता नागहरूलाई आफ्ना मन्त्रका बलले खिचेरतिनीहरूको दृढ आसन गरी गुप्त तवरले तप गर्न लागेका थिए । यो कुरा दुनियाँहरूमा र राजकुलमा समेत कसैलाई थाहा थिएन ।

यसरी धेरै काल जलवृष्टि नभई प्रजाहरूले बहुत दुःख पाउँदा राजा नरेन्द्रदेवले विचार गरे 'हाम्रो राज्यमा यस्तो के आपद् आइलाग्यो ! दुनियाँहरूलाई ज्यादै दुःख भयो । राजा भई प्रजाहरूलाई परेको दुःख छुटाउन नसके त्यस राजाको राज्यभोग र जीवनसमेत धिक्कार छ । अब कुन युक्तिले सुवृष्टि होला र प्रजाहरू सबैलाई आनन्द होला । यस दुःखबाट उत्तीर्ण गर्न सक्ने सामर्थ्यवान् उपदेशी को

पाइएला ?" यस्तो विचार गरी पण्डित,ज्योतिषी,बूढापाका, भलादमी, गुरु, पुरोहितलगायत सबै जम्मा गरेर ठूलो सभा गरे। त्यस सभामा दुर्भिक्ष हरण हुने उपाय शास्त्रहरूमा के लेखिएको छ, विचार गरी बताऊ भनी रसिला वचनले सभासद्हरूलाई सोधे। कसैले केही उपाय पत्ता लगाउन सकेको छ कि भनी प्रतिदिन सोधिरहन्थे। खुद राजा पनि रातभर हात्तीमा सवार भई शहर र गाउँका गल्लीहरूमा डुली दुनियाँहरूमा कसले के कुरा गर्दो रहेछ, बुझ्दै गर्दथे। कारण, पंच भनेका परमेश्वर हुन्। पंचका मुखकंलमबाट परमेश्वरले युक्ति बताउँछन्। यस्तो निश्चय गरी प्रतिरात शहर र गाउँहरूमा डुल्दथे।

एक दिन रातका बीचमा शहरमा डुल्दा कान्तिपुर-शहरमा बन्धुदत्त नामक कुनै बौद्धाचार्यका घरअगाडि पुगी राजा टक्क अडिए। त्यस घरका कोठाभित्र स्त्रीपुरुषको संवाद हुन लागेको थियो। स्त्रीले भनिन् "स्वामी, यस नेपालभूमिमा जल वर्षा नभई दुर्भिक्ष हुँदा धेरै दुनियाँले खान नपाई दु:ख पाएका छन्। दुनियाँको दु:ख हटाई सुविस्ता दिलाउन हाम्रा राजाले धेरै जान्ने मानिसहरूसंग जल वर्षा हुने उपाय विचार गर्न लाउँछन्, आफू पनि विचार गर्दछन्। तैपनि आजसम कसैले ठीक निर्णय गर्न सकेका छैनन्। अब जल वृष्टि हुने उपाय तपाईंले विचार गरी बताइदिनुभए दुनियाँहरूको उपकार हुँदो हो।" बन्धुदत्तले भने "एक उपाय छ, तर भन्न हुँदैन। त्यो कामबाहेक पार लाग्ने अरू कुनै उपाय छैन।" अनि पत्नीले पतिसंग खूब ढिपी गरी सोधिन्। पत्नीलाई यो कुरा कसैलाई पनि नभन्ने प्रतिज्ञा गराई बन्धुदत्तले उपाय बताए "प्रिये, यहाँबाट तीन सय योजन टाढा कामरूप पीठमा श्री मत्स्येन्द्रनाथले त्यहाँका राजाको पुत्र भई जन्म लिएका छन्। नेपाली प्रजाहरूले अनादर गरेका रिसले संपूर्ण नागहरूको आसन बाँधी श्री गोरखनाथले गुप्तसंग तपस्या गर्न लागेका हुनाले यस नेपालमा जलवृष्टि नभएको हो। मत्स्येन्द्रनाथ गोरखनाथका गुरु हुनाले उनलाई आह्वान गरी कसैले ल्याउन सके गुरुको दर्शन गर्न गोरखनाथ आफ्नो आसनबाट उठेपछि आसन बनेका नागहरू मौका छोपी स्वस्वस्थानमा जानेछन् र नागहरू स्वतन्त्र भएपछि आफैं जलवृष्टि भई दुर्भिक्षको निवारण हुनुका साथै सुभिक्ष हुनेछ। यसमा अरू उपाय भने केही पनि देखिंदैन।"

बस, अब के थियो। बन्धुदत्तले आफ्नी पत्नीलाई बताएको सबै कुरा राजाले सुने र बल्ल उपाय पाएँ भनी खूब खुशी हुँदै राजा दरबारमा फर्के। भोलिपल्ट बिहान सबेरै ती बौद्धाचार्यलाई बोलाउन पठाए। बन्धुदत्तले डराउँदै "हिजो तिमीले खूब ढिपी गर्‍यौ र भनें, अब के कसो हुने हो यो कुरा राजाले थाहा पाइसकेछन्" भनी आफ्नी पत्नीलाई संझाए। तैपनि दरबारमा जान सकेनन्। फेरि राजाका दूतहरू आई "अब विलंब नगर। डराउनुपर्ने केही छैन। नि:सन्देहसंग आउनू भन्ने राजाबाट हुकुम भएको छ, हिंड" भने। त्यसपछि बौद्धाचार्य पनि राजाका हजुरमा हाजिर भए। राजाले उनलाई संमानपूर्वक राखे। अनि पण्डित, ज्योतिषी, गुरु, पुरोहितलगायत भारदारहरूका अगाडि राजाले बन्धुदत्तलाई अनावृष्टि हटी सुभिक्ष हुने उपाय सोधे। बन्धुदत्तले ईश्वरको स्मरण र प्रश्न विचार गरी भने "महाराज, बडो कष्टको प्रश्नफल आयो। खूब मिहिनेतसंग उद्योग गरे मात्र कार्य सिद्ध हुन्छ। यहाँ गोरखनाथ आई भिक्षा माग्दा दुनियाँहरू कसैले पनि भिक्षा नदिई अनादर गरे। त्यही रिसले गोरखनाथले नागहरू सबै एकट्ठा गरी तिनैको आसनमा बसेर गुप्तरूपले तपस्या गर्न लागेका छन्। आआफ्ना स्थानमा नहुँदा धेरै कालसम पनि वर्सादे नभई दुर्भिक्ष हुन गयो। यसमा एउटै उपाय के छ भने गोरखनाथका गुरु मत्स्येन्द्रनाथ कामरूप पीठमा राजकुमार भई जन्मेका छन्। उनलाई कुनै उपायले यहाँ ल्याउन सके गुरुको दर्शन गर्न भनी गोरखनाथ आफ्नो आसनबाट उठ्दा नागहरू पनि मौका पाई त्यहाँबाट फुत्केर आआफ्ना स्थानमा जानेछन्। अनि यहाँ स्वत: वर्सादे भई सुभिक्ष हुनेछ।" यस्तो बन्धुदत्तको विन्ति सुन्दा राजाले "मत्स्येन्द्रनाथ र गोरखनाथ भनेका को हुन्? यिनीहरूको उत्पत्ति कसरी भयो? विस्तार गर" यस्तो राजाको आज्ञा सुनी बन्धुदत्त बौद्धाचार्यले शास्त्रहरूको विचार गरी तिनीहरूको जन्म, उत्पत्ति आदि विन्ति गरे।

परापूर्वकालमा ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र आदि तेत्तीस कोटि देवताहरू भेला भएका बखतमा महादेवले विष्णुतिर नजर गरी भने "विष्णु, तपाईं संपूर्ण लीलामा प्रवीण हुनुहुन्छ। तपाईंले मोहिनीको स्वरूप लिई गर्नुभएको चरित्र हेर्ने मन लागेको छ। त्यो चरित्र मलाई देखाउनुहोस्।" "यस्तो काम गर्ने आग्रह नगर्नुहोस्। त्यो रूप

देख्नाले तपाईं एकदम मोह हुनुहुनेछ ।" यसरी विष्णुले संकाउँदा पनि महादेवले ढिपी गर्नुहुँदा अब यिनलाई मोहनीमूर्ति नदेखाई भएन भन्ने विचार गरी विष्णु त्यहीं अलप भए । यसरी विष्णु अलप हुँदा सबै देवताहरू मोहित भए । उत्निखेरै वसन्त ऋतुको प्रादुर्भाव भई एक खूब रम्य बगैंचा देखियो । त्यस बगैंचामा सुगन्धसहित मन्द मन्द हावा बहन लाग्यो । नानाकिसिमका सुगन्ध र रसले पूर्ण भएका फलफूलहरूले सुसज्जित भएको, मृग आदि वनजन्तुहरूले आआफ्ना वनिताहरूलाई साथमा लिई मन्द मन्द गमन गरी हिंडिरहेको, जातजातका पंक्षीहरूले मधुर स्वरले गाउँदै र यताउता उड्दै नाच्दै विहार गरिरहेको समेत त्यस बगैंचामा देखियो । त्यसै बगैंचामा एक मोहनीमूर्ति चन्द्रमुखी, कठिनस्तनी अतिसुन्दरी देखिइन् । उनका नयनकमलका कटाक्षले र हाव भाव आदि गुणले त्यहाँ भएका जनावरलाई समेत मोह पार्न सक्दथ्यो भने अरूको के कुरा ? आफ्नो सौन्दर्यले कामदेवकी स्त्री रतिलाई पनि दासी गराउने यस्ती अभूतपूर्व सुन्दरी मुसुमुसु हाँस्दै बिजुली जस्ता चंचल नयनलाई चारैतर्फ नचाई मन्द मन्द गमनले हिंड्न लागिन् । उता महादेव पनि ती स्त्रीउपर आशक्त भएर उनका पछिपछि लागी नजीकैबाट हिंड्न लागे । मोहिनीरूपधारी विष्णुले पनि महादेवको मनलाई आफ्ना मन्दहास्य र हाउभाउले हरण गरे । यसरी मोहिनीले फुलाउँदा पनि उनीसंगको रसक्रीडाका लालसाले महादेव धेरै बेरसंम पछि लागे । आखिर धैर्य गर्न नसकी महादेवले मोहिनीलाई अंकमाल गरे । महादेवले छुनासाथ विष्णुको मोहिनीमूर्ति अदृश्य भयो । अनि विष्णुले शिवको उत्थित ध्वज (लिंग)लाई चक्रले हिर्काए । तत्काल शिवको वीर्य पतन भयो र विष्णुले आफ्ना बाहुलीमा थापे । शिवको वीर्य व्यर्थ फाल्न नहुने हुनाले उत्निखेरि विष्णुले वायुदेवता र केशरी वानरलाई बोलाई त्यो वीर्य केशरीका हातमा राखेर यो वीर्य लगी तप गर्न लागेकी अंजनीका उदरमा पारी आऊ भनी अह्राए । उनीहरूले पनि दशै इन्द्रिय निग्रह गरी तप गर्न लागेकी अंजनीका कर्णद्वारबाट शिववीर्य उदरमा प्रवेश गराए । त्यस वीर्यले अंजनीको गर्भ रहँदा उनबाट हनूमान् जन्मे । शिवका वीर्यबाट जन्मेका हुनाले बडो सामर्थ्यवान् भए । विष्णुका आज्ञाले उत्पन्न भएका हुनाले विष्णुभक्त भए । केशरीका गर्भबाट जन्मेका हुनाले वानरशरीरका भए । विनापुरुषका प्रसंगले अंजनीका गर्भबाट जन्मनाले आंजन वा आंजनेय पनि भन्दछन् । विष्णुले आफ्ना बाहुलीमा लागेको त्यही शिववीर्य नदीमा धुंदा पानीमा परेको वीर्य माछाले खाएको हुनाले त्यसबाट मत्स्येन्द्रनाथको जन्म भयो । जलमा धुंदा पनि नगई हातमा टांसिइरहँदा गोबर दली फ्यांकेको हुनाले त्यस गोबरबाट गोरखानाथ उत्पन्न भए" यो सबै वृत्तान्त राजा नरेन्द्रदेवसंग विन्ति गरे । यो वृत्तान्त सुनेपछि राजाले अर्को पूर्ववृत्तान्त संझे ।

अघि त्रेतायुगमा शनैश्चर रोहिणी नक्षत्रमा प्रवेश गर्दा धेरै कालसंम बर्षा नभई दुर्भिक्ष हुंदा प्रजाहरूलाई ठूलो दु:ख भयो । त्यस बखतका महाराज दशरथले आफ्ना सभाषद र गुरु वशिष्ठ आदि मुनिहरूलाई समेत बोलाए । "अहिले मेरा पालामा बर्सादि नभई प्रजाहरूलाई बहुतै कष्ट भयो । प्रजाको प्रतिपालन गर्न नसके राजाको के काम छ? मेरो जन्म पनि व्यर्थ भयो" भनी आज्ञा गर्दा वशिष्ठादि मुनिहरूले सबै वृत्तान्त कही यसमा यसो गर्नुपर्छ भन्ने युक्तिपूर्वक उपदेश गरे । त्यही उपदेशअनुसार राजा दशरथले प्रजाहरूलाई सुविस्ता होओस् भन्ने इच्छाले शनैश्वरसंग युद्ध गर्न मंजुर गरी कि प्राण गयो कि प्रजाको उपकार गरिछाडें भन्ने आँट गरे । धनुर्बाण लिएर रथमा चढी शनैश्चरमाथि धनुको टंकार गर्दा शनैश्चरले त्यो धनुको टंकार सुने । प्रजाहरूका उपकारका निति आफ्ना ज्यूको समेत माया मारी म जस्ता वीरउपर चढाइ गर्न आउने यी राजा धन्य रहेछन् भन्ने संझेर शनैश्चरले ती राजालाई वरदान दिए । राजाले पनि अबउप्रान्त तिमीले कुनै अवस्थामा पनि रोहिणीका कोष्ठ (कोठा) मा नजानू भनी शनैश्चरलाई तीन पटक वाचाबन्धन गरी छुटाएथे । यसै कामले संसारमा यस फैलाएथे ।

यस्तै मेरा पालामा पनि वर्सादि नभई प्रजाहरूलाई ठूलो आपद् परिरहेछ । अब यस दुर्भिक्षहरणको उद्योगमा म जीउको पनि संकल्प गर्दछु । सके पुरुषार्थ गरी दुर्भिक्षहरण गरूंला र यश पनि कमाउंला । कदाचित् सकिन र प्रजाहरूका उपकारमा प्राण गयो भने पनि आखिर मलाई बढियै छ । राजाले मनमा यस्तो निश्चय गरी बन्धुदत्त आचार्यलाई एकान्तमा बोलाई संमत गरे । "आचार्यजी, अब हामीले यस दुर्भिक्षहरण गर्न कसो गर्नुपर्‍यो ?" यस्तो

राजाको आज्ञा सुनी बन्धुदत्तले विन्ति गरे । "अब हामीले कसैले पनि थाहा नपाउने गरी जो चाहिने खर्च साथमा लिएर फकीरको भेषद्वारा कामरूप पीठमा जानुपर्‍यो । उहाँ पुगेपछि गर्नुपर्ने उपाय उहीं विचार गरौंला । त्यस वेला दैवगतले जस्तो परिआए पनि युक्तिपूर्वक समाधान गरौंला ।" यस्तो बन्धुदत्तको विन्ति सुनेपछि राजाले पनि सोबमोजिम जो चाहिने धनसंपत्ति साथमा लिई गुप्त चालसंग आफ्ना मन्त्रीलाई राज्यभार सुंपे । अनि चाहिंदो सामग्रीले कर्कोटक नागलाई आह्वान गरी हामीलाई संकष्ट पर्दा आह्वान गरेमा आउनू भनी वाचाबन्धन गराए । त्यसपछि प्रजाहरूमा कसैलाई पनि थाहा नदिई बन्धुदत्त बज्राचार्य र एक चाकरलाई साथमा लिएर फकीरको भेषद्वारा सुसाइतमा प्रस्थान गरी देशान्तरतिर लागे ।

धेरै दिनपछि तीनै जना कामरूपदेशमा पुगे । त्यस देशको शहरमा प्रवेश गरेपछि स्वरूप र चालचलन आदिले मत्स्येन्द्रनाथ भनेको यिनै रहेछन् भन्ने निश्चय गरे । त्यसै वेला राजालाई एक युक्ति सुझयो र कर्कोटक नागलाई आह्वान गरी विन्ति गरे "नागराज, अब तपाईं ले यस देशका राजाले जिमनार गर्दा रोमप्रमाण स्वरूपद्वारा राजाको उदरमा प्रवेश गरी आफ्नो शरीरको वृद्धि गरेर राजालाई उदरमा पीडा दिनुहोस् । जब मैले मन्त्रप्रयोग गरी उपकार गरूंला, तब राजालाई छोडी पीडानिवृत्ति गराएर बाहिर निस्कनुहोस् ।" यसरी राजाका उदरमा नागको प्रवेश गराए ।

बस, अब के थियो । त्यस देशका राजाको उदरमा भारी दर्द हुन लाग्यो । उत्तिखेरै हातगोडा र मुखमा समेत सर्वाङ्गमा ज्वलन भई पेट बढेर ठूलो पीडा भयो । अनेक जान्ने, वैद्य र ज्योतिषीहरूलाई बोलाई औषधि गराउँदा पनि राजालाई आराम भएन । शहरमा देशी परदेशीहरूमा जान्ने को को छन् भनी तलाश गर्न लागे । त्यसै मौकामा बन्धुदत्त आचार्यले राजालाई र सेवकलाई शहरमा डुल्न जाऊ र कसैले औषधि गर्न जान्दछौ कि भनी सोध्यो भने हामीहरू ता जान्दैनौं, हाम्रा गुरु भने बेश औषधि गर्न जान्नुहुन्छ भन्नू भनी उपदेश दिएर पठाए । त्यसै वेला राजाका मानिसहरू हाम्रा स्वदेशी र विदेशीहरूमा समेत औषधि गर्न जान्ने कोही छौ कि भनी सोध्दै टोलटोलमा घुम्दै आए । हाम्रा राजा र सेवक भएका ठाउँमा आइपुगी उनीहरूलाई पनि तिमीहरू हाम्रा राजाको उदरपीडा शान्त हुने केही औषधि जान्दछौ कि भनी सोधे । उनीहरूले पनि बन्धुदत्तका उपदेशअनुसार हामी त जान्दैनौं, हाम्रा गुरु जान्नुहुन्छ भनी जवाफ दिए । राजपुरुषहरूले पनि बन्धुदत्तलाई बोलाई राजदरबारमा लगे ।

त्यहाँपछि मन्त्रीहरूले राजालाई औषधि गर्ने विचार गराए । बन्धुदत्त आचार्यले धेरै विचार गरी चाहिंदो नागपूजाको सामग्री मागेर नागपूजा गर्दा राजालाई वमन भयो । वमनका साथै कर्कोटक नाग पनि सूक्ष्मरूपले मुखमार्गबाट बाहिर निस्की अलप भए । फेरि औषधि गर्दा राजाको पीडा छुटी जस्ताको तस्तै आराम भयो । तिमी खूब धन्य रहेछौ । मलाई यस्तो अवस्थामा जीवदान दिई खूब रक्षा गर्‍यौ भनी राजाले नरम वचनले ठूलो संमान गरे । 'अब तिमी के माग्दछौ, माग" भनी राजाले बन्धुदत्तलाई सोधे । अनि बन्धुदत्तले "यदि मैले मागेको कुरा पाउँछु भने मात्र माग्दछु, तीनफेरा सत्यवाचा गर्नुहोस्" भनी राजालाई सत्यवाचा गराए । "हजुरका पुत्र धेरै छन् । तिनीहरूमध्ये मैले रोजेका एक पुत्र दिनुहोस्" भनी आचार्यले मागे । अब राजालाई पर्‍यो ठूलो संकट । उनले विचार गरे "आफ्नो छोरा अर्कालाई दिनु भनेको कुरा ज्यादै कठिन हो । नदिऊँ भने मेरो यस्तो प्राणान्तका अवस्थामा प्राण बचाई नीरोगी अवस्थामा प्राप्त गराइदिए । दिने विषयमा पनि मलाई सत्यवाचासमेत गराए । अब मैले नदिए मैले आजतक गरेका धर्म नष्ट हुनुका साथै दिन्छु भनी लोभ देखाएर आखिर नदिनाले लोकमा अपयश र परत्रमा नरकवास पनि हुनेछ । तसर्थ अब एउटा छोरो अवश्य दिनुपर्‍यो ।" मनमा यस्तो अठोट गरी आफ्ना सबै पुत्रहरूलाई बोलाएर लहरै राखी लौ, कुन पुत्र लैजान्छौ, लैजाऊ भनी राजाले आज्ञा गरे । आचार्यले जुनचाहिं सबैभन्दा तेजस्वी जवतारी थिए उनैलाई छाने । राजाले अघि सत्यप्रतिज्ञा गरी कबूलमा चुकिसकेका हुनाले केही पनि बोल्न सकेनन् ।

यो खबर अन्तःपुरमा महारानीकहाँ पुग्यो । महारानी त्यहाँ आएर भनिन् "यो पुत्र म कदापि दिन्न । राजाले मात्र दिएर हुन्न । किनभने सन्ततिमा आमाको पनि सम्बन्ध र हक हुन्छ ।" यसरी महारानीले निवारण गर्दा राजकुमार

लान नपाई त्यसै फर्केर राजा र आचार्यहरू त्यसै शहरमा बसेकै थिए । केही दिनपछि ती सुलक्षण भएका पुरुषलाई लान नपाउँदा मनमा विचार गरी उनलाई भेट्न भनी राजा र आचार्य राजकुमार भएका ठाउँमा गए । "प्रभु, नेपालमा दुर्भिक्ष भई दुनियांहरूले बहुत दुःख पाउँदा हामीहरू हजुरलाई लैजानाका निति उति टाढा नेपालदेखि धाई यहाँसम्म आइपुग्यौं । हजुरका बुबासंग माग्दा पनि लैजाऊ भन्ने आज्ञा भइसकेको छ । अब हजुरले हाम्रो मनोरथपूर्ण गरिदिनुहोस्" भनी तम्रतापूर्वक ती आचार्यले विन्ति गर्दा मत्स्येन्द्रनाथले भने "परदेशी हो, नेपालभूमिमा अनिकाल निवारण गरी सहकाल गर्नालाई उहीं नजीकमा ज्योतिर्लिङ्ग श्री पशुपतिनाथ विराजमान छन् । उनैको भक्तिभावनापूर्वक सेवा गर्नाले उत्निखेरै श्री पशुपतिनाथले त्यो फल दिनेछन् । जुन परमेश्वरको आज्ञा स्वीकार गरी आसमुद्रान्त त्रिभुवनमा रहेका देवताहरू सदा विराजमान छन् । यसमा अर्को उपाय पनि म तिमीहरूलाई बताउँछु, सुन "वैशाख महीनामा ब्राह्मणहरूले आर्यातीर्थको जलले श्री पशुपतिनाथको अभिषेक गर्नू र त्यस पुण्यका प्रभावले पनि तिमीहरूको देश नेपालभूमिमा खूब बर्सादि भई सुभिक्ष हुनेछ ।"

अथोवाच हि मत्स्येन्द्रो जन्तून्नेपालवासिन : ।
मृत्युंजयस्य विप्रैस्तु राधे मास्यभिषेचनम् ।
मिलित्वा सर्ववर्णैश्च दुर्भिक्षहरणं भवेत् ।
गृहणन्ति तज्जलं मेघाः काले वर्सन्ति सर्वदा ।

"अब तिमीहरूले उहींबाट कुनै कार्य प्रारम्भ गरी आह्वान गर्दा म आउँला । हाम्रा मुमाबाट मलाई नजानू भनी निषेध गर्नुभएको हुनाले उहाँको आज्ञा लंघन गरी यस बखतमा तिमीहरूका साथमा जान मुनासिब भएन । अहिले तिमीहरू मात्र जाऊ, यहाँ अब नबस ।" मत्स्येन्द्रनाथबाट यस्तो आज्ञा भएको हुनाले सोही आज्ञा स्वीकार गरी उनीहरू पनि त्यस कामरूप पीठबाट फर्की नेपालमा उत्रे । मत्स्येन्द्रनाथको आह्वान गर्नालाई नेपालको उत्तमभूमि ठहराई जो चाहिने शास्त्रोक्त सामग्रीका साथ लगनखेलमा बसे । मध्यशिलामा पद्माकार बनाई पवित्रतापूर्वक पीठपूजा, गणेशपूजा, कलशस्थापना आदि सबै पूर्वाङ्गकर्म यथोक्त रीतले गरी ती बज्राचार्यले पुरश्चरण आरंभ गरे ।

एक दिन उनले राजालाई विन्ति गरे "महाराज, आजका रातमा मत्स्येन्द्रनाथ आफ्ना देशबाट गमन गरेर आई यस कलशमा प्रवेश गर्नेछन् । त्यस बेला तपाईंले तत्क्षणमा कुनै नवीन पट्टवस्त्रले मत्स्येन्द्रनाथलाई छोपिदिनुहोला ।" अनि बज्राचार्यले ध्यानपूर्वक मन्त्रका बलले आकर्षित गरे । नेपालभूमिको दशै दिशामा रक्षाविधानका क्रमले रक्षा गरी दिग्बन्धनपूर्वक आह्वान गर्दा मत्स्येन्द्रनाथ पनि परमस्वरूपबाट आफ्ना आमालाई समेत निद्रामा छली कामरूप पीठका आफ्ना जो भएका गणहरूसमेतका साथ यस नेपालभूमिमा प्राप्त भए । पंचरत्नका तेजले संयुक्त हुँदा रत्नाकरस्वरूपको भ्रमर भई पुरश्चरण गरेका स्थानको कलशका पीठमा प्रवेश गरे ।

त्यसपछि अकस्मात् राजालाई निद्रा लाग्न जांदा बेहोश भई कलशमा ती देवतालाई छोप्न सकेनन् । भ्रमरस्वरूप मत्स्येन्द्रनाथ भने तत्काल कलशबाट निस्की फर्के । अब बित्यास पऱ्यो भनी उत्निखेरै बन्धुदत्त आचार्यले एक साधनाद्वारा कटुवालदहदेखि पर जान नसक्ने दिग्बन्धन गरी मत्स्येन्द्रनाथलाई रोकिदिए । अनि राजासंग विन्ति गरे— "महाराज, तपाईं उत्तरसाधक हुनुहुन्छ,तपाईंले यस पालाको ठूलो मौका चुकाउनुभयो । मत्स्येन्द्रनाथ कलशमा प्रवेश गरी फर्केर गए । म फेरि पनि साधना गरी उनलाई आकर्षण गर्दछु । चित्त राम्ररी स्थिर गरेर बसी छोप्नुहोस् ।" आचार्यले मन्त्रद्वारा फेरि आकर्षण गर्दा मत्स्येन्द्रनाथले आई कलशमा प्रवेश गरे । त्यस वेला पनि राजालाई निद्रा लागी बेहोश हुँदा देवता फर्केर गए । अनि आचार्यले "अबको पाला पनि चुक्नुभयो र मत्स्येन्द्रनाथ उम्की गए भने फेरि यो काम हुन सक्नेछैन । आफ्नो मनोरथ व्यर्थ हुनेछ । अवश्यमेव नचुकी काम गर्नुहोस् ।" यसरी राजालाई सर्काई मन्त्रका जोडले मत्स्येन्द्रनाथलाई ल्याई कलशमा प्रवेश गराए । त्यस वेला पनि राजालाई निद्राले जोड गरी लट्ठ पार्दा अब मैले गरेको यत्रो परिश्रम विफल हुन लाग्यो भन्ने मनमा ठानी आचार्यले राजालाई गोडाले धक्का दिए । राजाले कट्ट बिउँझी पट्टवस्त्रले कलश छोपिदिए । त्यसै वेला राजाले यस आचार्यले मलाई लातले हान्यो । यसको गोडा तीन टुक्रा पार्नुपर्ने हो भनी कलश छोप्दा मनमा अशुभ कल्पना गरे ।

यसपछि मत्स्येन्द्रनाथको विधिपूर्वक स्थिरता कायम गरी असल भावनाले पूजामान्यता गरे । कामरूपपीठमा रहेका पूर्णचण्डी, मीननाथ, हयग्रीव, भैरव आदि सबै देवताहरूलाई यसतै क्रमले आह्वान गरेर स्थिर गराई पूजामान्यता गरे । ललितपत्तनको चोभु भन्ने स्थानमा शुभेश्वर नामक ब्राह्मणले बौद्धमार्ग लिई बसेका विहारका सन्निधानमा

सदा रहने स्थान बनाए। उदरमा कलश राखी लोकेश्वरको धातुको मूर्ति बनाएर विधिपूर्वक प्रतिष्ठा आदि कर्म गरी स्थापना गरे। नेपालमा शुभ र अशुभ चिह्न होओस् भन्ने आशयले भरणी नक्षत्र र त्यस्तै वार, लग्न, योगसमेत ठहराई मनुष्यको माफिक ती देवताको पनि दशकर्म गरे। स्त्रीको गर्नुपर्ने कर्म र पुरुषको गर्नुपर्ने कर्मसमेत गरी स्त्री र पुरुषको चाहिने शास्त्रोक्त कर्म पुऱ्याई यज्ञोपवीत आदि संस्कार र अरू शिवमार्ग बौद्धमार्ग दुबैले मान्नुपर्ने कर्महरू प्रमाणपूर्वक गरेर अरिष्ट ग्रहहरूको दान र शान्तिस्वस्ति कार्यसमेत गर्नुपर्ने रीत चलाए। यी मत्स्येन्द्रनाथका दर्शनादिले शुभाशुभ चिह्न होओस् भनी उनलाई नरस्वरूपको मूर्ति बनाई प्रतिष्ठा गरे।

यसै समयमा श्री गुरु मत्स्येन्द्रनाथ आउनुभयो भन्ने गोरखनाथले पंचकुमारीका मुखबाट थाहा पाई दर्शन गर्नाका निति गुप्त तपश्चर्याबाट उठे। त्यस वेला नागहरूले पनि मौका पाई आआफ्ना स्थानमा गए। त्यस दिनदेखि बर्साद प्रशस्त भयो। अनि बन्धुदत्त आचार्यले खूब रम्य स्तोत्र बनाई मत्स्येन्द्रनाथको स्तुति गरे।

नमो लोकनाथाय।
स्तौमि प्रसन्नमभयंकरसर्वसत्वं
सम्पूर्णचन्द्रवदनाम्बुजपत्रनेत्रम्।
सर्वज्ञज्ञानमुकुटोज्ज्वलमुक्तिमार्गं
तं पद्मपाणिवरभूषितज्ञानराशिम्।

सबै लोकलाई अभय वर दिई प्रसन्न हुने, पूर्णिमाका चन्द्रमा जस्तो तेजिलो मुख भएका, कमलका पत्र जस्ता लोचन भएका, तथागत बुद्धको ज्ञान धारण गरिरहेका, यी परमेश्वरको गात्र कस्तो छ भने नासिका लामो, गण्डस्थल उठेको, रातो ओठ, तुषार जस्ता सेता दन्त, हँसिलो मुखारविन्द भएको, विकाशशील, यस्तो सुन्दर शुभ लक्षणले युक्त शरीर भएका, कृपालु, ब्रह्माले पनि मानिएका, कोमल वाणी भएका, पुष्पका मालाले विभूषित, सुवर्ण र नानारत्नका अलंकारले सिंगारिएका, कृष्णसार मृगको छाला ओढेका, त्रिनयन, जटाजूटमा बालचन्द्रले शोभायमान भएका, सुवर्णका भूषण पहिरेका, लोकेश्वर भनी समस्त देवदानवले भजिएका, नागराज वासुकिको यज्ञोपवीत धारण गरेका, चिन्तामणि र मनकामना पुऱ्याउने, रत्नकुण्डल कानमा धारण गरेका, जन्म, मरण, बुढ्याइं आदि नानापापकर्म भै यस संसारसमुद्रमा डुबेका लोकहरूले नमस्कार गर्दा पूर्वकालमा परमेश्वरबाट बोधज्ञान लिई बोध गराएर पापकर्मीहरूलाई धर्मोपदेश दिने, फेरि यमराजको लोकमा गई अवीचिनरकमा डुबाइराखेका पापीहरूको दुःखमोचन गरी सबै नरकको नाश गरी शीतल पार्दै नरकभूमिबाट पद्म उत्पत्ति गरी पापीहरूको दुःखमोचन गरेर सुख दिने, नरकमा जांदा यमकिंकरहरूलाई तर्साएर पठाई सबैलाई सुखविहार गराउने, भक्तजनको उद्धार गर्ने, त्रैलोक्यका नाथ, भक्तलाई अभय दिने, दुःख पर्दा जसले नाम स्मरण गर्छ उसको दुःख हर्ने, प्रेतलोकमा गई पर्वत जस्तो पेट भएका तृषा र नरकको ज्वालाले शरीर जली जीर्ण भएका, घामपानीमा रहेका, सुकेको काठ जस्तो आंग भएका, सियाका छिद्र जस्तो मुखद्वारको छिद्र भएका, यस्ता प्रेतहरूलाई आफ्नै बाहुलीले पानी पियाई उद्धार गर्ने, तृषा र भोकले पीडित भएका, दुःखीहरूलाई आफ्ना पाँचै औंलाबाट नदी बहाई प्रेतहरूको मुखमा प्रवेश गराएर तृषा छुटाई आनन्द गराउने, चन्द्रसूर्यको किरण नपुगेको ठाउँ र लोकालोकमा गई चिन्तामणि कुण्डलका तेजले उज्यालो पारिरहने, यक्ष र राक्षसहरूले नमस्कार गरिएका, बलि राजाको दरबार पाताललोकमा गई अनन्तज्ञानोपाख्यानले बोध दिएर संसारसमुद्रबाट पार उतारिदिने, देवीकुण्डल नामक देवपुत्रले अन्न मागी विन्ति गर्दा अन्न, धन, रत्न, संपत्ति र वर दिई दुःख नाश गर्ने, कामस्वरूप भएका, अर्कालाई मारी खाऊँ भन्ने मनमा क्रूर नियत चिताउने अनेक राक्षस र राक्षसीहरूलाई मोह गरी ज्ञानमार्गको उपदेशद्वारा धर्ममा चित्त दिलाउने, विष्टा मूत्र आदि भएका भूमिमा गई कृमि भई रहेका कोटियौं नारकीहरूलाई आफू भ्रमरस्वरूप भएर गई भुंकार शब्दको उपदेशद्वारा ती सबै कृमिहरूलाई उद्धार गर्ने, बाह्र वर्षसम्म पानी नपरी दुर्भिक्ष भएर हाहाकार हुँदा खूब पानी पारी व्रीहि आदिको वृद्धि गर्ने, आफू वराहघोडा भई राक्षसीका हातबाट उम्काएर बनियाँहरूलाई समुद्रदेखि पार गराउने, यस संसारको प्रलयकालमा देवता र दानवहरूलाई आफ्ना रोमकूपमा हाली रक्षा गर्ने, व्याघ्रादि दुष्ट जन्तुहरूलाई भएका संपूर्ण भयको नाश गर्ने, जस्तो वृक्षहरूमा पारिजात सर्वश्रेष्ठ गनिएको छ त्यस्तै प्राणधारी जीवहरूमा मनुष्यहरू श्रेष्ठ छन्, त्यस्ता मनुष्यजातिमा प्रादुर्भाव भई धान्यादि संपूर्ण पदार्थहरूले संयुक्त भएको, कुबेर आदि समस्त यक्षहरूले वारंवार नमस्कार गरिएका यस्ता सकलनिधिले संयुक्त भएका आर्यावलोकितेश्वरलाई मनोभावनासंलग्नपूर्वक नमस्कार गर्दछु।

(क्रमशः)

# ऐतिह्यासिक पत्रस्तम्भ ।

श्री जनरल

१

अर्जि ... ... ... ... ... ... ... ... ... ... ...
उप्रान्त वैसाष सुदी २ रोज ४ का दिन माथीबाट देवाधर्मको लामाले मसंग आइ डिगर्चाको क्षांजे डुंडुप र कुटुं जना २ घा गर्न आयाका छन् भन्या कुरो विंति गरी हजुरको दर्सन गर्न नेपाल जान्छु भनी मसंग विदा भै गयापछि मेरा नाउँमा माथिबाट केही चिठि आया भने षोली...१... साहेवका हजुरमा विन्ति चढाएस् भनि ढेवालि दिनलाई निज लामाले अह्रायाको रहेछ वैसाष सुदि ३ रोज ५ मा १०।११ घडी दिन चढदा सेतो धजा र भोटेअक्षरको चिठि लामा टांगांमा वाधी हल्लाउँदै दोहरा लडाइ पऱ्याका वीचमा दुस्मनका मानिसले गाडी गयेछ वाहांबाट अफिसरहरूले मसंग पठाया र त्यो चिठी ढेवालि दिनलाई देखाउँदा डिगर्चाको क्षां जेनिमा डुंडुप र षजांची दर्जाको चिनियां कुटुंले देवाधर्मको लामालाई लेष्याको रहेछ तेस्मा गोर्षालीले लस्कर उठाइ लडाइं गर्न आउन आघो घा गरे वढिया होला भंन तिमि आएथ्यौ गोर्षालीको लस्कर वढी हाम्रा लस्करले थामन लाग्दा लडाइं भयाको तिमीले देख्यौ दुवैतिरका मानिस जषं भयाको पनि तिमीलाई थाहै छ अव घा हुन्छ भने ताहाको जवाप लि तिमी झुंगा आउ झुगा आउनालाई गाह्रो मांछौ भने झुगादेषि मनिवाट १ को वोढो घोर्मा भन्या गाउसंम म आउँछु तिमि पनि १ वेरा ताहां आउ र जो गर्ने कुरा गरौला भनि लेष्याको रहेछ र निज लामा हजुरको दर्सन गर्न यतावाट तेसतरफ हिड्याको पनि फिराउन पठाई हजुरवाट मलाई पठाइवक्स्याको सानु छाप लाग्याको घा वंदवस्तको वेहोरा लेषियाको कागजवाट चाहिन्या कुरो उतार गरी निज लामा यहां आउन्याविर्तिकै त्यो उतार

श्री ३ लेपटनन जनरल दाज्यैज्यू

२

तेस्का हात दि झुगातरफ पठाई आफ्ना वाटाघाटा र चेवा-चर्चा हेरचाहा वन्दोवस्त गरी रहन्या छु...२...को पल्टन केरु आयापछि मद्दतलाई माथितिर पल्टन थप्न्या पनि छु औ निज देवाधर्मको लामाले माथीतिरवाट ल्यायाको हाल तुरंत हजुरमा लेषी चढाई पठाउन्या कां गरुला लडाईतरफ-को षवर अघिला अर्जिवमोजिमै छ घटवढ केही भयाको छैन औ अरू गौंडाको हाल पनि सिक्षापत्रमा संक्षेप पठाइ-वक्स्या सो वुझी दुस्मनको सिकिस्ति गर्नुपर्दोरहेछ जो मर्जि पत्रमा कं वेस पऱ्याको क्षमा गरिवक्स्याजाला अति सिक्षापत्र आउँदै रह्या सोमाफिक टहल गरुला विज्ञ प्रभु चरणेषु किमधीकं... ... ... ....

श्री मद्राजकुमार कुमारात्मज श्री जनरल जगत्संशेर जंग कुवर राणाजीको कोटि कोटि साष्टांग दण्डवत्सेववा सेवा सेवा... .... ... ...

इति सम्वत् १९१२ साल मिति वैशाख सुदि ४ रोज ६ मकां कुकुरघाट शुभम्... ... ... ...

श्री रेफल                श्री लेटर

१

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री प्राइम्मिनिष्टर

थान् कम्याण्डर इन चीफ जनरल जंगवहादुर कुँवर राणाजी वर्मणाम् स्वस्ति श्री सकल मंगलालये कोटि कल्याण चिरंजीवी श्री भाई मिनिष्टर जनरल वम्वहादुर कुँवर राणाजी कै शुभ आसिक सतम्पूर्वक पत्रमिदम् यहाँ कुसल ताहाँ कुसल चाहिये आगे याहाँको समाचार भलो छ उप्रान्त जेष्ट वदी १० रोज ६ का दिन लेष्याको पत्र ऐ वदी ११ रोज ७ का दिन आयो विस्तार मालुम भयो जगा जगामा रसदको ताकीतलाई पल्टनका पट्टि षटाई पठाउन्या काम गर रसदलाई पल्टन जांदा उर्दी कवायेत वंद गर्न्या काम वन्दुक जाचन्या तारा हांन माफ गर्न्या रातविरातका रवनलाई अदालतको कंपनी ठाना टोलटोलका नेवारहरूलाई राती रवन घुमन लाउन्या काम वढिया गऱ्याछौ मध्येसको रसद कुगा किल्लामा र केरुंसम दाषिल हुन्या काममा तत्पर चांडो गऱ्यामा म वहुत षुस हुन्याछु यो रसद याहाँ दाषिल भयापछि तारा हान्न सिकन्या र वन्दुक जाचन्या काम गरुला दर्वारमा हेरचाहा गर्न्या र थापाथलीमा हेरचाहा गर्न्या काम वेस गऱ्याछौ कुगावाट कांछा भाइले पठाइदियाको चिठि र ह्लासा कुतीतर्फको वातवेहोराका चीठीको विजिनिस सवै ताहाँ पठाइदियाको छ वुझौला ताहाँवाट लिस्तीलाई र वलांजुंलाई म कुगा पुग्यापछि लेषी पठाउँला र टिगरी हांनु भन्या मेरो चिठी नगै नहानुन् रसद षजाना प्रसस्त गरी राष भन्या लेखी पठाई ताहावाट पठाइदियाको ठाउँठाउँको हाजिरी र रोजको षैषवरको फर्द आइपुग्यो हेऱ्यां ...१... पल्टन २ रसद वोकनालाई याहाँ राष्याको रहेछ मैले कुगा जांदा पल्टन लिजानुपर्न्या हो भंनानिमित्त २ पल्टनलाई साथ लैजांछु मेजर कपतान दलजित विष्ट कपतान मलेजं पांडे र ढुंग्याल नन्दराम भैस्यामा रह्याका थिया वाहांको वन्दोवस्त वांधी मलेजं पांडे र ढुंग्याल वाहाँ वस्नु मेजर कपतान दलजित विष्टले रसुवाको रसद मजुरी अरू पल्टनका पिपासमेत लगाई चांडो रसद वोकाउनु भनी अह्राई लेषी काम गऱ्यां ताहाँवाट कपतान मलेजं पांडे र ढुंग्यालहरूलाई मद्दत दी पठाउँदै गर इती सम्वत् १९१२ साल मिति जेष्ट वदी १२ रोज १ मुकाम स्याप्रु वांगलवाट घडी १ वांकी छँदा रवाना भयाको शुभम्... ... .... ....

सं. १९११ साल चैत्र वदि ९ रोज २ श्री प्राइम्मिनिष्टरवाट नायक रामसुन्दरके फागुन शुदि १० रोज २ का दिन लेष्याको अर्जि चैत्र वदि ८ रोज १ का दिन आइपुग्यो अर्थ मालुम भयो उप्रान्त फागुन वदि ५ रोज ३ का दिन टिगरि पुगी तालोयर घापोङसंग भेट गरी मलाई ता चांडो जानु भन्या मर्जि भयाको छ भंन्या कुरा वढिया गऱ्याछौ तालोयर घापोङले अम्वासंग नसाधी हुँदै हुँदैन भनी राष्या फागुन शुदि ७ रोज ६ का दिन तालोयर घापोङले फागुन वदि १३ रोज ४ का दिन ह्लासावाट स्याठाकाजी आउछन् जो हुन्या कुरा उनी आइपुग्यापछि होला भन्या कुरा गऱ्या भनि लेष्याका कुरालाई श्री ५ वादसाहका हजूरमा चह्राइ पठाउन्या अर्जि र अम्वालाई जान्या चिठि ली ह्लासाका अम्वासंग पुऱ्याउनु भनी तिमिलाई पठायाको हो श्री ५ वादसाहका हजूरमा चह्राइ पठायाको अर्जि र अम्वालाई लेष्याको चिठी टिगरीमा अट्काउन्या होइन अट्काया छन् मुलुक जान्या आउन्या लाषौं प्राणीको कत्तल हुन्या येस्ता वेहोराका अर्जि र चिठी थुन्याछन् वढिया भयो भोटसंगका लडाई निमित्त थोरै फौज फागुन महीनाका दिन २३ जादा रवाना भयो फौज ह्लासा पुग्यापछि श्री ५ वादसाहवाट जस वेलामा षजी होला उस वषतमा अरज विन्ति गर्नालाई वडियै छ वैसाषका दिन १५ जादासंम हाम्रो यो रवाना भयाको फौज केरुङ कुगादेषि वढन्याछैन कुतिवाट भैरवलंगुर नाघन्या छैन यो फौजले रैयत पर्जा कसैलाई लुटपीट गर्न्या छैनन् उसै हातहतियार पनि कसैमाथि चलाउन्याछैनन् भोटवाट हात छोड्या भन्या हाम्रा फौजले पनि हात छोडन्याछन् येस विचमा हाम्रो चित्त वुझाई भोटवाट घा सलुक गऱ्या भन्या हाम्रो फौज ताहींवाट फिरि आउन्या छ वैसाषका १५ दिन जांदासम्ममा घा सलुक भयेन भन्या याहाँ नेपालदेषि ह्लासासंम छापिन्या गरी काला मेघ जस्ता फौज ली चढाई गर्न म आउछु म याहाँवाट फौज ली उठ्यापछि भोटवाट घा सलुक गरौं भन्या पनि मानिन्या छैन तिम्रा अर्थलाई र अर्जि चिठी ली ह्लासा जाउ भन्छन् भन्या ह्लासा जानु अर्जि चिठी फिर्ता गरि लैजाउ भन्या ह्लासा नेपाल जाहाँ पठाइदी वढिया हुन्छ तिमी आफैं पठाइदेउ भनी अर्जि चिठी ताहीं छोडी आउन्या काम गर...

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री ३ दाज्यैज्यू लेफ्टेंन जनरल वषत जङ्ग कुँवर राणाजी वर्मणां चरणतल ईत श्री मद्राजकुमार कुमारात्मज श्री जनरल जगत् सम्सेर जङ्ग

कुवर राणाजी वर्मणाम्कस्य कोटी कोटी सेवापुर्वक पत्रमिदम् याहाँ कुसल ताहाँ चाहिये आगे याहाँको समाचार भलो छ उप्रान्त संज्याकालमा हिजो फुगादेषि ३ कोस वडो दुस्मनको विकट हाम्रातर्फवाट पक्रदा उनीहरूले हात छोडदा हाम्रा तर्फवाट पनि फैर गरी लडाईं पन्यो दुस्मनको र हाम्रो येति परे उति परे भन्या थाहा केही भयाको छैन केही पल्टन याहाँ पठाइवक्सनुभया हजुरको पनि मेरो पनि मजगुत ठहर्दो हो हजुर पनि केरुङमा चाँडै गरि पाल्नुभया वढिया होला ताहाँको मुलुकी काजकाम र जंगी काजकामलाई मेजर कपतान सुमेर्तसिले विन्ति चढाई पठाउन्या छन् सुमेर्तसिले विन्ति चढायापछि सुमेर्तसिलाई फुगातर्फ पठाइ-वक्सनुहोला इति सम्वत् १९१२ साल मिति वैसाष वदि ३० रोज ३ शुभम्... ... ... ... ... ... ...

| श्रीकुमारी | श्री ५ सरकार |
|---|---|
| १ | २ |

स्वस्ति श्री मन्निजदोर्दण्डकमलकलितकरालकरवालनिराकृतारिकदम्ब श्री मद्राजकुमार कुमारात्मज श्री श्री श्री प्राइम्मिनिष्टर कम्याण्डर इन चिफ जनरल दाज्यैज्यू वंवहादुर कुवर राणाजी वर्म चरणकमलयुगलेषु इतः श्री मद्राज कुमारात्मज श्री मेजर जनरल कृष्णध्वज कुवर राणाजीको कोटि कोटि साष्टांग दण्डवत् सेवा शतम्पूर्वक पत्रमिदम् यहाँ निक ताहाँ हजुरका गात सदा कुसल मंगलोदय हुनुभया मेरो प्रतिपाल उद्धार होला आगे यहाँको समाचार भलो छ उप्रान्त उत्तरतरफ लडाइं लाग्दा १९११ सालका वालिमा यस दरवंदिले रसद वोकी जंगिगोदाममा पुऱ्याई रसिद लिनु भन्या दस्षत भै भरमुलुकमा गयाका हुन् दस्षतमा लेषियाका दरले आफु आफुलाई लागन्या रसद दुनियाले पुऱ्याया नपुऱ्यायाको रसिद जांची दरवंदिवमोजिमको रसद पुऱ्याया-रह्यानछन् भन्या वांकी रह्याका रसदको डेढा वढीका दरले र १२ सालका वालिमा ११ सालका दरवंदिवमोजिमको रसद जंगीगोदाममा नपुऱ्याई वांकी राख्याको छ षसोषास जांची ठहराई ठहऱ्यावमोजिमका लगत रसदको अंन मुरि १ को मोहर रुपैंया २॥ का दरले रुपैया तहसिल गर्नु भन्या वेहोरासहित जागिर षेत ७ षुवा वा रुपैंया ९० संम षान्या र तलवदारमा मोहरु ४०० षान्या विर्ता वेष वुन्याद फिक ढार मरवट ज्यूनी छाप मानाचावल मयाई मोहरिया घर-वारि माफि नानकार सुनाविर्ता सेवाविर्ता रजवाधा किपट गुठि मठ सदावर्त मढि पैटियाषर्च गैह्रको १२ सालका उठसिवमोजिम १३ सालका वालिलाई ३ षंडको १ षंड विर्तावार गैह्र जमीनवाला समाई तिम्रा तैनाथका पल्टन कंपनिका पगरि हुद्दा सिपाहि पठाई तहसिल गरि ली डिट्ठा वेनिमाधव पाध्यामार्फत...१... चौक वुझाइ फारष लिनु भन्या वेहोराको मेरा नाउमा सवाल पठाइवक्सनुभयाको रहेछ वहुतै वढिया भयो गरिप्रवर जंगीरसदको वेहोरामा अघि भेरिपश्चिम महाकालिपूर्वको रसद जम्मा गर्नु भन्या वेहोराको सनद आउँदा सोहि रीतसंग रसद जम्मा गर्न्या काम भयाको हो पछि यस दरसंग रसद उठाउनु भन्या वेहोराको दर षोलियाको दस्षत आउँदा सोवमोजिम मुलुक-मा हाम्रो दस्षत पठाई रसद असुल गर्न लगायाको हो पछि सल्ल्यानामा ११ हजारको रसद षरिद गर्नु भन्या मर्जि आउँदा...२...को वन्या सप्रन्या कुरामा तिम्रा तजविजले काम गर्नु भन्या मर्जि आउँदा अछाममा र वझां धुलिमा रसद गोदाम वांधियाको थियो दरवंदिवमोजिमको रसदमा कुप गरी सल्ल्यानाका रसद वोकनालाई अड्डा अड्डा वांधी हाम्रो दस्षत गरि पठाइ सल्ल्यानाका रसद वोकन लगाया-को पनि छ अछाममा जम्मा वाधियाको रसद वोकनालाई वाजुरा भरअम्वललाई र डोटिवाट गयाको वझां धुलि जगेरामा जम्मा भयाको रसद वोकनालाई वझां भरअम्वल-लाई पनि दरवंदिवमोजिमको रसदमा कुप गरि वझां धुलि जगेराको रसद वोकनालाई हाम्रो दस्षत गरिपठाई रसद वोकायाको पनि छ यसतरफ मुलुकमा भयाको वेहोरा विन्ति चह्राइ पठायाको छु असुलतहसिल गर्नु भन्या मेरा नाउमा सवाल भै आयाका अर्थलाई र गरिपरवर जंगिकाजलाई यकाउन्न हजार सात सय रुपैंया हुंडि भै आयाका हुन् तेसमध्ये असुल भै हामिसंग दाषिल भयाका रुपैयांको अनाज गैह्र आँदानि षर्च मिलाउन र पल्टन कंपनि ताकलाषार जांदा निज पल्टन कंपनिका मुलुकमा वांकि रह्याका वालि असुन तहसिल गरि...१...मा वुझाउनुपर्न्या...२...मा वुझाउन र जागिरदारलाई वुझाउनुपर्न्या जागिरदारलाई वुझाउन्या काम पनि संपुर्न भै सकियाको छैन फेरि यो रकम लिकन संपुर्न गरिसकुंला भन्या जस्तो नलाग्दा हजुरमा

विन्ति बक्साइपठायाको छु म वालषपर करना राषिवक्सि मेरा नाउमा भै आयाको सवालको रकममा तांहिवाट मानिस खडा गरि पठाइवक्स्याजावस् अघि म धनकुटा जांदा पनि कंपूकोत तहसिललाई सुवेदार अजप थापा र लेषन्या मानिस दफदरवाट गयाथ्या तहसिललाई हुद्दासिपाही हजुरका मर्जिवमोजिम मवाट दिई असुलतहसिल भयाको हो गरिपरवर अंले पनि सोहि रीतको वेहोरा वाधिवक्स्या ४ सय पल्टनले भेटायासंम तरतहसिललाई मवाट मद्दत दिन्या काम गर्दा हुं ज्यादा हजुरका गातको छेमकुसलसहित सिक्ष्यार्ति मेहेर भया मर्जिवमोजिम कामकाज गर्दा हुं इति सम्वत् १९१३ साल मिति भाद्र सुदि १५ रोज १ मुकाम डोटि सिलगढि... ... ... ... ... ... ... ... ... ...

श्री रैंफल देवीदत्त गनेसदल वरष

१

अर्जि... ... ... ... ... ... ... ... ... ... ...

उप्रान्त हजुरका आसिरवादले आनन्दपूर्वकसंग आज गरां आइपुग्यां कुगा केरुंमा आजकाल नुनले साह्रो कठिन पऱ्याको छ कदाचित् पाइयो भन्या पनि मोहोरको येक माना आधा मात्र पाइन्छ भन्या षवर लेषी आउंछ कम्यांडर कर्णेलले केरुंमा साह्रै गैह्रो छ आडपयाड वनाउन पनि हुँदैन रसद पनि राख्नु हुँदैन आड पनि पांसिटारमा वनाउनु पर्छ पांसिटारको छुंदिगाउमा रसद पनि राषनुपर्छ अव आयाको रसद पांसिटारको छुंदिगाउमा भर्नुपर्छ भनी प्रोहित जतुर्भुजदत्त अर्ज्याललाई र गोदांमा रहन्याहेरुलाई लेषिपठायाका रह्याछन् मलाई पनि मैंले यो अठौट गऱ्याको छु हजुरवाट पनि प्रोहित गैह्र गोदांमा रहन्याहेरुलाई येही वेहोरा हजुरवाट पनि लेषीवक्स्या वढिया हुंदो हो भनी निज कम्याण्डर कर्णेलले लेषिपठायाको थियो अघि यो वेहोरा हजुरवाट मर्जि भै पांसिको विकटलाई आड थामी अरू छाउनी आड भरकाई केरु सहर भित्र पारी आड पनि वनाउनु पल्टनका षलंगा नपुग्याका पनि बनाउनु भन्या वेहोरा लेषी गयाको थियो आज कम्यांडर कर्णेलले यो वेहोरा लेषी पठाउदा मेरा तजवीजमा पनि लागेन र केरुंगमा रसद भर्नुपर्छ केरुलाई सहर भित्र पारी आड पनि वनाउनुपर्छ पांसिटारमा आड पनि हुँदैन छुंदिगाउमा रसद भर्न पनि हुँदैन भनी लेषी पठायां कुगालाई दाउराका तर्ताकितिलाई र नौ सये केरु उठाई ढेवाषां स्वांदि पनि कुकुरघाटमा आड वनाउनालाई ... १ ... इ ४ पल्टन लाग्याका रह्याछन् इ आउन्या घाइत्याहरूमध्ये कसैका षर्च पनि सकियाको रहेछ र घा हेरी वाटाषर्च येक रुपैया दुइ रुपैया दिन्या काम गऱ्यां हर्फमा कं वेस पऱ्याको छेमा राषिवक्स्याजाला विज्ञेषु किमधिकम्... ... ... ... ... ... ... ... ...

इत श्री जनरल जगत्संसेर जंग वर राणाजीको कोटि कोटि साष्टांग डंडवत् सेवा सहस्रम् ... ... ... ... ... ...

इति सम्वत् १९१२ साल मिति मार्ग सुदि ६ रोज ७ मोकाम गरान सुभम्... ... ... ... ... ... ... ...

सम्वत् १९१२ साल मिति वैसाष वदि ३० रोज २ का दिन

| | |
|---|---|
| घाइत्या भयाका जम्मा जवान — | १३ |
| श्री जंगनाथ पल्टनको — | ६ |
| १ पट्टी — | ४ |
| सिपाही रत्नसिं टीषरामा गोली छिचल्न्या — | १ |
| ऐ कुविर्छिरि लामा कोषामा गोली ननीस्क्याको — | १ |
| अमलदार भारथ देवऱ्या पाषुरामा गोली लाग्याको — | १ |
| सिपाही स्यालपां वताम्या वाम गोडाको पाइतालो छिचल्याको — | १ |
| २ पट्टीका सिपाही जीतमान लामा पानसय षोला डाडापानी काषीमा गोली लागन्या— | १ |
| ३ पट्टीका सिपाही कृतसिं लामा रामपुर हतनयाला छिचल्याको — | १ |
| श्री भैरवनाथ पल्टन २ पट्टीको सिपाही अकलमान लिवु घुडा छिचल्याको— | १ |
| श्री महीन्द्र पल्टनको — | ४ |
| १ पट्टी— | २ |
| अमलदार चन्द्रसिं षडका चागु दाहिन्या गोडो छिचली वाउ गोडामा लागी नछिचल्न्या— | १ |

| | |
|---|---|
| सिपाही कासीनाथ पाध्या पुर्कोट पाइतलामाथि लागी छिचल्याको — — | १ |
| २ पट्टीको सिपाही ललितवम षत्री पनौती कुममा लागी छातीवाट छिचल्याको घाउ १ पाइतलामाथिवाट लागी गोली नछिचल्याको गोली अडियाको समेत दुइ गोली लागन्या — — | १ |
| २ तोपका वहीदार वेदनाथ पाध्या काठमाडौं दाहिन्या पाता गोली नछिचल्याको — — | १ |
| श्री पुरानगोरष पल्टनको — — | २ |
| १ पट्टी रंगवीर थापा गोर्षा दाहिन्या गोडामा लागी गोली नछिचल्याको — — | १ |
| ४ पट्टी कुलवीर थापा गुल्मी दाहिन्या सांफरामा लागी गोली छिचल्याको — — | १ |

२ पल्टन पनि पुगेछन्...२...पल्टनले समेत गरी जम्मा ४ पल्टन भै रामागाउमा आयाको फौजको ध्वस्त गर्याछन् वेस असल गरी लेषी आयाको रहेछ यहांवाट चाडो चाडो गरी पठाइदिन्या काम गन्यां वेसतरफ पनि षजाना पाल, फौज, चिघा, षलासी जो पछि रह्याको थियो विच विचमा लाम राषी वरोवर हिडाउदैछु आज ता चतुर आलेका पौवादेषि निषन्याछन् हरफमा के वेस पन्याको छ्यमा राषिवक्स्याजावस् विज्ञचरणकमलेषु किमधिकम्.... ... ... ...

इतश्री महाराजकुमार कुमारात्मज श्री जनरल जगत्संसेर जंग कुवर राणाजीको कोटि कोटि साष्टांग दण्डवत् सेवा सहश्रम्... ... ... ...

इति सम्वत् १९१२ साल मिति कार्तिक सुदि ४ रोज ३ मोकाम चतुर आलेको पौवा शुभम्... ... ... ... ...

श्री पुरानागोरष भैरवनाथ श्री देवीदत्त

१ २

अर्जि ... ... ... ... ... ... ... ... ... ... ...

उप्रान्त कार्तिक सुदि ३ रोज २ मा लेषिवक्स्याको कृपापात्र ऐ सुदि ४ रोज ३ का पांच घडी रात वांकीमा आइपुग्यो विस्तार हरफ हरफ पढि सिर चढायां कम्याण्डर कर्णेललाई र अगाडी लंवरमा गयाका...१...पांसिटारमा रह्याका ....२...ई ३ पल्टनका पगरिलाई चिठी लेषी वकसि आयाको रहेछ त्यो चिठी त्यहां आइपुग्ने मात्र तिमीले षोलि हेरि फेरि अलुप वन्द गरी त्यो चिठी केरुंमा कम्याण्डर कर्णेल सनवसीं षत्री छेउ पुगन्या गरी चाडो चाडो रातसाज गरी पठाइदिन्या काम गर ढिलो हुन नजावस् भनी लेषी वक्स्याका अर्थ मजिवमोजिम चिठी लेषि हेरि फेरि कुलुप मारी वन्द गरी रमाना फेरि रातसाज गरी चाडो चाडो हिडाउनु भन्या हुलाकीहरुलाई उर्दी दी हिडाइदिन्या काम गर्‍यां अल्हे रामागाउमा आयाका दुस्मनका फौजको जोर पुग्याको छैन जोर पुग्याको भया...२...पल्टनलाई राषन्या थियेन अव अघिल्ला लंवरका कम्याण्डर कर्णेलसंग गयाका

दाषिल ११ साल फागुन वदि १० रोज श्री प्राइम्मिनिष्टर यानका हजुरमा जुमला गल्फा दर व ट श्री कम्याण्डर कर्णेल कृष्णध्वज कुवर राणाजीवाट चह्राई पठायाको... माघ वदि १० रोज ७ मा लेषिवक्स्याको शिक्ष्यातिपत्र ऐ सुदि ११ रोज १ मा आइपुग्यो विस्तार हरफ हरफ पढी सिर्चह्रायां आगे यहांको समाचार हजुरका आसिर्वादले भलो छ उप्रान्त दस्षत २ पठाइदियाको छ चैत्र महिनासंममा डेढ वर्षलाई खान पुग्न्या गरी रसद जंमा गर्नु पाषि, नंवुका वषु, दोचा तयार गर्नु वैसाष जेठमा सायेतको काम गरी वढनु भन्या हाम्रो चिठी नआउदा आफूलाई चाहिन्या रसद षर्षजाना ताकिती गनु रसद मुलुकलाई कारा लगाई वीकाउन्या काम गर्नु भाउका कुरालाई तिमीले अघि षरिद गर्दा क्या भाउले षरिद गर्‍याथ्यौ पछि क्या भाउ षरिद गर्‍याछौ दुवै पटकको षरिदीको मेज मिलाउदा क्या भाउ ठहर्छ उसै भाउमा दिनु तांहावाट लस्कर उठदा कारालीले नपुगी ज्याला मजुरी गरी लैजान पर्‍यो भन्या ज्याला मजुरिको हिसाप गरी भाड ठेकेदिन्या काम गर्नु महादेउमंडी साविकवमोजिम इजरा कवुल गर्न्या मानिस छ भन्या इजारामा दिनु इजारामा लिन्या कोही ठहरेनन् भन्या अमानत तहसिल गर्नु भनी सदरि कनर्कासि महतलाई लेषनु

भनी लेखिवक्स्याको रहेछ वहुत वढिया भयो हजुरवाट पठाइवक्स्याको दस्षतर आइपुग्यो मर्जि आयावमोजिम वैसाष जेठ वढोसंममा रसद षर्षजाना पाषीको वषु, दोचा गँह्लको ताकिती पनि गरौला पल्टनलाई रसद दिदामा पनि मर्जि आयावमोजिमकै तर्जुमा गरी दिन्या काम गरौला मंडीका वेहोरालाई पनि मर्जि आयावमोजिम सर्दार कनकसिं महतलाई लेषिपठाउन्या काम गर्‍यां सायेतको कागज र हजुरको मर्जि आयापछि वढन्या काम गरौला ज्यादा हजुरका गातको कुसल छेम सहित सिक्ष्यार्ति हरवषत मेहेर भया मर्जिवमोजिम काम गर्दा हुँ विज्ञप्ति चरणेषु किमधिकं इति सम्वत् १९११ साल मिति माघ सुदि १३ रोज ३ सुभम्...

दाषिल ११ साल फागुन सुदि ११ रोज ४ श्री प्राइम्मिनिष्टरकै श्री मेजर जनरल कृष्णधोज कुवर राणाजीवाट जुमल गल्फा दरावाट चह्लाइपठायाको माघ सुदि ११ रोज १ मा लेषिपठाइवक्सनुभयाको सिक्ष्यार्तिपत्र फागुन वदि ८ रोज ७ मा आइपुग्यो विस्तार हरप हरप पह्ली सिर चह्लायां आगे यहाँको समाचार हजुरका आसिर्वादले भलो छ उप्रान्त मुलुकवाट आयाको रसद भर्दा स्याहामा चह्लाई रसिद गरी रसिदको नकल सारी सुंपिदिनु रसिद पायौन भनी कोही कराउन आया र रसिद नदियाको ठह्र्‍या भन्या निमीहरूलाई हातकलम हुन्याछ भनी रसद भर्न्याहरूलाई उर्दि दिन्या काम गर भनी लेषिवक्सनुभयाको रहेछ वहुत वढिया भयो पत्र आइपुग्न्यामात्र लेषी आयावमोजिम गोदाम भर्न्या लेषन्याहरूलाई उर्दि दिन्या काम गर्‍यां ज्यादा हजुरका गाथको क्षेमकुसल सहित सिक्ष्यार्ति मेहेर हुँदै रह्या सिर चह्लाई काम गर्दाहुँ विज्ञप्ति चरणेषु किमधिकं सम्वत् १९११ साल मिति फागुन वदि रोज... ... ... ... ... ...

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री कम्याण्डर इन चिफ जनरल रणउदिपसिंह कुवर राणाजीका चरणतल श्री छपु घुंपाको लामा र गादान घुंपाको लामा चार काजीका मानिस टिमरी पालो वसन्या धँवुंको षजांचीहरूका सलाम सलाम सलाम हमीहरू ताहा चौडामा आउन्याहरूलाई ततपनिमा क्षेक थना नहुन्या हमी लामाहरू राचारिय जति भयाका सवैलाई राहदानी लेषी वक्साउनुहोला ताहा पुग्ये पछि गुण हमीले सो जोडन्या काम गरूला इति समावत १९२२ साला मिति काति सुदि १४ रोज सुभम्... ... ...

### श्री हिमालयध्वज

१

स्वस्ति श्री मन्निजदोर्दण्डकमलकलितकराकरवालनिराकृतारिकदम्ब श्री मद्राजकुमार कुमारात्मज श्री श्री श्री प्राइम्मिनिष्टर यान् कम्याण्डर इन चिफ जनरल दाज्यैज्यू जंगवहादुर कुवर राणाजी वर्म चरणकमलतलेषु इत श्री मद्राजकुमार कुमारात्मज श्री विकिटियर जनरल खड्गवहादुर कुवर राणाजीको कोटि कोटि दण्डवत् सेवा सतंपूर्वक पत्रमिदम् इत निक ताहा हजुरको गात सदा सर्वदा छेम कुसल मंगलोदय रहनुभया मेरो प्रतिपाल उद्धार होला आगे यहाँको समाचार आसिर्वादले भलो छ माघ सुदि ११ रोज १ मा र फागुन वदि ४।६ रोज ३।५ मा लेषिवक्स्याको सिक्षापत्र दस्षतसमेत फागुन वदि १।९।११ रोज ६।१।३मा आइपुग्यो विस्तार वुझी सिर चह्लायां उप्रान्त रसद भर्‍याको रसिद पायेनौ भनी कोही कराउन आया रसिद नदियाको ठह्र्‍यो भन्या दोचन्दा जरिवाना होला गोदाममा चावल नवुझी वुझ्यौं भन्या किर्त्या रसिद गरिदियाको ठह्र्‍यो भन्या हातकलम हुन्याछ भनी रसद भर्न्या लेषन्याहरूलाई उर्दि दिन्या काम गर भन्या र हाम्रा मुलुक तराईमा षेति कमाई गरी वस्छौं भनो स्वास्नीसमेत ली जान्यालाई जान दिनु यस्ताको राहदानी गर्न्या जिम्मा हालन्यालाई जरिवाना हुदैन भन्या ऐन भयाको छ सोवमोजिम उर्दि दिनु भनी लेषीवक्स्यावमोजिम रसद भर्न्या लेषन्यालाई र गौडा गौंडाका अमलाहरूलाई उर्दि दिन्या काम गर्‍यां सुषिम राजाले आफ्ना राजीखुशीसंग घोडा चिजविजका भारी पठाया भन्या तैंले मानिस साथ गरि याहाँ पठाइदिन्या काम गर भनी मर्जि आयावमोजिम सुषिमवाट आयाको लामा २ ले घोडा २ र अरू भारिसमेत ली आया र इनहरूलाई सिपाहि साथ लगाई फागुन वदि १२ रोज ४ मा याहांवाट तेस्तर्फ रवाना गरिपठाउन्या काम गर्‍यां हजुरमा दाषिल हुहुन् ताहां आउन्या नयाँ पल्टनको नाउँ...१...र तेस पल्टनलाई विपा

१०० जमादार २ हवल्दार २ भर्ना गर्नु भन्या लेषि गयाको हो पुराना पल्टनमा ५० जना मात्र ताहां गयाको हुनाले तेतिले पुग्दैन भनी तेसमाथि थप पिपा जमादार ३ हवल्दार ३ पिपा १५०थपी अघि लेषिगयासमेत जम्मा पिपा जमादार ५ हवल्दार ५ पिपा १५० भर्ना गर्नुपर्‍यो सोबमोजिम भर्ना गर भनी मर्जि आयो सिर चह्रायां अघि पिपा जमादार २ हवल्दार २ पिपा १०० को ताकिती गर्‍याको थियां अब मर्जिबमोजिम फेरि जिल्ला जिल्लामा हुद्दा सिपाही षटाई भोटे किराति प्रजा जातहरू झिकाई पिपा जमादार ५ हवल्दार ५ पिपा २५० भर्ना गर्न्या काम गरुला...१... पल्टन पनि फगुनका १०।८ दिन जांदा याहांवाट हिंड्दछन् ताहा डेरा छाउनिको तयार गरी पल्टन नयाँ छ ताहां पुग्यापछि सघाउनु भनी लेषिवक्स्याका अर्थ डेरा छाउनिलाई पनि तयार गर्न लायाको छ पल्टन याहां आइपुग्यापछि र सघाइ सिकाइ तयार पनि गराउला म सिकारजुं पुग्यापछि ताहांवाट तैंले दिगर्चा हान्न जानुपर्न्या छ आफुलाई चाहिन्या रसत खजाना समेतको ताकिनि गरी राषन्या काम भया वढिया होला भनि मर्जि आयो सिर चह्रायां रसत षजाना-को वरोवर ताकिति गरी राष्याको छ हजुरको सवारि सिकारजुं पुगी हजुरवाट मर्जि आयाबमोजिम याहांवाट मैले पनि आफुलाई चाहिन्या रसत षजाना मेह्लको तयार गरि फौज ली दिगर्चा हान्न जान्या काम गरुला अकवाल र हजुरको छ सेवे सहर भन्याको षानको मुलुक हो कि ह्लासा को हो तेस्को तहकित षवर लेखिपठाउन्या काम गर भनी लेषिवक्स्याका अर्थ स्यागे सहर भन्याको १ वालुँचुंदेषि ५।७ दिनको वाटो रहेछ त्यो भन्या ह्लासाको हो भन्छन् सेवे सहर भन्याको १ ह्लासादेषि पुंडो ४।५ दिनको वाटो छ भन्छन् षामको राजा आफ्नो फौज ली सेवे सहर आयाको छ भन्या षवर अघि वालुंचुंवाट लेषिपठाउदा हजुरमा पायाः सुन्याको षवर विन्ति चह्राई पठायाको हो अब र कुनचाहि सेवे सहरमा त्यो राजा फौज ली वस्याको रहेछ फेरि तहकित वुझी हजुरमा विन्ति चह्राई पठाउन्या काम गरुला लंगुरपार चेवा गर्न जान्या मध्ये दोसाधदेषि ५।७ दिनको वाटोसम पुगि चेवा चर्चा वुझि रसद वोकन्या जनावर वांचि ल्यायाको र षेषवर ल्यायाको विजक फर्द चह्राई पठायाको छ हजुरमा जाहेर होला अरू चेवाहरू आइपुग्याका छैनन् हाम्रा सिवानाभित्रका चौरि भेडाहरू वालुंचुं तोपकेगोलाको भन्या जाची मुचुल्कासमेत आइपुग्यो हटिया च्यांतांतिर जान्याहरू अलिक दिन वेराम हुन गयाछन् र आइपुग्याका छैनन् २।४ दिनमा ती पनि आइपुग्यापछि सवै जम्मा गरी हजुरमा चह्राई पठाउला मैले दिगर्चा हांन जांदा रसतलाई ता जो पायाका चौंडि, भेडा, षचरहरूलाई वोकाई लैजाउला ४ तोपको र २००० नालको षजाना असवाफ मेह्ल यति ३।४ सै पिपा षलासिले मात्रै उठाई सकन्या छैनन् वालुंचुं-संम ता दुनियांलाई वेगारीमा वोकाई पुन्याउला ताहांदेषि लंगुरपार लैजानालाई यसमाफिक गर्नु भन्या सिक्ष्यार्तिको मर्जिवमोजिम ताकिति गर्न्या काम गरुला जो मर्जि यहाँ आजसंम षजाना तयार भयाको र रसत भरियाको चलान भयाको तेरिज हजुरमा चह्राई पठायाको छ जाहेर होला ताकिति र वरावर भयाको छैन रसतका भारि रोजको हजार वाह्र सै संम वरोवर चलान हुँदैछ याहांदेषि अरू षजाना तयार भयाको र रसत चलान भयाको हजुरमा पछि विन्ति चह्राई पठाउला र हजुरमा जाहेर होला याहाँ रहन्या पल्टनलाई फिजवानपिछे १७ गठा तयार भयो अब याहां सिसा वारुद वांकि रह्याको छैन ताहाँवाट...१... पल्टन आउदा निज पल्टनलाई चाहिन्या षजाना असवाफ ताहींवाट पठाइवक्स्या वढिया होला...१... पल्टनलाई रैवन्दिवमोजिम १२साल वैसाष वदि १ रोजदेषि मेह्लावारी दर्माहा वाडिदिनु भनी मर्जि आयाका अर्थलाई यस किरातको ११ सालको तहसिल तैंले गर्नुपर्दैन भन्या हजुरवाट अघि मलाई मर्जि भै पुराना कामदार षारिज हुँदा आजसंम तहसिल भयाको छैन साविकवमोजिम तहसिल हुन्या थियो अव र कुन वेहोरासंग तहसिल गरी वैसाषदेषि दर्माहा वाडन्या काम गरुँ यस वेहोरासंग मानिसको वन्दोवस्त गरी असुलतहसिल गर्नु भन्या सिक्ष्यार्ति मेहेर भै आया मर्जि-वमोजिम वन्दोवस्त गर्न्या काम गरुँला ज्यादा गातका छेम कुसलसहित सिक्ष्यार्तिको कृपापत्र मेहेर हुँदै रह्या उद्धार होला विज्ञचरणेषु किमधिकम् इति सम्वत् १९११ साल मिति फागुन वदि १४ रोज ५ मुकाम धनकुटा सुभम्......

### श्री ५ सर्कार

### १

अर्जि ... ... .... ... ... ... ... ... .... ... ...

उप्रान्त गरिपर्वर श्रावण सुदि ९ रोजका दिन कुतिवाट

रवाना भै गयौं हजुरका पुण्यप्रतापले सबै लस्करलाई भैरव लंगुरमा पनि कसैलाई केहि भयेन ताहांका भोट्याहरू पनि यलिका लस्करमा एक जनालाई पनि केहि भयेन अनि आस्चर्य मानिरह्या टिंगरिमा पुग्दा पनि टिंगरिका ताचेले भोट्या सिपाही जना १०० लाई हामी पुग्दामा वालिफैरको सलामी ३ फेरा वढाई गन्या देरा दंडा पनि षटाइदिया अघिका काजीहरूले भैभारदारहरूकाहां भेटघाट गर्नालाई अघिवाट आफुले भेटघाट गर्न जान्या गन्या रहेछ मैले र अघिवाट तिमिहरू आई भेटघाट गर्न आयापछिन् पछिवाट मैले गै भेटघाट गर्न जान्या गन्याको छु टिंगरिका ताचेलाई पनि पैह्लै तेसले आई भेटघाट गर्न आयापछिन् पछिवाट साविकवमोजिम कासिवाल थान १ सुपारि धार्नि १....१... को चिठी १ ली भेटघाट गर्न गयौं औ भारि भन्या अड्डा अड्डामा जिम्मा लायापछिन फेरि अरू अड्डामा नपुगुन्ज्याल भारि यहाँ छ भन्या थाहा हुँदो रहेनछ श्रावण सुदि १५ रोजका दिन मलगायेत सिपाहीतकका हजुरका गुलाम सवै आनन्दसंग सिकारजुङ पुग्यौं कुतिमा जिम्मा लायाका भारि गैह्लको वदला हुन्या ठाउँ पनि ताहीं रह्याछन् अव र कुतिका ढेवाहरूसंग जिम्मा लायाका भारि गै वुझि लि सिकारजुङ्का हाकिमलाई जिम्मा दिइसक्यौं भाद्र वदि २ रोजमा याहांवाट भारि सवै चलान गरि हामि सवै रवाना भै जान्याछु मैले र मेरा वर्गतले पनि होइन हजुरका पुण्यप्रतापले भैभारदारहरूसंग भेटघाट कामकाज गर्दामा पनि यस कुरामा त यसो होइन भन्या गाफिल पान्याको छैन अरू र जो भयाभरको वेहोरा ठाउँ ठाउँवाट अर्जि लेषि चह्राई पठाउन्या काम गरुंला हरपमा उचनीच पऱ्याको क्षेमा राषिवक्स्याजावस् विज्ञे चरणेषु किमधिकम्... ... ... ... ...

सदा सेवक काजि जगत्सेर षत्रि क्षत्रिको कोटि २
दण्डवत् कुर्नेस कुर्नेस कुर्नेस... ... ... ... ...

श्री ५ वादसाह

१

स्वस्ति श्री सर्वोपमायोग्येत्यादि सकलगुणगरिष्ठ राजभारोद्धरणसमर्थ श्री श्री श्री जनरल भीमसेन थापाकेषु इतः श्री दलभंजन पांडे श्री देवीभक्त षत्री अनुपसि अधिकारिकस्य पाइलागुं सलामपूर्वक पत्रमिदम् इहां कुसलमंगल सर्वदा चाहिये आगे इहाँको समाचार भलो छ उप्रान्त ठेन्दुफुसंगको हाल सुरत ठेन्दुफुवाट लेषिपठायाका चिठीले मालुम होला अधिक आश्विन सुदि ७ रोज १ का मितिमा रवाना भयाका चिठीपत्र ठेन्दुफुवाट हिड्याका पांचौं दिन कार्तिक सुदि ११ रोज २ चवथुस्यान गाउँका वासमा सुतारिनमार्फत आइपुग्यो अर्थ विस्तार मालुम भयो लासाका तारेन २ लेइ चिठीमा क्या लेष्याको रहेछ सो चिठी हेरी नकल उतारी हामी छउ पठाउनु भनी हाम्रा अक्षर पाह्या लिचुङ्लाई लेष्याको रहेछ र चिठीको नकल गरी चुङ्ले पठायो हामी ठेन्दुफुवाट हिड्याका २६ दिनमा पुसका ३ दिन जांदा सौगातसमेत आरामसित सिगाफु आइपुग्यौं आयाका तेस्रा दिन ताधि दिगर्चामा बाउन्या सैच्यान चुमन र चुन्दुसमेत १० जाना ठुला भारदार रह्याछन् डाक्न पठाया गयुं सर्कारको क्षेम कुसल मुलुकको स्वास्थ्य वाटामा आरामसित आयाको सवै सोध्या विस्तार गऱ्युं वढिया शिष्टाचार राषी कोचीन, तुस थैली, छुरी, मेवा, भेडा, आटा, चावल, च्या, दुमार गैह्र षान्या सराजामहरू दिया नाचतमासा पनि हेरी विदा भै आयुं ३ दिन मुकाम गरी पौषका ७ दिन जांदा शुक्रवार इहाँवाट हिड्छौं २६ दिनमा पैचीन पुगी ... १...को दयापछिको विस्तार पछिवाट लेषिपठाउला विज्ञेषु किमधिकं मिति सम्वत् १८७९ साल पौष सुदि ६ रोज ५ मुकाम सिघाफु सहर शुभम्... ... ... ... .... ... ... ... ...

अर्जि ... ... ... ... ... ... ... ... ... ... ...

उप्रान्त कार्तिक वदि ६ रोज ४ मा चक्रावस्मांग हस्ते पठाइवक्स्याको सिक्षेपत्र मार्ग शुदि ९ रोज ६ मा निजको वन्जार रतनवीर हस्ते आइपुग्यो हेरि विस्तार सिर चढायां वांकी चक्रवीर साहु भन्या ल्हासा आइपुगेनन् चक्रवीरले माल लहना तहसिल गर्नालाई मद्दत माग्याछन् दिनु भन्या लेषिवक्स्याका अर्थलाई सिक्षेपत्रमाफिक निजका गुमस्ताहरूले भन्येका वेलामा मद्दत दिन्या काम गरुंला षामिद वन्दा सेवकका उत्तर अर्जिमा कम ज्यादा पऱ्याको क्षेमा वक्स्या जाला ... ... ... ... ... ... ... ... ... ... ... ...

इत सदा सेवक कपतान चन्द्रमान कार्कीको
कोटि कोटि दण्डवत्


इति सम्वत १९१७साल मिति पौष सुदि७ रोज६ शुभम् ...

श्री जनरल ... श्री ३ लेफ्टनन जनरल दाज्यैज्यू
१ ... २

अर्जि ... ... ... ... ... ... ... ... ... ... ... ...
उप्रान्त वैसाष सुदी २ रोज ४का दिन माथीवाट देवाधर्मको लामाले मसंग आइ डिगर्चाको क्षांजे डुंडुप र कुटुं जना २ घा गर्न आयाका छन् भन्या कुरो विंति गरी हजुरको दर्सन गर्न नेपाल जान्छु भनी मसंग विदा भै गयापछि मेरा नाउँमा माथिवाट केही चिठि आया भने षोली ...१... साहेवका हजुरमा विन्ति चढाएस् भनि ढेवा लिंदिनलाई निज लामाले अह्रायाको रहेछ वैसाष सुदि ३ रोज ५ मा १०।११ घडी दिन चढदा सेतो धजा र भोटेअक्षरको चिठि लामा टांगांमा वाधी हल्लाउँदै दोहरा लडाइँ पऱ्याका वीचमा दुस्मनका मानिसले गाडी गयेछ वाहांवाट अफिसरहरूले मसंग पठाया र त्यो चिठि ढेवा लीदिनलाई देखाउँदा डिगर्चाको क्षांजेनिमा डुंडुप र षजांची दर्जाको चिनियां कुंटुंले देवाधर्मको लामालाई लेष्याको रहेछ तेस्मा गोर्षालीले लस्कर उठाइ लडाइँ गर्न आउन आघो घा गरे वढिया होला भनी तिमि आएथ्यौ गोर्षालीको लस्कर वढी हाम्रा लस्करले थामन लाग्दा लडाइँ भयाको तिमीले देष्यौ दुवैतिरका मानिस जषं भयाको पनि तिमीलाई थाहै छ अव घा हुन्छ भने ताहाको जवाप लि तिमी कुंगा आउ कुगा आउनालाई गाह्रो मांछौ भने कुगादेषि मनिवाट १ कोस वोटो घोर्मा भन्या गाउसंम म आउँछु तिमि पनि १ वेरा ताहां आउ र जो गर्ने कुरा गरौंला भनि लेष्याको रहेछ र निज लामा हजुरको दर्सन गर्न यतावाट तेसतरफ हिड्याको पनि फिराउत पठाई हजुरवाट मलाई पठाइवक्स्याको सानु छाप लाग्याको घा वंदवस्तको वेहोरा लेषियाको कागजवाट चाहिन्या कुरो उतार गरी निज लामा यहाँ आउन्याविक्तिकै त्यो उतार, तेस्का हात दि कुंगातरफ पठाई आफ्ना वाटाघाटा र चेवाचर्चा हेरचाहा वन्दोवस्त गरी रहन्या छु...२...को पल्टन केरु आयापछि मद्दतलाई माथितिर पल्टन थप्न्या पनि छु औ निज देवाधर्मको लामाले माथितिरवाट ल्यायाको हाल तुरंत हजुरमा लेषी चढाई पठाउन्या कां गरुला लडाइँतरफको षवर अघिल्ला अर्जिवमोजिमै छ घट्वढ केही भयाको छैन औ अरू गौंडाको हाल पनि सिक्षापत्रमा संक्षेप पठाइवक्स्या सो वुझी दुस्मनको सिकिस्ति गर्नुपर्दो रहेछ जो मर्जि पत्रमा कं वेस पऱ्याको क्षमा गरिवक्स्याजाला अर्ति सिक्षा पत्र आउँदै रह्या सोमाफिक टहल गरुंला विज्ञ प्रभु चरणेषु किमधीकं ... ... ... ... ... ... ... ... ... ... ...

श्री महाराज कुमार कुमारात्मज श्री जनरल जगत्संशेर जंग कुवर राणाजीको कोटि कोटि साष्टांग दण्डवत्सेवा सेवा सेवा ... ... ... ... ... ... ... ... ... ...

इति सम्वत् १९१२ साल मिति वैशाख सुदि ४ रोज ६ मकां कुकुरघाट शुभम् ... ... ... ... ... ... ... ...


मकवानपुर जिल्लाको केही भाग
स्केल १" = १ माइल
जिल्ला-सिमाना
पक्की सडक
बाटो
गाउँ-घर
नदी, खोला
किल्ला
पुल
मन्दिर

# मकवानपुरका केही पुरातात्विक उपलब्धि ।

—साफल्य अमात्य

जुनसुकै स्थलको ऐतिहासिक जिज्ञासालाई भूगोलले ठूलो साथ दिएको हुन्छ । मकवानपुर जिल्लाको पनि पुरातात्विक एवं ऐतिहासिक तथ्यहरू बारे बढी जानकारी प्राप्त गर्न त्यहाँको भौगोलिक स्थिति राम्ररी बुझ्नु पर्दछ ।

मकवानपुर जिल्ला काठमाडौं उपत्यकाको ठीक दक्षिण-मा पर्दछ । यस जिल्लाको सदर मुकाम हाल भीमफेदी हो ।

(२०२७ साल माघ महीनामा श्री ५ को सरकार, पुरातत्व विभागका अभिलेख विशेषज्ञ श्री साफल्य अमात्यको नेतृत्वमा निम्न लिखित व्यक्तिहरूको एक चार सदस्यीय टोलीले करीब एक महीनासम्म नारायणी अंचलको मकवानपुर जिल्लाका विभिन्न पुरातात्विक एवं ऐतिहासिक स्थलहरूको सर्भेक्षण, अन्वेषण तथा सामग्री संकलन सम्बन्धी भ्रमण गरे । उक्त टोलीका अरू सदस्यहरू राष्ट्रिय अभिलेखालयका का.मु. सम्पादक श्री शंकरमान राजवंशी, माइक्रोफिलिमिष्ट श्री विजयशंकर श्रेष्ठ र पिउन श्री धर्मरत्न बज्राचार्य हुनुहुन्थ्यो । उक्त टोलीले मकवानपुर जिल्लाका विभिन्न पुरातात्विक स्थलहरू जस्तै तिस्टुङ्ग, पालुङ्ग, मकवानपुर गढी, भिमफेदी, हिटौडा आदि स्थानहरूको भ्रमण गऱ्यो । सर्वप्रथम उक्त टोलीले ऐतिहासिक कागजातहरू, हस्तलिखित ग्रन्थहरू शीलालेख तथा अरू किसिमका अभिलेखहरूको सर्भेक्षण, नक्कल उत्तार, फोटो उत्तार र सकेसम्म संकलन गर्ने कार्य गऱ्यो । साथै उक्त टोलीले प्राचीन स्मारकहरू, भग्नावशेषहरू, र कलात्मक वस्तुहरू जस्तै मूर्ति आदिको पनि विस्तृत रूपमा अध्ययन, फोटो उतार, सर्भेक्षण एवं सकेसम्म सुरक्षित गर्ने कार्य र ऐतिहासिक तथा पुरातात्विक तथ्यहरूको जानकारी पनि धेरै मात्रामा प्राप्त गऱ्यो । —सम्पादक )

यस जिल्लाभित्र तिस्टुङ्ग, पालुङ्ग, भीमफेदी, मकवानपुर गढी, हिटौडा, चितलाङ्ग, मार्खु आदि गरी जम्मा ३४ वटा पंचायतहरू छन् । यो जिल्लाको सिमाना काठमाडौं उपत्यका-संग जोडिएको छ । यो जिल्ला नेपालको भित्री–मधेसमा पर्दछ । यहाँ जाडोमा जाडो र गर्मीमा गर्मीनै हुन्छ । तर मकवानपुर र हिटौडाबाहेक अरू ठाउँहरूमा धेरैजसो जाडो नै हुन्छ । बाटोघाटोको राम्रो सुविधा भएको हुनाले वर्ष-भरि जुनसुकै समयमा पनि यो जिल्ला घुम्न सकिन्छ । जिल्लाभरि जाडोको याममा जतासुकै मोटर चले तापनि गाउँका मुख्य, मुख्य वस्ती भएको ठाउँमा पुग्न पैदलै हिंड्नु-पर्दछ ।

## मकवानपुरः–

"मकवानपुर" भनी यस जिल्लाको नाउँ प्राचीन सेन वंशका राजाहरूको राजधानी मकवानपुर भन्ने ऐतिहासिक नाउँबाटनै रहन गएको हो कि जस्तो बुझिन्छ । हुनत त्यस वेला मकवानपुर एउटा राजधानी मात्र नभै एउटा विशाल सेनराज्य पनि थियो । जसको राजधानी हाल देखा परिरहेको मकवानपुर गढीलाई नै मानिन्थ्यो । प्राचीन ग्रन्थहरूमा मकवानपुरलाई "माकन्दपुर" भनिएको छ । (१) कोही भन्दछन् राजा मुकुन्द सेनले स्थापना गरेको राज्य भएको हुनाले यसलाई "मकवानपुर" भनेको हो । जे होस्, आज मकवानपुर, नारायणी अंचलको एक प्रमुख जिल्ला हो । यस नाउँले आजसम्म पनि ती प्रतापी मकवानी सेन राजा-हरूलाई अझै जियाइराखेको छ जसले अठारौं शताब्दीको अन्त्यसम्म पनि नेपालतराईको एउटा ठूलो भूभागमाथि आफ्नो अधिकार राखिरा थिए । तर जसरी आज त्यो

मकवानपुरको विशाल राज्य र ती प्रतापी सैन राजाहरू नेपालको बृहत् इतिहासभित्र मात्र छ। त्यस्तै तिनीहरूको राजधानीमा स्थित त्यो विशाल किल्ला पनि सिर्फ एक भग्नावशेषको रूपमा मात्र बाँकी रहेको छ। (फलक १क)

नेपाल अधिराज्यका विभिन्न भागहरूमा खास गरी गण्डकीपारिदेखि कोशीवारिसम्मको भित्रीमधेस र तराई क्षेत्रहरूमा सेन वंशका राजाहरूले करीव सोह्रौं शताब्दी-अघिदेखिनै राज्य गरिआएको देखिन्छ। नेपालको इतिहास-मा सर्वप्रथम एक सेन राजाको उल्लेख काठमाडौंका राजा रत्न मल्लको समयमा गरिएको छ। तत्कालीन पाल्पाका सेन राजा मुकुन्द सेन (प्रथम) थिए। रत्न मल्ल पन्ध्रौं शताब्दीको अन्त्यतिरको (A. D. 1491) काठमाडौंका राजा थिए। वंशावलीअनुसार रत्न मल्ल काठमाडौंका एक शक्तिशाली राजा थिए। उनको मातहतमा छब्बीसवटा ठूलठूला गाउँहरू थिए ती मध्ये पाटन, कीर्तिपूर, फरपिङ्ग, गोकर्ण आदि हुन्। (१) इतिहास शिरोमणि श्री बाबुराम आचार्यको भनाइअनुसार पनि रत्न मल्ल र मुकुन्द सेन समकालीन राजाहरू थिए। मुकुन्द सेन सोह्रौं शताब्दीको अन्त्यदेखि सत्रौं शताब्दीको शुरु, शुरुसम्म पाल्पाका राजा थिए। (वि.सं. १५७५–१६१०) उनको राज्यको क्षेत्रफल कत्रो थियो भन्ने कुरा अझै विवादास्पद छ। तर सेनवंशा-वलीहरूअनुसार तराईमा मोरङ्गसम्म र पहाडमा दूधकोशी-सम्म फैलिएको थियो। उनको समयमा काठमाडौंका मल्ल राजा रत्न मल्लले कुकुजातिका भोटेहरूले काठमाडौंमाथि हमला गर्दा तिनीहरूबाट रक्षा गर्न पाल्पाका सेन राजा मुकुन्द सेनसंग मद्दत मागी पठाएका थिए र उनैको मद्दतले रत्न मल्लले भोटेहरूलाई धपाई पठाउन सफल भएको कुरा पनि वंशावलीहरूमा उल्लेख गरिएको छ। यसरी धेरैजसो इतिहासहरूले मुकुन्द सेनलाई पन्ध्रौं शताब्दीको अन्त्य र सोह्रौं शताब्दीको शुरु शुरुको विशाल पाल्पाली सेनराज्य-का राजा मानेका छन्। (A.D. १४८२–१५२०)

तर पद्मागिरिको वंशावलीमा राजा मुकुन्द सेनलाई बाह्रौं शताब्दीको अन्त्यतिरको (A.D. 1188) कर्नाटक वंशका राजा रामसिंहदेव अथवा उनको छोरा हरिदेव अथवा हरिसिंहदेवका समकालीन राजा थिए भनी लेखेको छ। उक्त वंशावलीमा मुकुन्द सेनको नेपाल उपत्यकामाथिको हमलालाई यसरी बयान गरेको छ– फसलको वेलामा राजा मुकुन्द सेनले ठूलो फौज लिएर नेपाल राज्यमाथि हमला गरे, उनको हमलादेखि जनताहरू त्राहि, त्राहि भए। भयभीत जनताहरू आफ्नो ज्यान बचाउन भागाभाग गर्न थाले। त्यसपछि मुकुन्द सेनले ठूलो लूटमार मचाए। मन्दिर र मूर्तिहरू भत्काई, बिगारी नासिदिए र मत्स्येन्द्र-नाथ (सेतो) को विहारबाट एउटा भैरवको मूर्ति उठाई आफ्नो राजधानी तानसेन लगे। भनिन्छ त्यो भैरव तानसेन-नजीकै एउटा स्थलमा अझै विद्यमान छ। लूटको धनमाल-सहित जब राजा मुकुन्द सेन आफ्नो देशतर्फ फर्कदै थिए, त्यसै बेला पाटनका जनताहरू मत्स्येन्द्रनाथ (रातो)को यात्राको लागि तयारी गर्दै थिए। सेनफौजको होहल्ला सुनी पाटनका जनताहरू डराई भागाभाग गर्न थाले र मत्स्येन्द्रनाथलाई पनि बाटैमा छोडी गए। राजा मुकुन्द सेन देवताको अगाडि पुगे र पाँचवटा नागहरूले देवतालाई आआफ्ना मुखहरूबाट जल वृष्टि गरिरहेको देखी उनी बडो अचम्म भए। तत्कालै राजाले पनि आफ्नो घोडाको टाउकोबाट एउटा सुनको माला झिकी देवतालाई चढाए र देवताले पनि त्यो स्वीकारे। त्यसै वेलादेखिन् मत्स्येन्द्रनाथ (रातो) संग सुनको माला रहन गएको हो पनि भन्दछन्। वंशावली फेरि भन्दछ– तर यसरी मुकुन्द सेनको फौजले गरेको घोर अन्याय, अत्याचारलाई भगवान् पशुपतिनाथले सहन सकेनन्। भगवान्को रिस प्रज्वलित भयो र एकै हप्ताभित्र विशाल सेनसैनिकहरू प्रलयका शिकार भए। यस्तो देखी राजा साह्रै दुःखित भए र एक साधुको रूप धारण गरी स्वदेश फर्के। (४) कोही भन्नछन्– उनले देवघाट त्रिवेणीमा गई शेषजीवन वानप्रस्थमा बिताए।

मुकुन्द सेनलाई बाह्रौं शताब्दीका सेन राजा र मूर्ति-नाशक राजा आदि जे भने तापनि कुनै कुनै वंशावलीहरूमा बाहेक यो कुरा अरू कतै उल्लेख गरिएको छैन। तर धेरै-जसो वंशावलीहरूमा उनलाई रत्न मल्लको समकालीन भनी मानेको हुनाले उनी सोह्रौं शताब्दीकै राजा हुनु धेरै संभव छ। फेरि सेन राजाहरू खास हिन्दू धर्मावलम्बी राजाहरू थिए भन्ने कुरा उनीहरू मध्ये मकवानपुरका सेन राजाहरूले आफूलाई "हिन्दूपति" भनी गौरव गर्ने र मोरङ्ग-को प्रसिद्ध वराहक्षेत्र र मकवानपुर किल्ला, पाल्पा आदि स्थानहरूमा सेनहरूको पालादेखि पुज्दै आएका विभिन्न

देवदेवीका मन्दिर तथा मूर्तिहरूले पनि जनाउँदछ। कुनै कुनै वंशावलीहरूमा मुकुन्द सेनलाई वर्बर, लुटेरा र विधर्मी राजा देखाए तापनि यस कुरालाई कुनै ठोस प्रमाणले पुष्टि गरेको छैन। यदि काठमाडौं उपत्यकाभित्र पालपाली सेन-हरूले हमला गरेको भए सेन वंशावलीहरूमा यसको विना-कुनै हिचकिचाहट उल्लेख हुन्थ्योहोला तर पालपाली सेनहरूको वंशावलीमा यस्तो कुनै पनि घटनाको उल्लेख भएको छैन। तसर्थ प्रसिद्ध इतिहासकार सिलमेनलेत्रिले भनेका छन्– सायद आखिरी कर्नाटक राजा हरिदेवलाई खसहरूले आई तेह्रौं शताब्दीको आधाआधीमा ( A.D. 1258 ) राज्यच्युत गरेको घटनालाई नै सायद पद्‌मागिरी र राइटले पालपाको मुकुन्द सेनको हमला संझेको हुन सक्दछ। इतिहासकार लुयी सानो पेट्रीकले पनि भनेका छन्– मुकुन्द सेनको बारेमा ऐतिहासिक तथ्यहरूलाई धेरैजसो दन्त्यकथाहरूले छोपेका छन्। हुन पनि यो यस्तै देखिन्छ।

पश्चिम नेपालका चौबीसे राज्यहरू मध्ये पाल्पा एक शक्तिशाली राज्य थियो। पाल्पामा सेनहरूको राज्य पन्ध्रौं शताब्दीतिरनै स्थापना भैसकेको कुरा प्रमाणित भैसकेको छ। सेनहरू पनि भारतबाट आई नेपालको जंगली र पहाडी क्षेत्रभित्र पसी आफ्नो राज्य खडा गर्ने वंशहरू मध्ये एक थिए। ईशाको बाह्रौं शताब्दीमा भारतको बंगालप्रान्तमा सेनवंशीय राजाहरू राज्य गर्दथे। जब सन् ११९९ तिर भारत विजय गर्दै आएका मुसलमानहरूले यिनीहरूलाई पराजित गरे त्यति वेला नै यिनीहरू आफ्नो बचाउका लागि भागेर बंगाल छोडी हिमालमनिका पहाडी तथा जंगली प्रदेशहरूभित्र पस्न थाले। ती प्रदेशहरूमा पछि विस्तारै आफ्नो अधिकार गरेर राज्य स्थापना गरी बस्न थाले। यसरी यिनीहरूले मकवानपुर, विजयपुर, पाल्पा आदि स्थानहरूमा धमाधम आफ्ना राज्यहरू स्थापना गरे। (५) तर यी सेनहरू नेपालको भूभागमा सवैभन्दा पहिले कहाँ पसेका थिए भन्ने कुरामा इतिहासकारहरूका विभिन्न विचारहरू छन्। तिनीहरू पहिले पाल्पातिर पसेका हुन् वा मकवानपुरतिर पसेका हुन् त्यो थाह पाउन सकेको छैन। तर पुरातत्व विभागका प्र. अ. अधिकारी श्री जनकलाल शर्माको भनाइअनुसार वि. सं. १००० अर्थात् एघारौं शताब्दीमै मकवानपुर एक विशाल तथा शक्तिशाली सेन राज्य भैसकेको थियो। त्यस बेलानै काठमाडौं उपत्यका बाहेक नारायणीदेखि पूर्व र टिस्टानदीदेखि पश्चिम हाल भारतका धेरैजसो जिल्लासमेत मकवानपुर राज्यमा परेको अनुमान गरिएको छ। साथै मकवानपुरका सेनहरू बंगालकै सेन वंशका एक शाखा थिए भन्ने पनि अनुमान गरिएको छ। उहाँको भनाइअनुसार पालपाली सेनहरू मकवानपुर आएका हुन् कि मकवानपुरे सेनहरू पाल्पा गएका हुन् त्यो भन्न गाह्रो छ। तर पुराणहरूको उल्लेखअनुसार मकवान-पुरेहरूनै पछि पाल्पा गएका हुन् भन्ने धेरैको भनाइ छ (६) पालपाली सेन राजाहरूले आफूलाई मकवानपुरबाट आएका हौं भनि उल्लेख गरेको पालपाली सेनवंशावलीहरूमा पनि छ। यो कुराको अझै धेरै अनुसन्धान गर्न बाँकीनै छ। हालको मकवानपुर गढीमा पनि यसको प्राचीनताबारे खास कुनै पुरातात्विक सामग्रीहरू देखा परेका छैनन्। भग्न किल्लाको बनौटको अध्ययन गरी हेर्दा त्यो किल्ला सत्रौं शताब्दीअघि बनेको होइन जस्तो देखिन्छ। मकवानपुर हटिया माडीबाट करीव दुइ घण्टाको उकालो चढेपछि मकवानपुरगढी पुगिन्छ। एउटा प्राचीन सेनवंशावलीमा यो किल्ला तुला सेन नाम गरेका एक राजाले बनाएको छ। उक्त वंशावलीअनुसार चितौडका एक राजा चित्र सेनका दुइ जना भतिजा जिल राय र अजिल राय सर्वप्रथम आफ्ना सात सय सैनिकहरूका साथ हिमालयको फेदीतीर पसेका थिए। यस समयमा गण्डकीको पश्चिमी खण्डको भामरक्षेत्रमा कर्णसिंह नामक कुनै सामान्य जातिका राजा राज्य गर्दथे। यिनको राजधानी राजपुरमा थियो। जिल र अजिल राय यिनैको सेवामा थिए। यसरी बाईस वर्षसम्म कर्णसिंहको सेवा गरिसकेपछि अजिल राय अथवा अजिल सेनले सो राज्यको आफैं राजा भए। अजिल सेनपछि त्यो वंशमा तुला सेनको नाम भेटिन्छ। यी राजाले नै मकवान-पुरगढीको निर्माण गराएका थिए भनी लेखिएको छ। तुला सेनपछि यिनको वंशमा दलभञ्जन सेन, गजपति सेन, चन्द्र सेन, रुद्र सेन (प्रथम) यी सेनराज गढीमा बसेका थिए। (७) यसअनुसार उक्त गढी मुकुन्द सेनभन्दा अघिनै बनेको भन्ने सिद्ध हुन्छ। त्यसैले पनि कोही, कोही इतिहासकारहरू सेनहरू मकवानपुरबाटनै पाल्पातर्फ गएका हुन् कि भनी विश्वास गर्दछन्।

सेनहरू आफूलाई रजपूत भनी भन्दथे। वि. सं. १८२५ मा तनहुँका सेनराजा कामारिदत्त सेनको पालामा

लेखिएको एक प्राचीन सेनवंशावलीमा यिनीहरूले आफूलाई "सिसोदियावंशी" र आफ्ना पुर्खा मदन राय भनी बयान गरेको छ । वि.सं. १८५९ मा लेखिएको भवदत्तकृत सेन-वंशावलीमा सेनहरू आफूलाई चितौडका राजा नाग सेनका वंशका हौं भनी भन्दछन् । एउटा अर्को सेनवंशावलीमा सेनहरूले आफूलाई चितौडका राजा चूडाराजदेखि लिएको छ । जे होस्, सेनहरू हिन्दूधर्मावलम्बी राजा थिए । धेरै-जसो इतिहासहरूमा यिनीहरूबारे यसरी उल्लेख गरिएको छ– वि.सं. १५०० तिर याने सोह्रौं शताब्दीमा पाल्पामा खाम सेन नामक एक राजाले राज्य खडा गरी बसेका थिए । यिनका छोरा चन्द्र सेन थिए । चन्द्र सेनका छोरा रुद्र सेनले तानसेनमा राजधानी बनाए । यी रुद्र सेन प्रतापी राजा थिए । मुकुन्द सेन (प्रथम) यिनै रुद्र सेनका छोरा थिए । सेनहरूमा सबैभन्दा ख्यातिप्राप्त राजा यिनै मुकुन्द सेन भए । विक्रम सवत् १५७५ देखि १६१० सम्म यिनले तराइप्रदेशमा मोरङ्गसम्म र पहाडप्रदेशमा दूधकोशीसम्म विजय गरी राज्य चलाएका थिए । यिनको राज्यविस्तारको सम्बन्धमा हिमवत्‌खण्ड पुराणमा भनिएको छ– उनको राज्य पूर्वमा वराहक्षेत्रको अन्त्यसम्म (वर्तमान मोरङ्ग, झापा, पूर्णिया, जलपाईगुढीसम्म) पश्चिममा रिडीक्षेत्रको अन्तसम्म (रिडी, अर्घा खांची, गुल्मीसम्म), उत्तरमा मुक्ति क्षेत्र (बागलुङ्ग र मुस्ताङ्ग)सम्म, दक्षिणमा हरिहरक्षेत्र (वर्तमान भारतको मुज्जफ्फरपुर, छपरा)सम्म थियो । उक्त पुराणमा पनि सेन राजाहरूलाई 'मकवानीय वंशीय" भनी लेखेको छ । त्यसैले पनि धेरैजसो इतिहासकारहरू सेनहरू-लाई मकवानपुरबाटनै पाल्पा र अरू ठाउँहरूमा गएका हुन् भनी विश्वास गर्दछन् । (८) राजा मुकुन्द सेन बडो धर्मात्मा र नीतिपरायण राजा थिए । यिनले गुल्मीका राजाकी छोरीसंग विवाह गरेका थिए । पर्वतका राजा नारायण मल्ल मुकुन्द सेनका जुवाइं थिए । त्यसताका पर्वत, गुल्मी आदि पनि स्वतन्त्र तथा बलिष्ठ राज्यहरू थिए । (९) राजा मुकुन्द सेन ज्ञानी, धर्मात्मा र बुद्धिमान् भएका हुनाले यिनलाई दुनियाको तर्फबाट महाराज मुनि मुकुन्द सेन भन्ने पदवी मिलेको थियो । वि. सं. १६१० मा यिनको मृत्यु भयो । यिनको पृथ्वीपाल सेन, मृगी सेन, लवङ्ग सेन र चन्द्र सेन नामक चार छोराहरू थिए । (१०) तर सेनवंशावलीहरूले यिनका छोराहरूका विभिन्न नाउँहरू दिएका छन् । जस्तै जेठो माणिक्य सेन, माहिलो मृगी सेन, साहिंलो विनायक सेन र कान्छो लौहाङ्ग सेन । जे होस् मुकुन्द सेनको मृत्युपछि यिनका चार छोराहरूले विशाल सेनराज्यलाई बांडी लिए । तर इतिहासकारहरू विश्वास गर्दछन्– राजा मुकुन्द सेनले आफू जीवित छँदैमा वानप्रस्थमा जानुअगाडि आफ्नो राज्य सबै छोरा, भतिजा तथा नातिहरूलाई बांडिदिएका थिए । जसअनुसार जेठो छोरा माणिक्य सेनले पाल्पा, मृगी सेनले तनहुं, विनायक सेनले बुटवल, र लौहाङ्ग सेनले मकवानपुरको राज्य पाए । साथै उनले आफ्ना भतिजा राम सेनलाई रिसिङ्ग र नाति चन्द्र सेनलाई राजापुरको राज्य दिएका थिए । (११) भर्खरै खडा भएको विशाल राज्यलाई यसरी टुक्रा, टुक्रा पारी मुकुन्द सेन नयाँ नेपालको जन्मदाता हुनुबाट वञ्चित हुनु-पर्‍यो जुन श्रेय पछि श्री ५ पृथ्वीनारायणले लिए (१२) तर हामी यहाँ खास गरी मकवानपुर सेनवंशीय राजाहरू-संग सम्बन्धित छौं ।

मुकुन्द सेन (प्रथम)को मृत्युपछि उनका कान्छा छोरा लौहाङ्ग सेन मकवानपुरका राजा भए । यिनी एक प्रतापी राजा थिए । यिनी साह्रै अभिषाली राजा थिए । यिनले आफू युवराज छँदैमा सम्पूर्ण तराइभूमि र मोरङ्गसम्म सेन-राज्य फैलाएका थिए । यसरी नेपालको तराइक्षेत्रमा विशाल सेनराज्य स्थापना गर्ने यिनले तत्कालीन किरात राजाहरूसंग मित्रता राखेका थिए । विजयपुरका किरातराजा विजयनारायणको अकस्मात् मृत्यु हुंदा लौहाङ्ग सेन कोशी प्रदेशमै थिए र त्यति वेलानै उनले विजयपुरमाथि हमला गर्ने विचार गरेका थिए, तर हमला नै गर्न नपरी विजयपुर लौहाङ्ग सेनको हातमा पर्‍यो । यसरी पूर्वी तराईसहितको विशाल मकवानपुर राज्यको सर्वप्रथम सेनराजा लौहाङ्ग सेन नै भए ।

पृथ्वीनारायण शाहले खडा गरेको विशाल नेपालभित्र नगाभिएसम्म मकवानपुरराज्यमा निम्न राजाहरूले राज्य गरेका थिए । (१) राधा सेन अथवा राघव सेन (२) हर-भञ्जन सेन (३) शुभ सेन (४) माणिक्य सेन (५) हेमकर्ण सेन (६) दिग्बन्धन सेन । लौहाङ्ग सेनपछि यिनका छोरा राघव सेन राजा भए । राघव सेनले पनि मोरङ्गसम्म विजय गरेका थिए । यिनी जनप्रिय राजा थिए । वंशावली-हरूमा लौहाङ्ग सेनकी सातवटी पत्नीहरूको नाउँ उल्लेख

गरिएको छ– श्री अनूपावती, श्री कल्याणमती, श्री साहेव देवी, श्री दुलहिनी देवी, श्री कोइली देवी, श्री कर्पूरावती देवी,र श्री गंगावती । राघव सेनपछि उनका छोरा हरिहर, इन्द्रदेव, हरभञ्जन सेन, हरिचन्द्र सेन अथवा हरिहर सेन राजा भए । राष्ट्रिय अभिलेखालयमा सुरक्षित स्याहामोहर-अनुसार यिनको राज्य पनि मोरङ्गसम्म फैलिएको देखिन्छ । उक्त स्याहामोहरअनुसार यिनी वि.सं. १७१९ तिरका राजा थिए । (१३) हरिहर सेनले आफूलाई "हिन्दूपति" भन्ने उपाधिले विभूषित गरेका थिए । तर उनी धेरै शक्तिशाली राजा थिएनन् । उत्तराधिकारीको विषयलाई लिएर उठेको घरझगडामा उनले केही समयसम्म आफ्नो जेठो छोरा महाकुमार सेनको हातबाट बन्दी बन्नुपरेको थियो । आफ्नो जेठो छोरा महाकुमार सेनसंग मनमुटाउ भएपछि राजा हरिहर सेनले आफ्नो राज्य कान्छो छोरा शुभ सेन र भर्खरै जन्मेको नाति इन्दुविधाता सेनलाई बांडिदिए । आफ्ना मन्त्रीहरूको छलकपटले गर्दा शुभ सेन र इन्दुविधाता सेन दुवैलाई पूर्णियाका नवाव इसपन्दर खांको हातमा कैदी हुनुपर्‍यो । भनिन्छ इसपन्दर खांले ती दुवै सेनराजाहरूलाई कैदी बनाई दिल्ली पठाए, जहां तिनीहरूको जातिच्युत गरियो । शुभ सेनलाई मुगलसम्राट् औरङ्गजेबले कैदी गरेका थिए र कैदी सेन राजाले मुगलहरूसंग हात्तीकर तिर्ने गरेर सन्धि गरी छुट्कारा पाएका थिए भनी उल्लेख गरिएको छ । (१४) शुभ सेनलाई इसपन्दर खांले कैदी बनाइसकेपछि उनका दुई छोराहरू महीपति सेन र माणिक सेनलाई किरातहरूले बचाएका थिए । यिनै किरातहरूको मद्दतबाट र खास गरी किराती नेता विद्याचन्द्र राईको मद्दतबाट यिनीहरू आफ्नो पैतृक राज्यमाथि फेरि कब्जा गर्न सफल भए । माणिक सेनले कमलानदीभन्दा पश्चिमको सेनराज्य कब्जा गरी मकवानपुरलाई नै राजधानी बनाए । महिपति सेन चाहि विजयपुरका राजा भए । (१५) करीब बीस वर्षसम्म शान्तिपूर्वक राज्य गरिसकेपछि उनको मृत्यु भयो । उनको मृत्युपछि उनका चार छोराहरू मध्ये जेठा हेमकर्ण सेन मकवानपुरका राजा भए । हेमकर्ण सेन पनि आफूलाई "हिन्दूपति" भन्दथे । यिनले आफ्नी छोरी इन्द्र-कुमारीको विवाह गोरखाका राजा पृथ्वीनारायण शाहसित गरिदिएका थिए । त्यस बेला गोरखा नेपालको पश्चिमी पहाडको एक शक्तिशाली राज्य थियो । यसरी पूर्वका शक्तिशाली राज्य मकवानपुरसंग वैवाहिक सम्बन्ध जोडी पृथ्वीनारायण शाहले आफ्नो शक्ति बढाउने विचार गरेका थिए । विवाह भए तापनि जठान दिग्बन्धन सेनसंगको झगडाले गर्दा सेन राजकुमारी मकवानपुरमै थिइन् । ससुरा हेमकर्ण सेनको मृत्युको तत्कालैपछि शक संवत् १६८४ मा पृथ्वीनारायण शाहले आफ्नो बेइज्जतीको बदला लिन दिग्बन्धन सेनमाथि हमला गरे । चौतरिया दलमर्दन शाह, काजी दलजीत् शाह, काजी शूरप्रताप शाह र काजी वंशराज पाण्डेको नेतृत्वमा एक बृहत् फौजलाई मकवानपुर हान्न पठाए । भाद्र ९ गतेका दिन (अगस्ट सन् १७६२ मा) गोरखालीहरूले मकवानपुर कब्जा गरे । दिग्बन्धन सेन आफ्ना सकल परिवारसहित हरिहरपुरगढीतर्फ भागे । हरिहरपुरमा पनि सेन राजा टिक्न सकेनन् र त्यहांबाट भारतभूमितर्फ लागे ।

जब पृथ्वीनारायण शाहले मकवानपुर कब्जा गरी काठमाडौं उपत्यका हान्ने तरखर गर्दै थिए त्यसै ताक मुर्शीदाबादका नवाब कसीम अली खां आफ्नो ठूलो सैन्यका साथ (करीव ३०,०००) बेतियामा आई बसेका थिए । इतिहास शिरोमणि श्री बाबुराम आचार्यको भनाइअनुसार दिग्बन्धन सेनले बेतियामा गई नवाबसंग मकवानपुरबाट गोरखालीहरूलाई हटाइदिनोस् भनी प्रार्थना गरेबापत नवाबले पनि आफ्ना एक बहादुर सेनापति गुर्गीन खांको मातहतमा एक ठूलो फौज पठाई सन् १७६३ मा मकवान-पुरमाथि हमला गरे । नवाबका सेनाले केही दिन मकवान-पुरमाथि कब्जा गरे, तर चाडैनै पृथ्वीनारायण शाहले काजी वंशराज पाण्डे, केहरसिंह बस्नेत, जीव शाह, हर्ष पन्त, नाहरसिंह बस्नेत, रामकृष्ण कुवर, दुर्लभ खत्री जस्ता वीर योद्धाहरूको मातहतमा ठूलो फौज पठाई नवाबका फौजलाई मकवानपुर छोड्न वाध्य गरे । यसरी विभिन्न दाउपेचहरू गरेर पनि आफ्नो राज्य फर्काउन नसक्दा दिग्बन्धन सेनले आखिरमा हार स्वीकार गर्नुपर्‍यो । सन् १७६३ को फरवरी महीनामा पृथ्वीनारायण शाहका समक्ष उनले आत्मसमर्पण गरे र उनीलाई जन्मभर गोरखामा नजरबन्द गरियो । (१६) यसरी करीब तीनसय वर्षसम्म (वि.सं. १५७५–१८१९ सम्म) नेपालको पश्चिमी पहाड पाल्पादेखि सिक्कि-मको भूभागसम्म राज्य गरी बसेका सेनहरूलाई गोरखाली-हरूले आफ्नो एकत्रित नेपालको सृजनात्मक अभियानको अगाडि घुंडा टेक्न वाध्य गरे ।(१७) पृथ्वीनारायण शाहले

मकवानपुरमाथि आफ्नो राज्य बढाउने दृष्टिकोणले मात्र हमला गरेका थिएनन् र वास्तवमा नेपालको भूभागभित्र यसको ठूलो भूमिका भएकोलेनै उनी आकर्षित भएका थिए। हुन पनि प्राचीन कालदेखिनै मकवानपुर भारतबाट नेपाल आउने जाने गर्ने एक मात्र प्रमुख बाटो थियो। (१८) यसरी दक्षिणमा मकवानपुर र उत्तरमा नुवाकोट जिती पृथ्वीनारायण शाहले काठमाडौंका मल्लराजाहरूमाथि आर्थिक नाकाबन्दी गरी उपत्यकामाथि विजय प्राप्त गर्न सफल भएका थिए। (१९)

मकवानपुरे सेन् राजाहरूको एक भग्न गढी (किल्ला) बाहेक हाल त्यहाँ अरू कुनै खास पुरातात्विक तथा ऐतिहासिक वस्तु भेट्टिएको छैन। करीब, करीब सय गजभन्दा केही लामो र पचास, साठ्ठी गजको चौडाइ भएको पत्थरै पत्थरले मजबूतसंग बनेको यो गढीको अविलम्ब जीर्णोद्धार हुनु आवश्यक छ। मूल गढीभन्दा अलि तलतिरको थुम्कोमा अर्को एउटा सानो गढी छ, त्यसलाई ढुंगे गढी भन्छन्। ढुंगे गढी प्राय: भग्न नै भैसकेको छ र यो मूल गढीभन्दा अलि पुरानो देखिन्छ। मूल गढीमा जडिएका पत्थरका चप्लेटाहरू करीब साढे एक फुट लामा र आधा फुट चौडाइका छन्। किल्लाभित्र पस्ने मुख्य प्रवेशद्वार एउटै छ र त्यो किल्लाको ठीक उत्तरमा पर्दछ (फलक १ख)। किल्लाको चारैतिर पानीको खाडल खनिएको छ जुन त्यस समयमा सुरक्षाको लागि अति आवश्यक संझिन्थ्यो। किल्लाभित्र भगवान् श्री वत्सगोपालको ढलौटे मूर्तिसहितको मन्दिर र दरवारका भग्न भागहरू छन्। किल्लाभित्र दरवारको पूर्व र पश्चिम दुवैतिर पोखरीहरू छन्। आपद्‌को वेलामा पिउने पानी जम्मा गर्न यो बनाइएको होला। किल्लाको वरपर चारैतिर करीब बीस बाईसवटा तोप अडाउने प्वालहरू छन्। किल्लाको खास गरी उत्तर र पश्चिमी भागहरू ध्वस्त भैसकेका छन्। किल्लाको मजबूत बनौट हेर्दा त्यस वेलाका सेनराजाहरू शक्तिशाली नै थिए भन्न वाध्य गर्छ। जनश्रुतिअनुसार ढुंगे गढी चाहि मुकुन्द सेनले बनाउन लगाएका थिए रे। मूल गढी नरवीर महत नामक एक वस्तुकलाविद्‌ले तयार पारेका हुन् भनी विश्वास गर्दछन्। भनिन्छ यो किल्ला निर्माण गरेबापत नरवीर महतका सन्तानलाई एकतीस बिघा बिर्ता बक्स दिइएको थियो जुन बिर्ता उनका संतानहरूले बिर्ता उन्मूलन नभएसम्म भोग गर्दै आएका थिए।

मकवानपुरको किल्लामा धेरै पल्ट युद्धहरू भए जसमध्ये पृथ्वीनारायण शाह र दिग्बन्धन सेनको बीच भएको युद्ध पृथ्वीनारायण शाह र नवाब कसीम अलि खांको बीच भएको युद्ध र सन् १८१४ मा भएको अंग्रेज–नेपाल युद्ध मुख्य थिए। भनिन्छ यस किल्लालाई शाहवंशका राजाहरूले पनि समय समयमा जीर्णोद्धार गरी बडो सुरक्षाका साथ राखेका थिए। वि.सं. १९७३ सालमा र १९९० को भूकम्पपछि पनि यसको जीर्णोद्धार भएको थियो। १९९० सालमा यसको जीर्णोद्धार गर्ने काम तत्कालीन प्राविधिज्ञ श्री नृपजंग राणाको मातहतमा भएको थियो। वि. सं. १९९६ सालमा गढीमा ठूलो आगलागी भयो जसमा एक सय एघारवटा घरहरू भस्म भए र धेरै धनमालको क्षति भयो। यसरी गढीको चारैतिर बसेको रहरलाग्दो बस्तीको नाश भयो र त्यस वेलादेखि गढीको पनि जीर्णोद्धार हुन सकेको छैन।

मूल गढी अग्लो डांडाको टाकुरामा बसेको छ। भनिन्छ चिसापानी गढी, हरिहरपुर गढी आदि गढीहरूको ठीक उचाइमा यो गढी बसेको छ। सफा घाम लागेको दिनमा मूल गढीबाट चिसापानी गढी र हरिहरपुर गढी देखिन्छन् रे। किल्लाको चारैतिरबाट मकवानपुरको सयकडौं बिघाको फांटैफांट देखिन्छ।

हाल गढीभित्र केही हतियारबन्द सिपाहीहरू पहरा गर्दछन्। गढीभित्र रहेको सबैभन्दा महत्वपूर्णको वस्तु ढलौटको भगवान् वत्सगोपालको मूर्ति नै हो। (फलक २क) करीब मानवाकारको ठण्डै ५ फुट अग्लो यो अतिसुन्दर छ। मूर्तिको टाउको बुद्धको छ। तैपनि स्थानीय जनताहरू मूर्ति गोपालकै हो भनी भन्दछन्। मूर्तिको शरीरभाग भने गोपालजीकै जस्तो देखिन्छ। मूर्तिको सम्पूर्ण भागमा सुनमोलम्बा गरेको छैन तापनि अनुहार, हात र खुट्टाहरूमा चाँहि सुनमोलंबा गरेको छ। दुवै हातले मुरली समाएको अतिमग्न मुद्रामा बायां खुट्टा दायां खुट्टामाथि पसारेको अवस्थामा छ। मूर्तिको पादपीठमा कमल छ। मूर्तिलाई एउटा बलियो फलामे सिक्रीले काठको खम्बामा अडाई बाँधिराखेको छ। शायद मूर्ति ढल्ला भनी यसरी बांधिराखेको

पनि हुन सक्दछ । तर जनश्रुतिअनुसार वत्सगोपाल तोरी पाक्ने समयमा फांटमा गई तोरीबारीमा खेल्न जाने गर्दथे र यसरी तोरीबारी नाश गर्ने हुनाले उनलाई बांधिराखेको हो भन्दछन् । मूर्तिको बनौट हेर्दा अठारौं शताब्दीभन्दा अघिको जस्तो देखिंदैन । मन्दिरभित्र रहेको एउटा घण्टामा वि. सं. १७८७ साल र "मंत्री मानिक सेनस्य नाम्ना नाहर सिंहक" भनी कुंदिएको छ । जसअनुसार त्यस बखत मानिक सेन राजा र नाहरसिंह उनको मन्त्री थिए भन्ने प्रस्ट बुझिन्छ । सेनराजाहरूको मुख्य देवतास्वरूपनै भगवान् वत्स-गोपाल रहेका हुनाले कोही कोही इतिहासकारहरू सेनहरू-लाई वैश्य धर्मावलम्बी पनि भन्दछन् तापनि राजदेवी (भगवती) यिनीहरूको इष्टदेवी भएकी हुनाले यो कुरा सांचो हो भन्न सकिन्न । हुन सक्छ सेनराजाहरू मध्ये कोही कोही वैष्णवधर्मावलम्बीहरू पनि थिएहोलान् ।

मकवानपुरवरपर खास उल्लेखनीय मूर्तिहरू मध्ये हाल देखा परिरहेकोमा करीब एक फुट अग्लो आठ इन्च चौडाइ-को सिंहवाहिनी भगवतीको प्रस्तरको मूर्ति पनि हो । यो मूर्ति गुहाबारी नामक स्थानमा एउटा निजी मन्दिरभित्र छ । सिंहवाहिनी भगवतीलाई मकवानपुरका अर्जेलहरू आफ्ना इष्टदेवी मान्दछन् । करीब अठारौं शताब्दीको यो मूर्ति पनि अरू भगवतीका मूर्तिहरूसमान फुर्तिलो र आक-र्षक छ ।

शिलालेखहरूमा सबैभन्दा पुरानो चाहि वि.सं. १९४२ को देखियो । हुन सक्छ यसैभन्दा पनि पुराना अरू शिला-लेखहरू विस्मृतिको गर्भमा कतै लुकिरहेका होलान् । मकवानपुर गुरुखोला अबालडांडामा रहेको उक्त शिललेख श्री ५ पृथ्वी वीर विक्रम शाहदेवको पालिको हो । ऐति-हासिक कागजातहरू भने केही पनि भेट्टिएनन् । विश्वास गर्दछन् स्थानीय जनताहरूसंग र गढीमै भएका अरू काग-जातहरू पनि वि. सं. १९८८ र १९९६ सालहरूमा भएका भयंकर आगलागीहरूले गर्दा नासिए र केही सरकारी कागजातहरू चाहि मकवानपुर माल अड्डा (हाल हिटौंडामा) मा छन् ।

मकवानपुरे सेनराजाहरूको विस्तृत इतिहास हाम्रो सामुमा नभए तापनि श्री सेनराजाहरूको क्रमबद्ध वंशक्रम अथवा नामावलीसम्म हाम्रो अगाडि आइसकेको छ । प्राप्त सामग्रीहरूअनुसार मकवानपुरमा सेनराजाहरूको साँथसाथै बनिया छेत्री र अर्जेल यी दुवै सामन्तीहरूको पनि ठूलो भूमिका थियो । जब सेनहरू राजा थिए बनियाहरू मन्त्री र अर्जेलहरू यिनका पुरोहित थिए । जनश्रुतिअनुसार सेनराजाहरूलाई बनिया र अर्जेलहरू मिली धोका दिई राज्यच्युत गरेका थिए (तर यस कुराको ऐतिहासिक प्रमाण भने भेट्टिएको छैन) । त्यसैले सेनराजाहरूले अर्जेलहरू-लाई पुरोहित्याइं नफापोस्, बनियाका छोरीबेटीलाई पोइ नफापोस्, पातालको दाउराको खरानी नहोस् र रामविलास चामलको बासना नआओस् (मकवानपुर इलाकाभित्र) भनी श्राप दिएका थिए रे ।

भारतसंग सीमाना जोडिएको हुनाले पहिलेदेखिनै मकवानपुरे सेनराजाहरूको भारतका राजा, रजौटा तथा जमिन्दारहरूसंग घनिष्टता थियो । नेपालको भूभागमा सर्वप्रथम बन्दुक पत्थरकला (**Hitchlock & Match-locks**) भारतबाट पैठारी गर्ने यिनै सेनराजाहरू थिए । किरात प्रदेशमा अधिपत्य जमाउने पनि सर्वप्रथम यी मकवानी सेनहरू नै हुन् र इष्ट इण्डिया कम्पनीसित सर्व-प्रथम भएको नेपालको सन्धि मोरंगका राजा कर्ण सेनले नै गरेका थिए । (२०) आफ्ना जनताको मनोरञ्जन र सुख, सुविधाको लागि सेनराजाहरूले सालको एकपटक भारतबाट व्यापारी, नाटकी, चटकी आदिहरू बोलाई रामनवमी (चैत्र शुक्ल नवमी) का दिनदेखि दुई हप्ता र कहिलेकाहीं एक महिनासम्म पनि वृहत् रमाइलो मेला गर्दथे । त्यस बखत मकवानी जनताहरू साटासाट गरी भारतीय चीज-बीजहरू खरीद गर्दथे, किनभने मकवानीहरूमा मुद्राको प्रचलन धेरै थिएन ।

मकवानपुरका अरू धार्मिक स्थलहरू मध्ये मुख्य कमल देवी र राजदेवी स्थानहरूनै हुन् । यी देवस्थलहरूमा प्रतिमा पुजिंदैनन्, खालि शिलाहरू पुजिन्छन् । देवलवरपर निकै मात्रामा घण्टा र त्रिशूलहरू चढाइएका छन् । मंसीरको महीनामा कमलदेवीको यात्रा हुन्छ र त्यस समयमा भोग, बलि आदि चढाइन्छ । राजदेवी सेनराजाहरूकी इष्टदेवी हुन् । यहाँ सालिन्दा सरकारी पूजाहरू हुने गर्दछन् र बडा दशैंमा ठूलो संख्यामा, भोग, बलि आदि चढाइन्छन् ।

## तिष्टुङः–

मकवानपुर जिल्लाको अर्को एक प्राचीन स्थल तिस्टुङ हो । नेवारहरूको ठूलो बस्ती भएको तिस्टुङको प्राचीन नाउँ एकापुर थियो भनी स्वस्थानी महाव्रतकथामा लेखिएको छ । उत्तरमा कटुन्जे, दक्षिणमा फुर्के, पश्चिममा मंगलीचोक र पूर्व नौखन्डेखर्कका डांडाहरूको बीचमा बसेको यो एउटा सानु भए पनि रमाइलो उपत्यका हो । यस उपत्यकालाई पहिले सातसय तिस्टुङ पनि भनिन्थ्यो । किनभने त्यति वेला यहाँ सातसयवटा घरहरू मात्र थिए रे । तर प्राप्त शिलालेख अनुसार– अंशुवर्माको समयमै सो ठाउँलाई "तिस्टुङ" भनी उल्लेख गरिएकोले तिस्टुङको प्राचीनता र ठूलो ऐतिहासिक महत्व पनि छर्लङ्ग देखिन्छ (फलक २ख)

तिस्टुङ ग्रहचोक प्राथमिक पाठशालानिर रहेको अंशुवर्माकालीन शिलालेखमा लेखेको छ "... ... ... पश्चिम ढोकातिरको व्यवस्था विषयमा लागेका आयुक्तक, शौल्किक, गौल्मिक आदिहरूलाई कुशल सोधेर आज्ञा हुन्छ । जस्तै हामीले यी तिस्टुङ गाउँलेहरूका लागि लोहचवर, मृगरोम, कस्तूरीका खुद्रा तामाका भांडावर्तनहरू खांचा छन् । यसकारण यसको अन्य द्रव्य लिई खरीद गर्नाका लागि यहांबाट निस्केका र खरीद गरी सामानसहित पसेकाहरूको जुन तापनादि शुल्क लाग्दथ्यो त्यो मुक्त भयो......" । (अनुसूची–१) यस शिलालेखले लिच्छवीहरूको अर्थव्यवस्था, प्रशासन र राज्यसिमाना तथा तत्कालीन सामन्तहरू जस्तै शौल्किक, गौल्मिकहरूबारे धेरै कुराहरू बोध गराएको छ । अंशुवर्माकालीन यो शिलालेखको साथसाथै उक्त स्थलमा ने. सं. ८५९ को विष्णु मल्लको शिलालेख पनि छ । तिस्टुङ तलेजु भगवतीस्थानस्थित यस शिलालेखमा– श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरको आज्ञाले तिस्टुङ किल्ला जीर्णोद्धार गरी तिस्टुङ इलाका गाउँका सबै प्रजाहरूमा पहिलेदेखि बसेका दहदारितअन्तर्गत दहदारितलाई बाहेक गरेकोमा श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरले दहदारितलाई बाहेक नगर्ने निगाह भयो । जुरो, चौतरादथलाछेका याजुदेव भाजु, देशपरमान, तओलाछेका राजा रामसिं भा, दथलाछेका जयराम सिंह भा, देशका दुवार नन्दज्यू, धनरायज्यू, गुरु सिंहजू, अमरसिंहजू, स्तूर्पसिंहजू, रामचन्द्रजू, ज्ञानदेवजू । यी दहदारितलाई बाहेक गरी जसले बिगार्ला त्यसलाई मोहर टका ४००० दण्ड हुन्छ । यस देशका परमानहरूले प्रतिवर्ष यो किल्ला बिग्रे मा बनाउनुपर्छ । नबनाए पंचमहापाप लाग्ला"भनी लेखिएको छ । (अनुसूची–२) यस अनुसार दहदारित भन्ने कुनै खास मान, पदवी जस्तो देखिन्छ र यिनीहरूलाई बाहेक नगर्नू (सम्मान दिनू) भन्ने आदेश जारी गरेको छ । साथै तिस्टुङको किल्लाको पनि जीर्णोद्धार समय समयमा गर्न परमानहरूलाई आदेश जारी गरेको छ । यस शिलालेखले पनि मल्लकालीन नेपालको राज्यव्यवस्थासम्बन्धी ज्ञानहरूमा बढी प्रकाश पारेको छ ।

विष्णु मल्ल पाटनका अन्तिम मल्ल राजाहरू मध्ये एक थिए । यिनी साह्रै धर्मात्मा थिए । यिनको शासनकालमा तिस्टुङ पाटन राज्यको मातहत थियो भनी यस शिलालेखबाट स्पष्ट हुन आएको छ । तर तिस्टुङमा देखिएको प्राचीन किल्ला र राजप्रासादको भग्नावशेषले यो प्रमाणित गरिदिएको छ– मल्लराजाहरूको प्रतिनिधिस्वरूप कोही राजपरिवारको नातेदार अथवा स्थायी सामन्तहरू मध्ये एकले मल्लकालको अन्त्यसम्म त्यस इलाकाको शासन चलाएको थियो ।

राजा विष्णु मल्लले जीर्णोद्धार गरेको किल्ला हाल प्रायः भग्न भैसकेको छ, मल्लकालीन प्राचीन दरवार पनि देखिदैन, तर दरवारको भग्नावशेष भने किल्लाको भग्नावशेषभित्रै छ । तर तलेजु भवानीको मन्दिर भने अझै विद्यमान छ । वस्तुकलाको दृष्टिकोणबाट यस मन्दिरको कुनै महत्व छैन । साधारण छाप्रो जस्तो घरमा भवानी बसेकी छन् । किल्ला, दरवार र तलेजुको मन्दिर तिस्टुङको मध्यभागमा एउटा सानो थुम्कोमाथि बसेको छ । स्थानीय आचार्यहरूलाई बाहेक अरू जनतालाई तलेजुभित्र जानसमेत मनाही छ । तर बडादशैंको वेलामा भने त्यहाँ भित्र रहेका पुराना हातहतियार आदि बाहिर आंगनमा प्रदर्शित गरिन्छ र जनताहरूले सो हेर्ने मौका पाउँदछन् । तलेजु भवानीबारे कुनै पनि प्रश्नको जवाफ दिन स्थानीय आचार्यहरू हिचकिचाउँदछन्, किनभने कुरा खोल्यो भने देवीको श्राप लाग्छ भनी तिनीहरू विश्वास गर्दछन् ।

तलेजु भवानीको परम्परा नेपालमा कसरी र कहाँबाट आयो भन्न गाह्रो पर्दछ । धेरैजसो इतिहासकारहरू यस

परम्परालाई सीमरौनगढका कर्नाटक वंशका राजाहरूसंग सम्बन्धित देखाउँदछन्। हुन सक्छ कर्नाटक वंशका राजाहरूसंगसंगै तुलजा देवी पनि नेपाल आएकी थिइन्। तर तुलजा देवी मल्लराजाहरूका इष्टदेवी थिइन् र जुनसुकै मल्लराजाहरूको दरवारमा पनि यिनी विद्यमान हुन्थिन्। यसरीनै मल्लराजाहरूको एक मुख्य प्रान्तस्वरूप रहेको तिस्टुङमा पनि देवी तुलजाको परम्परा बस्न गएको हो। जनश्रुतिअनुसार सीमरौनगढ, तिरहुतबाट भक्तपुरमा तलेजु भवानी लैजांदा तिस्टुङकै बाटोबाट गएको र एक रात यहींनै भवानीलाई वास बसाइएकोले यहाँ पनि देवीको प्रभाव रहन गएको हो।

किल्ला र दरवारको भग्नावशेषमा मल्लकालीन र लिच्छवीकालीन इंट पत्थरका टुक्राटुक्री देखिन्छन्। उक्त स्थलमा राम्ररी उत्खनन गरेर हेरेको खण्डमा निकैनै मल्ल तथा लिच्छवीकालीन नेपालका कलाकृतिहरू र ऐतिहासिक सामग्रीहरू फेला पार्न सकिन्छ। भग्नावशेषको क्षेत्रभित्र ने. सं. ८५९ को पाटनका राजा विष्णु मल्लको शिलालेख र एक प्राचीन ढुंगेधारा आदिले त्यस स्थलको प्राचीनता प्रमाणित गर्दछ। (फलक ३क)

लिच्छवीकालदेखिनै तिस्टुङमा राजप्रतिनिधिहरू रहन्थे होला र यिनै राजप्रतिनिधिहरूनै त्यहाँका शासक थिए होलान्। तर जनश्रुतिअनुसार त्यहाँ अमला–कमला नाम गरेका राजा थिए रे। उनकी रानी मृणावती ज्यादै राम्री र चलाक थिइन्। राजा आफ्नी अतिसुन्दरी रानीसहित चारैतिर पोखरी भएको एक कलापूर्ण दरवारमा बसी राज्य गर्दथे। (हाल देखा परिरहेको भग्नावशेषमा पनि चारैतिरको खाडल राम्ररी देखिन्छ) । राजा अमला–कमलाको सुख र वैभवदेखि छिमेकी सामन्त तथा राजाहरू साह्रै चिढिएका थिए। उनीहरू जसरी भए पनि राजा अमला–कमलाको नाश गर्न चाहन्थे। एक दिन राजाबाहेक राजपरिवारका सबै सदस्यहरू नजीकैको कुनै गाउँमा जात्रा हेर्न गएका थिए, त्यसै मौका पारी शत्रुहरूले हमला गरे र राजाको हत्या गरी धन, माल लुटपाट गरी भागे। रानी जात्रा हेरी फर्कदा राजाको यो दुःखद मृत्यु देखी साह्रै विह्वल भइन्। राजालाई यस्तो आपद् आइपर्दा पनि गाउँलेहरूले राजाको कुनै मद्दत नगरेको देखी रानी रिसाएर गाउँलेहरूलाई यी गाउँलेहरूले बाह्रै महीन मेहनत गरे तापनि छ महीनाभन्दा बढी समयसम्म खान नपुगोस् भनी सरापिन्। भनिन्छ त्यस वेलादेखि रानीको सरापले गर्दा गाउँलेहरूले बडो दुःखको जीवन भोग्नुपर्‍यो। यसरी राजाको दुःखद मृत्युपछि पनि रानी मृणावतीले अतिचलाकीसंग मृत्युको खबर गोप्य राखी आफै मर्दाना भेषमा रही राजकाज गर्न थालिन्। तर रानीको यो चलाकी धेरै वर्ष टिक्न सकेन र एक दिन भेद खुलिहाल्यो र यसै मौकामा रानीको कमजोरीबाट फाइदा उठाई फेरि शत्रुहरूले हमला गरे। रानीले बडो बहादुरीका साथ शत्रुहरूको मुकाबिला गरिन्, तर आखिरमा उनले वीरगति प्राप्त गरिन् र राज्य शत्रुहरूको हातमा पर्‍यो।

तिस्टुङका महत्वपूर्ण धार्मिक स्थलहरू मध्ये बज्रवाराहीस्थान र उन्मत्तेश्वर महादेवस्थान प्रसिद्ध छन्। बज्रवाराहीस्थान स्थानीय जनताहरूको सबैभन्दा मुख्य देवस्थान हो। यहाँ कुनै मन्दिर तथा मूर्तिहरू छैनन्। शिला पत्थरलाईनै देवी मानी पुजिएका छन्। तर यात्रा आदि चलाउन भनी वाराही, अष्टमातृका सबै देवदेवीहरूका पित्तलमा सुनमोलम्बा गरेका ख्यापाहरू राखेका छन्। जात्राको समयमा बाहेक अरू वेला ती ख्यापाहरू पोडेटोलस्थित देवताको आगमघरमा राखिन्छन्। ती ख्यापाहरू सबै नयाँनै छन्। हरेक तीन तीन वर्षमा वैशाखको महीनामा वाराहीको यात्रा हुन्छ। यो यात्रा लगातार तीन दिनसम्म चल्दछ। यात्राको दोस्रो दिन बडो धूमधामका साथ पूजाआजा, बलि आदि हुन्छन्। त्यस वेला श्री ५ को सरकारको तर्फबाट पनि दुईवटा रांगो बलि दिइन्छ। यसरी नै अरू पर्व पर्वको दिनमा पनि सरकारी पूजाहरू हुने गर्दछन्। उक्त यात्रामा वाराहीसहित तेह्रवटा देवदेवीहरूलाई (ख्यापा) खटमा राखी शहर घुमाइन्छ। देवदेवीहरूसंगै उक्त खटमा दुई जवान पोडे र एक जवान धामी पनि बसेका हुन्छन्। धामीले देवदेवीहरूलाई चढाएको बलिको रगत पिउने गर्दछ र पोडेहरूले देवदेवीको सह्यार संभार गर्दछन्। यात्रा चलाउन राजाको प्रतीकस्वरूप रहेको खड्ग नलगी हुँदैन। उक्त खड्ग तलेजुको आगमघरमा राखिएको छ।

बज्रवाराहीस्थान तिस्टुङ खोलाको किनारमा पर्दछ।

देवस्थलवरपर मसानघाटहरू छन् । यहाँ मंगलवार र शनिवार विशेष भीड हुने गर्दछ । देवस्थलवरपर रहेका सबैजसो पाटीपौवाहरू प्रायः भग्न भैसकेका छन् ।

उन्मत्तेश्वर महादेवको उल्लेख स्वस्थानीव्रतकथामा गरिएको छ । स्वस्थानीव्रतकथाअनुसार उक्त पुण्यभूमिमा देवी सतीदेवीको दाहिने घुंडा पतन भएको थियो । त्यहाँ खास कुनै मन्दिर मूर्ति छैन । तर त्यहाँ रहेको एउटा सानु पोखरी (कुवा) भित्र भने शिलारूपी महादेव विद्यमान छन् । विष, भाङ्ग, धतूरो खाई उन्मन्त भई महादेव सो ठाउँमा बिराजेको हुनाले उक्त महादेवको नाम उन्मत्तेश्वर महादेव रहन गएको हो । यहाँ नित्यपूजा चल्दछ र शिवरात्रीको दिन ठूलो मेला लाग्दछ । स्वस्थानीव्रतकथामा भनिएको छ– एकापुरमा पुग्दा सतीदेवीको दाहिने घुंडा पतन भयो । त्यहाँ एकापुर पीठ, साधुक्षी देवी संकुणा योगिनी, उन्मत्तेश्वर महादेव उत्पन्न भए । त्यस पुण्यभूमिमा शिलाहरूले आई तपस्या गरे, इश्वरी प्रसन्न भई वरदान लेओ भनिन् शिलाहरूले हामी सधैं देवताको रूपमा पुजियौं भनी भागे, भगवान्ले पनि तथास्तु भनी वरदान दिए आदि (२१) ।

तिस्टुङ एक प्राचीन ऐतिहासिक तथा धार्मिक स्थल मात्र हैन एक कलापूर्ण शहर पनि थियो । हाल यहाँ देखा परिरहेका केही उल्लेखनीय प्रस्तरका मूर्तिहरूमा जरलिनको कुण्डको भित्तामा राखिएको उमामहेश्वरको मूर्ति इकुटोलको पाटीको भित्तामा राखिएको लक्ष्मीनारायणको मूर्ति जसको पादपीठमा अभिलेखसमेत अंकित छ र पाल्चोकको लक्ष्मी र गरुडसहितको विष्णुका मूर्तिहरू हुन् ।

जरलिनको एउटा कूवाको खुला भित्तामा उमामहेश्वरको प्रस्तरको करीब साढे एक फीट लम्बाइ दुई फीट चौडाइको मूर्ति राखिएको हुनाले मूर्तिको शिरमाग प्रायः नष्टनै भैसकेको छ । उमा र महेश्वर दुवैको अनुहार पनि नासिइसकेको छ । तैपनि मूर्तिको बनौट र कला भने अझै ज्वलन्त देखा परिरहेको छ । धेरैजसो काठमाडौं उपत्यकामा देखा परेका उमामहेश्वरका मूर्तिहरूसंग यो मेल खांदैन र यसको आफ्नै विशेषताहरू छन् । (फलक ३ख)

यस मूर्तिको खास विशेषता पार्वतीको ठीक पछाडि उभिइरहेका सेविकाहरू हुन् । यसमा एउटीले देवीको दाहिने खुट्टानिर बसी पाइला समाएकी छन् र अरू तीन चाहि क्रमशः छाता, लड्डू जस्तो खाद्य पदार्थ र चवर तथा कमण्डलु लिई उभिएकी छन् । धेरै काई परेकोले मूर्तिको बायांपट्टिको भाग भने राम्ररी छुट्याउन सकिएन । देवी पार्वती बडो आरामका साथ भगवान् महादेवको बांया पाखुरामा कम्मर अडाई बसेकी छन् । शिवजीको माथिल्लो दाहिने हातमा त्रिशूल र बांया हातमा रुद्राक्षको माला छ । शिव र पार्वती दुवै एउटा आसनमाथि बाघको छाला ओछ्याई बसेका छन् । मूर्तिको अर्को भागमा शिवका विभिन्न गणहरूसहित श्री गणेशजी बसेका छन् । शिवका ती गणहरू मस्तसंगै नाच्दैछन् पनि । यस मूर्तिको परम्परा र बनौट हेर्दा यो नवौं वा दशौं शताब्दीतिरको हुनु धेरै संभव छ । (२२) साथै काठमाडौं उपत्यकामा देखापरिरहेका कैयन् उमामहेश्वरका मूर्तिहरूभन्दा यो आकर्षक, राम्रो र कलापूर्ण छ ।

उमामहेश्वरको परम्पराबारे सबैभन्दा पहिले "विष्णुधर्मोत्तर पुराण"मा उल्लेख गरिएको पाइन्छ । त्यसपछि "मत्स्य पुराण"मा पनि उमामहेश्वरबारे विस्तृत बयान गरेको पाइन्छ । डा० प्रताप आदित्यपालको भनाइअनुसार नेपालमा पाइएका उमामहेश्वरका मूर्तिहरू–"मत्स्य पुराण" मा बयान गरिएको उमामहेश्वरसंग धेरै मिल्दछन् । (२३)

उमामहेश्वरका मूर्तिहरू धेरैजसो ढुंगेधारा तथा कूवा आदिको भित्तामा राखिएका हुन्छन् । महाकवि कालिदासले पनि आफ्नो प्रसिद्ध नाटक "कुमार संभव"मा उमामहेश्वरको वर्णन गरेको छ । नेपालमा पाइएका धेरैजसो उमामहेश्वरका मूर्तिहरू ऐलोराका मूर्तिहरूसंग मिल्दाजुल्दा छन् । जसअनुसार मूर्तिलाई दुई खण्डमा विभाजित गर्न सकिन्छ । शिव, उमा र अरू देवदेवीहरू माथिल्लो तहमा र गणेश सहित शिवगणहरू तल्लो तहमा देखा परेका हुन्छन् । वास्तवमा नेपाली कलाकारहरू ऐलोराका कलाकृतिहरूबाट साह्रै प्रभावित देखिन्छन्, तर नेपाली कलाकारहरूले सफलताका साथ आफ्ना मौलिक गुणहरूले आफ्ना कलाकृतिहरूलाइ सिंगारिदिएका छन् । (२४)

उमामहेश्वरका मूर्तिहरूले नेपाली मूर्तिकलाको इतिहासमा महत्वपूर्ण स्थान ओगटेको छ। लिच्छवीकालको शुरुदेखि लिएर अन्तिम मल्लकालसम्म पनि काठमाडौं उपत्यकामा उमामहेश्वरका मूर्तिहरू बनिँदै थिए। (२५)

इकुटोलको लक्ष्मीनारायणको करीब १ फुट लामो ६ इन्च चौडाइको मूर्ति मकवानपुर जिल्लाभरमा एउटै मात्र अभिलेख अंकित मूर्ति हो। ने.स. ८०९ भनी अंकित गरेको हुनाले यो अठारौं शताब्दीको मूर्ति भन्न सजिलैसंग सकिन्छ। मूर्ति कलात्मक छ। कमलासनमा भगवान् विष्णु (नारायण) छन् र कछुवामाथि देवी लक्ष्मी उभिएकी छन्। नारायणको बायांतर्फ गरुड बसेका छन्। नारायणको चार हातहरूमा शंख, चक्र, गदा र पद्म छन्। मूर्तिको पादपीठमा यी वाक्यांशहरू अंकित छन्– "नेपाली संवत् ८०९ (वि. सं. १७४६) भाद्र महीना शुक्ल पक्ष अष्टमी तिथि विशाखा नक्षत्र ऐन्द्र योग सोम वार यस दिन लक्ष्मीनारायण राखियो। हरिरामको तजवीजले बनाएको। वासुदेवले राखेको। शुभम्"। उक्त अभिलेख नेवारी भाषामा लेखिएको छ (फलक ४ क) (अनुसूची–३)।

तिस्टुङको अर्को महत्वपूर्ण मूर्ति हो पाल्चोकको विष्णु। प्रस्तरको यो साढे दुई फीट अग्लो साढे एक फीट चौडाइको विष्णुको विशाल तथा कलापूर्ण मूर्ति एउटा भग्नमन्दिरभित्र छ। उक्त मन्दिर सम्पूर्णतया भग्न भैसकेको छ, खालि मूर्ति मात्र सुरक्षित रहेको छ। मन्दिरको पुनर्निर्माण हुनु अत्यावश्यक भैसकेको छ। शंख, चक्र, गदा, पद्म हातमा लिएको भगवान् विष्णुको दांयातर्फ देवी लक्ष्मी र बांयातर्फ गरुड छन्। गरुडको शरीरका केही भागहरू बिग्रिसकेका छन्। यस्तै धेरै मूर्तिहरू काठमाडौं उपत्यकाभित्र पनि छन्। स्टीला क्रामरीस र चांगुनारायणको यस्तै परम्पराको विष्णुको मूर्तिलाई नवौं शताब्दीको भनेको छ। चांगुनारायणको विष्णुमूर्तिमा र यसमा धेरै फरक पाइंदैन। बनावट मात्र हेर्दा यो चांगुनारायणको जस्तै सुन्दर देखिन्छ। तर चांगुको मूर्तिको विष्णुको पादपीठमा पूर्णकलश छ र तिस्टुङकोमा फूल र बुट्टाहरू मात्र छन्। (२६) विष्णुको यो सुन्दर तथा आकर्षक मूर्ति ईशाको दशौं शताब्दीतिरको हुनुमा कुनै आश्चर्य छैन। (फलक ४ ख)

तिस्टुङमा प्राप्त शिलालेखहरूबारे माथिनै भनिसकेको छ। ऐतिहासिक कागजात तथा हस्तलिखित ग्रन्थहरूमा भने खास उपलब्धि हुन सकेन। प्राप्त भएको मध्ये सबैभन्दा पुरानो कागजात वि. सं. १९४४ सालको आगमगूठीको लगत, बज्रवाराहीगूठीको लगत, तलेजुगूठीको लगतपत्रनै हुन्। साथै केही हस्तलिखित ग्रन्थहरूको पनि फोटो उत्तार गर्ने कार्य गरियो।

## पालुङः–

पालुङ पनि एउटा सानु उपत्यका जस्तै छ। यो शहर काठमाडौंबाट करीब ४२ माइल दक्षिणपश्चिममा पर्दछ। यहाँ कोटछेंटोलमा एउटा लामो ढुंगा छ। नेवारी भाषामा "पा" माने ठूलो र "लों" माने ढुंगा हो, यसैबाट उक्त ठाउँको नाउँ पालुङ हुन गएको हो भनी धेरै मानिसहरू विश्वास गर्दछन्। (२७)

प्राप्त प्रस्तरमूर्तिहरूको आधारमा पालुङलाई पनि लिच्छवीकालीन शहर भन्न सकिन्छ। जनश्रुतिअनुसार त्यहाँ प्राचीनकालमा वेवार राजाहरू राज्य गर्दथे। तिनीहरूमध्ये धर्मध्वज र वीरध्वज निकै प्रख्यात थिए। बाह्र वर्षमा एक पल्ट हुने नाचमा यी राजाहरूका सम्पूर्ण गाथानै गीतिनाट्यको रूपमा अझै प्रस्तुत गरिंदैछ र अब यो मेला २०२८ साल चैत्रमा हुनेछ। यो मेलाको शुरुआत वि.सं. १९४८ साल चैत्रमा भएको थियो। किनभने त्यस साल पालुङ शहरमा ठूलो अनिकाल, रोग, व्याधि फैलियो। ज्योतिषीहरूसंग सल्लाह गर्दा अनिकाल र महामारीबाट बच्न एउटा नांच सिकाउनुपर्छ भन्ने भयो। त्यसैअनुसार दक्षिणकाली काठमाडौंबाट नांच सिकाउनेहरू निम्त्याई सोही वेलादेखि यो परम्परा चल्न गएको छ।

धर्मध्वज, वीरध्वज, मकरध्वज राजाहरूको दन्त्यकथाहरूको आधारमा यो भन्न सकिन्छ तिनीहरू काठमाडौंका मल्ल राजाहरूका प्रतिनिधिहरू थिए। किनभने हाल देखापरिरहेको तजुलेको भग्नावशेष र सो भग्नावशेषमा प्राप्त सामग्रीहरूबाट यो सिद्ध हुन सक्दछ त्यो भग्नावशेष मल्लकालीन दरवारको भग्नावशेष थियो। पालुङ शहरका मुख्य बासिन्दा नेवाहरूनै हुन्। यिनीहरू आफू मल्लराजा-

हरूको पालामा पाटनबाट आएका हौं भनी गर्व गर्दछन् । हुन सक्छ यो प्रान्त केही कालसम्म पाटनका राजाहरूको अधीन थियोहोला । तिस्टुङ पाटनका राजाहरूको अधीनमा थियो भन्ने कुरा माथिनै लेखिइसकेको छ । यसरी तिस्टुङ, पालुङ दुवै पाटनको अधीनमा रहेको हुनुपर्दछ । (२८)

पालुङमा भेटिएका शिलालेखहरूमा सबैभन्दा प्राचीन मण्डलपाटीमा रहेको ने. सं. ९१० (वि. सं. १८४७)को शिलालेख नै हो । यो शिलालेख नेवारी भाषामा छ । जसअनुसार– "ने. सं. ९१० (वि. सं. १८४७) वैशाख... को दिन पालुङ दवुलि देशका भाजु धनजुमान भारो, निजका पिता श्री धनचा भारो, माता द्रौपदी लक्ष्मी, स्त्री वाग्मती लक्ष्मी, नाति मोहन सिंह, यी सबैको धर्मचित्त भै सबै मिलेर यो मण्डलपाटी बनाई प्रतिष्ठा गरियो शुभम्...।"

ऐतिहासिक कागजातहरूमा वि. सं. १८९६ सालको जग्गाविषयको लालमोहर हो (फलक ५ क) । यसको साथसाथै बाह्रवर्षे गीतिनाट्यको गीतहरूको एक प्रति पनि स्थानीय जनताको सहयोगबाट प्राप्त हुन आएको छ । भनिन्छ वि. सं. १९७८ सालमा त्यहाँ ठूलो आगलागी भएको थियो र सोही आगलागीमा एघार घरहरू ध्वस्त हुंदा सबैजसो महत्वपूर्ण कागजातहरू तथा हस्तलिखित ग्रन्थहरूको नाश भयो । साथै ने. सं. ८४८ को मागी सी भारोका नाउँको भूमिसंबन्धी ताडपत्रको तमसूक र सम्वत् नचिनिएको धनदेव भाका नाउँको भूमिसंबन्धी ताडपत्रको तमसूक पनि चाखलाग्दा छन् ।

पालुङका मुख्य, मुख्य ऐतिहासिक तथा धार्मिक स्थलहरू यिनै हुन्–तलेजुको भग्नावशेष (दरवारको भग्नावशेष), ऋषेश्वर महादेव, इन्द्रायणी र पाण्डुकेशर स्थान । तलेजुको भग्नावशेष हाल पंचायतभवन बनेको स्थानवरपरनै छ । पंचायतभवन पनि भग्नावशेषमाथिनै बनाइएको छ । पालुङ शहरको मध्य भागमा स्थित यो भग्नावशेष मल्लकालीन राजप्रासादको भग्नावशेष हुनु धेरै संभव छ । केही वर्षअघि कांजीहाउस बनाउने विचारले जग खन्दा जमीनमनिबाट निकै प्राचीन वस्तुहरू फेला परेछन् जसमध्ये एउटा सानु प्रस्तरको भगवतीको मूर्ति पनि छ । प्राप्त भएका सामग्रीहरू हाल पंचायतको जिम्मामा छन् । (२९)

महिषमर्दिनी भगवतीको त्यो सानु कलात्मक मूर्तिको बनौट हेर्दा उक्त मूर्ति अन्तिम मल्लकालीन मूर्ति हुनुमा कुनै शंकै उठ्दैन । सोह्रहाते भगवती जस्तै अरू धेरै भगवतीका यस्तै विभिन्न प्रकारका मूर्तिहरू मल्लकालीन नेपालमा प्रशस्तै बने । मल्लराजाहरू देवीका उपासक थिए र उनीहरू भगवती, दुर्गा अथवा तुलजा देवीलाई आफ्ना इष्टदेवी मान्दथे । तसर्थ जहाँ जहाँ मल्लराजाहरूले आआफ्ना दरवारहरू बनाए त्यहाँ त्यहाँ तिनीहरूले आफ्ना इष्टदेवी पनि स्थापना गरे । तसर्थ मल्लराजाहरूको एक प्रान्तस्वरूप रहेको पालुङमा पनि सोही बखत यस मूर्तिको स्थापना भएको हुन सक्दछ ।

भगवतीको दायां हातको त्रिशूल महिषासुरको छातीमा रोपिएको छ । महिषासुर र एउटा गण दायांतर्फ बसेको छ तथा बायाँतर्फ सिंह र अर्को गण बसेको छ । मूर्ति सानु भए तापनि निकै राम्रो छ । भगवतीका अगाडिका दुइ मुख्य हातहरू र सिंहको टाउको भने नासिइसकेका छन् ।

पालुङ शहरबाट ऋषेश्वर पुग्न करीब तीन घण्टा लाग्दछ । यस पुण्यस्थलमा प्राचीन पुरातात्विक एवं सम्बन्धित कलात्मक वस्तुहरू कुनै छैनन् । तान्त्रिक परम्परासंग सम्बन्धित चौरासी सिद्धहरू मध्ये एक सिद्धको नयाँ प्रस्तरको मूर्ति छ । यो मूर्ति करीव साढे एक फुट अग्लो र आठ इन्च चौडाइको छ। जनश्रुतिअनुसार भगवान् शिव तीर्थ गर्न आउँदा जांदा यहाँ बास बस्ने गर्दथे । त्यसैले यो स्थल एक महान् तीर्थस्थल हुन गएको हो । यहाँ एउटा सानु चैत्य पनि छ । शैव र बौद्ध दुवै धर्मबाट प्रभावित स्थल भएको हुनाले यो स्थल यी दुवै धर्मावलम्बीहरूको लागि अति पुण्य छ । यहाँ एउटा सानु गुम्बा छ र एउटा लामापरिवार पनि बसेको छ । गुम्बाभित्र निकै राम्रा राम्रा ढलौटका मूर्तिहरू र हस्तलिखित ग्रन्थहरू छन् । हस्तलिखित ग्रन्थहरू सबैजसो तिब्बती भाषामा लेखिएका छन् ।

इन्द्रायणीलाई पालुङकी मुख्य देवी मानिन्छ । तीन वर्षमा एक चोटि मंसीरको पूर्णिमाको दिनदेखि तीन दिनसम्म

यहाँ ठूलो मेला लाग्दछ । उक्त मेलामा खास गरी इन्द्रायणी देवी, भैरव, गणेश, वाराही, कुमारी आदि देवदेवीहरूको खटयात्रा र धूमधामसंग पूजाआजा, बलि, भोग आदि गरिन्छ । यो मेला चलाउन श्री ५ को सरकारबाट गूठीको बन्दोबस्त गरिदिएको छ । यो मेला इन्द्रायणी देवस्थल अगाडिको ठूलो चउरमा लाग्दछ । मेलामा चाहिंवे जोर-जाम गर्न पाटनबाट एक आचार्य पनि सधैं आउने गर्दछन् । यस तथ्यले पनि पालुङका निवासीहरूको पाटनसंगनै घनिष्ठ सम्बन्ध थियो भन्ने बुझाउँछ । सायद तिस्टुङ जैं पालुङ पनि पाटनका मल्लराजाहरूको अधीनमै थियो भन्ने पनि बुझाउँछ । यो मेला अरू वेलामा भन्दा बालीनाली बिग्रेको, अनिकाल लागेको, रोगव्याध फैलिएको समयमा धेरै श्रद्धा र भक्तिका साथ मनाइन्छ । हुन सक्छ यस यात्राको परम्परा पनि यस्तै कुनै दुःख र आपद् परेको वेलादेखिनै चल्न गएको थियो । (३०)

पालुङ अंगारेमा पालुङका सबैभन्दा ख्यातिप्राप्त तथा मकवानपुर जिल्लाभित्रका सबैभन्दा विशाल छानेशैलीको भगवान् पाण्डुकेशरको मन्दिर छ । काठमाडौंको अङ्को-नारायणको मन्दिरको जोडा गरी यो मन्दिर बनाएको थियो रे । तर हाल देखापरिरहेको मन्दिरको छानेशैली-बाहेक अरू कुनै पनि कलाकृति र बनौटसंग यो मन्दिर अङ्कोनारायणको मन्दिरसंग मिल्दैन । वास्तवमा अङ्को-नारायणको मन्दिर यस मन्दिरभन्दा धेरै कलात्मक छ । भनिन्छ वि. सं. १९७२ सालमा आएको ठूलो बाढीले गर्दा मन्दिर बिग्रन गएको थियो । उक्त जीर्ण मन्दिरलाई २००६ सालमा जीर्णोद्धार गरियो र फेरि २०११ सालको बाढीले गर्दा उक्त मन्दिर बिग्रन गयो । हाल पुनः जीर्णोद्धार गरेको मन्दिरको रूप यस्तो छ ।(फलक ५ ख)

पाण्डुकेशर स्थानवरपर निकै मूर्तिहरू छन् । ती मध्ये धेरैजसो भग्न अवस्थामा छन् । मन्दिरभित्र खास देवताको रूपमा भगवान् शंकर विद्यमान छन् । लिङ्गको रूपमा विद्यमान शंकरका वरपर नारायण, गणेश, भैरव आदिका मूर्तिहरू पनि छन् । मूर्तिहरू प्रायः नयाँनै छन् । यहाँ काठमाडौं पशुपतिनाथमा जस्तै नित्यपूजा हुने गर्दछ । भनिन्छ काठमाडौं पशुपतिस्थानमाजति मेला,यात्रा लाग्दछन् यहाँ पनि उत्तिकै मेला, यात्राहरू मनाउने गर्दछन् । पूजाआजा चलाउन श्री ५ को सरकारबाट गूठीको बन्दोबस्त पनि गरिदिएको छ ।

प्राचीन कलात्मक मूर्तिहरूले पालुङ शहरलाई पनि लिच्छवीकालीन शहर भनी प्रमाणित गर्न सामर्थ्य भएको छ । पालुङका प्राचीन तथा कलात्मक मूर्तिहरू यिनै हुन्– शंखमूलको स्त्रीमूर्ति, पालुङ शहरको नारायणको मूर्ति, पाण्डुकेशरस्थानका स्त्रीमूर्तिहरू र सोल्टु पाथिभराको गरुडासन नारायणको मूर्ति आदि ।

पालुङ शंखमूलको स्त्रीमूर्ति त्यस क्षेत्रको सबैभन्दा कलापूर्ण र प्राचीन मूर्ति हो । स्थानीय जनता यस भग्न-मूर्तिलाई सरस्वती भन्दछन् । प्रस्तरको यस मूर्तिको शिर, दुवै हात र खुट्टाको घुडाभन्दा तल्लो भाग छैन । करीव साढे दुई फीट अग्लो र आठ इन्च मोटाइको यो मूर्ति शंख-मूलको चउरमा एउटा सानो खोपा जस्तो ठाउँमा राखिएको छ, जसको भविष्य अति खतरनाक छ र सुरक्षा हुनु अति आवश्यक छ । पुस्ट, पुस्ट गोलाकार वक्षस्थल, शरीरलाई सुहाउने गरी बनेको कम्मर र सुडौल पाखुराहरू, घाँटीमा मोतिको माला भएकी स्त्रीमूर्तिको शिर, हात र खुट्टाहरू नभएता पनि अति आकर्षक र कलापूर्ण देखिन्छ । मूर्तिको बनौट गुणहरू र परम्पराको अध्ययनबाट यो सिद्ध हुन सक्छ यो मूर्ति लिच्छवीकालीन नेपालमा बनेको हो र खास गरी सातौंदेखि दशौं शताब्दीसम्म नेपाल उपत्यकाभित्र र लिच्छवीहरूको प्रभावक्षेत्रहरू उपत्यकाबाहिर पनि यस किसिमका मूर्तिहरू बनेका थिए । त्यस समयमा बनेका अरू स्त्रीमूर्तिहरूसंग यो धेरै मिल्दोजुल्दो छ । जस्तै श्री ५ महा-राजाधिराज सरकारबाट सुश्री स्टीला क्रामरिशलाई प्रदान गरेको सातौं शताब्दीको देवीको मूर्तिसंग पनि यस मूर्तिको बनौट र परम्पराको मेल खान्छ । (३०) (फलक ६ क)

पालुङ पाण्डुकेशरस्थानमा पनि अरू दुई स्त्रीमूर्तिहरू छन् । स्थानीय जनताहरू ती मूर्तिहरूलाई पनि सरस्वतीका मूर्ति भन्दछन् । ती मध्ये एउटा २ फीट अग्लो र ८ इन्च मोटाइको छ, जसको दुवै हात र पाउहरू टुटिइसकेका छन् । यस मूर्तिको बनौट हेर्दा यो लिच्छवीहरूको पतन र मल्लहरूको शुरुशुरुमा बनेको हुनु धेरै संभव छ । लिच्छवी-कालीन नेपालको कला पारखता यस मूर्तिमा देखा पर्दैन त

पन्ध्रौं शताब्दीदेखि सत्रौं शताब्दीसम्म परिमार्जित भएको मल्लकालीन नेपाली कलाको प्रभावनै यसमा देखा परेको छ । तसर्थ यो लिच्छवीहरूको पतन र मल्लहरूको शुरु शुरुतिर वा मल्लहरू नआउँदै बनेको हुनुपर्दछ ।

यस मूर्तिको वक्षस्थल पनि सानो छ । पाखुराहरू पनि सुडौल र आकर्षक देखिदैनन्, कानको बाला र मोतीको माला पनि राम्ररी कुंदिएका छैनन् र अनुहार पनि तेजिलो र हंसिलो देखिदैन । तेह्रौं चौधौं शताब्दीतिर ह्रास भएको नेपाली कलाको यो पनि एउटा अपूर्व नमूना हो भन्न सकिन्छ । यो मूर्ति शंखमूलको स्त्रीमूर्तिभन्दा पछि बनेको हुनाले सोही परम्पराको मूर्ति जस्तो लाग्दछ । शायद शंखमूलस्थित मूर्ति बिग्रिसकेपछि यो बनेको हुनुपर्दछ ।

यसै परम्परा र बनौटसंग मिल्ने अर्को एउटा स्त्रीमूर्ति पनि त्यहींनै छ । यो स्त्रीमूर्ति पालुङक्षेत्रभरमा सबैभन्दा राम्रो र सुरक्षित मूर्ति हो । हालसम्म यो मूर्तिमा कुनै घाउ, चोट लागेको छैन, तर पाडुकेशरको खुला चौर, प्राइमरी स्कूलको नजीकै भएको हुनाले केटाकेटीहरू र घामपानीबाट यसको सुरक्षा हुनु अति आवश्यक छ । करीब ३ फीट अग्लो र साढे एक फीट गोलाइको यस मूर्तिलाई स्थानीय जनताहरू लक्ष्मीको मूर्ति भन्दछन् । तर मूर्तिको गुण र रूप हेर्दा यो मूर्ति गौरीको हुनु धेरै संभव छ । मधुर मुस्कान र धेरै गहनाहरूले सिंगारिएकी देवीको यस मूर्तिमा मल्लकालीन कलाका धेरै गुणहरू विद्यमान छन् । वास्तवमा पालुङ इलाकाभरमा यसलाई सबैभन्दा ठूलो, सुरक्षित र आकर्षक मूर्ति भने पनि हुन्छ । शंखमूल र माथि बयान गरेको पाण्डुकेशरकै अर्को स्त्रीमूर्तिको सिलसिलालाई गहिरिएर अध्ययन गरेको खण्डमा यो मूर्ति पनि त्यही स्त्रीमूर्तिहरूका परम्परामा बनेको हुनु धेरै संभव छ । मूर्तिको गुण, रूप र बनौट हेर्दा यो पन्ध्रौंदेखि सत्रौं शताब्दीतिर बनेको हुनुपर्दछ । मल्लकालीन कलाको सुनौला दिनहरूमा बनेको यो मूर्ति नेपाली कलाको उच्चतम नमूनाहरू मध्ये एक हो (फलक ६ ख) ।

पालुङ शहरको अर्को प्राचीन तथा कलात्मक मूर्ति हो बिसंखुनारायणको मूर्ति । करीब २ फीट ८ इन्च चौडाइको यस मूर्तिको दायांतिरको प्रभामण्डल र हातहरू टुटिसकेका छन् । भगवान्को दायांमा विनम्रताका साथ दुवै हात जोडी गरुड उभिएका छन् । भगवान्को बायांतर्फको तल्लो हात पनि टुटिसकेको छ र माथिल्लो हातमा चक्र छ । बायांतर्फ देवी लक्ष्मी उभिएकी छन्, देवीको मुहार र हातहरू पनि प्रायः नष्ट भैसकेका छन् । एउटा भग्नमन्दिरभित्र रहेको हुनाले यसको अवस्था साह्रै चिन्ताजनक छ । तसर्थ चाँडै मन्दिरको जीर्णोद्धार भै मूर्तिको सुरक्षा हुनुपर्दछ । मूर्तिको बनौट र परम्परा लिच्छवीकालीन हो । शायद तिस्टुङको विष्णुमूर्ति (फलक ७ क) भन्दा यो मूर्ति प्राचीन हुनुपर्दछ, जसअनुसार यो मूर्ति नवौं अथवा दशौं शताब्दीतिरको हुनुपर्दछ । भनिन्छ पालुङशहरको चारै दिशामा चार नारायणहरू स्थापना गरेका छन् । ती यिनै हुन् विसंखुनारायण, हरिशंकर, इचंगुनारायण र चांगुनारायण । यसरी प्रशस्त मात्रामा विष्णु र लक्ष्मी, शिव र अरू देवीहरूको प्रतिमाहरूले भरपूर पालुङ शहर प्राचीनकालदेखिनै हिन्दूधर्मावलम्बीहरूको केन्द्र थियो भन्न सकिन्छ ।

## भीमफेदी र हिटौंडा

मकवानपुर जिल्लाको अर्को महत्वपूर्ण स्थानहरू मध्ये भीमफेदी र हिटौंडा पनि हुन् । हिमवत्खण्ड पुराणमा भीमफेदीको महत्वबारे बयान गरेको छ भने महाभारतको हिडिम्बा राक्षस र उनकी बहिनी भुटनदेवीसंग हिटौंडाको सम्बन्ध छ । यसरी प्राचीन ग्रन्थहरूमा उल्लेख भएका स्थानहरू भएका हुनाले यिनीहरूको प्राचीनता स्वत:सिद्ध हुन्छ ।

भीमफेदी भनी उक्त स्थलको नामकरण हुनुमा जनश्रुति पनि छ । जसअनुसार पाण्डवहरूलाई चौध वर्षको वनवास भोग्नुपर्दा भीमसेनलाई कुनै कारणवश काठमाडौं जानु पऱ्यो । हिटौंडामा पुग्दा उनको हिडिम्बा राक्षससंग भेट भो र ती दुबैको घनघोर लडाई भो, तर भीमसेनको अगाडि हिडिम्बाको केही लागेन र आखिर हार मानी आफ्नी बहिनी भुटनदेवीसंग भीमसेनको विवाह गराई सन्धि गरे । घोसिङमा पुग्दा खानपिन गरी भीमफेदीको बाटो लागे, तर भीमफेदी पुग्नासाथ कुखुरा बासेको हुनाले त्यो रात त्यहीं वास बस्नुपऱ्यो । यसरी भीमसेन वास बसेको

ठाउँ भएको हुनाले यो स्थान प्रख्यात भयो। प्राप्त तथ्यहरू-को आधारमा भीमफेदीको प्राचीनता अठारौं शताब्दीभन्दा टाढा जान सकेको छैन।

ऐतिहासिक कागजातहरूको संकलनमा भने भीमफेदीमा निकै ठोस कार्य भयो। प्रमुख जिल्ला अधिकारीको कार्यालय पनि सोही ठाउँमा भएको हुनाले सो कार्यालयमा पहिलेदेखि चिसापानी गढीबाट ल्याइराखेका सयकडौंको संख्यामा खड्गनिशाना, एकछापे, दुइछापे, सनद आदि पनि प्राप्त भयो। ती कागजातहरूमा धेरै चाख लाग्दा तथा महत्वपूर्ण कुराहरू उल्लेख गरिएका छन्। जस्तै गढीको नयाँ बंगलामा जरनल र अंग्रेजसम्म बस्न पाउने भन्ने १९८८ सालको खड्गनिशाना, स्वास्तीमानिसहरूलाई फौजदारी मुद्दामा पनि नेल नठोक्नू भन्ने १९८२ सालको हुकुमप्रमांगी, हिटौंडसमेत जग्गा वंझ ई जंगल गुल्जार गर्ने बारेको १९९५ सालको सनद इत्यादि।

सोही पंचायतका प्रधान पंच श्री जगत्सिंह लामा तारागाउँ, हवेलीबाट पनि दुइवटा महत्वपूर्ण लालमोहरहरू प्राप्त हुन आएका छन् जसमध्ये एउटा वि. सं. १९०० सालको भीमफेदीका मिझार कंचरामका नाउँमा गरिदिएको लालमोहर छ जसमा हुलाक चलाउने, काठमाडौंबाट भीमफेदीको बाटो गरी आवतजावत गर्ने, भाइभारदारहरूले कसैलाई पनि बलजफती भारी नबोकाउनू, गाउँ आवाद गरी गुल्जार गर्नू र मिझारले भनेबमोजिम गाउँलेहरूले पनि उनलाई सहयोग गर्नू भन्ने कुराहरू उल्लेख गरिएका छन्। (फलक ७ ख) अर्को चाहिं वि. सं. १९२२ सालमा भीमफेदीका मिझार जितमानका नाउँमा गरिदिएको जङ्गबहादुरको रुक्का छ। (फलक ८ कख)

भीमफेदी र हिटौंडाका प्राचीन स्थलहरू भन्नु नै भीमसेनको मन्दिर र भुटनदेवीस्थानहरू हुन्। ती दुवै धार्मिक स्थलहरूमा रहेका मूर्तिहरू प्रायः नयाँनै छन्। तैपनि भीमफेदीको ढलौटको भीमसेन र द्रौपदीको मूर्ति, प्रधान पंच जगत्सिंह लामाको व्यक्तिगत गुम्बामा रहेको लामागुरुको ढलौटको मूर्ति र हिटौंडाको पीपलको बोटमनिको प्रस्तरको स्त्रीमूर्ति भने उल्लेखनीय नै छन्।

भीमफेदीको गुम्बालाई चार्मलिंग भन्दा रहेछन्। यो जगत्सिंह लामाको पारिवारिक गुम्बा हो। गुम्बा करीब पचास वर्षअघि बनेको थियो। गुम्बाभित्रका भित्तेचित्रहरू र माटाका मूर्तिहरू साह्रै आकर्षक छन्। ती चित्र तथा मूर्तिहरू तिब्बती कलाकारहरूले बनाएका हुन् भन्दछन्।

यात्राहरूमा हिटौंडामा भुटनदेवीको यात्रा र भीमफेदीमा भीमसेनको यात्रा नै महत्वपूर्ण छन्। हिटौंडामा बस्ती हालसालै मात्र बसेको हो। हिटौंडाको पीपलको बोटमनिको स्त्रीमूर्तिलाई स्थानीय जनताहरू सरस्वती मानी पूजा गर्दछन्। प्रस्तरको यो करीब साढे एक फुट अग्लो र आठ इन्च चाकलो मूर्ति ठवाट्ट हेर्दा निकै प्राचीन जस्तो देखिन्छ। तेल र रंगको पोताइले गर्दा मूर्ति नचिन्ने भैसकेको छ। स्त्रीको दायां हातमा कमलको फूल र दायां बायां दुवैतिर नागहरू छन् मूर्तिको शिरभागमा पनि नाग ओडाइएको छ। मूर्ति खास कलात्मक चाहिं छैन। पुरातत्व विभागका प्रधान अनुसन्धान अधिकारी श्री जनकलाल शर्माको भनाइअनुसार यो मूर्ति अन्तिम सेनकालको हो। (३१) हुनसक्छ-सेनभूमि मकवानपुर र समीपवर्ती क्षेत्रहरूबाट यो मूर्तिलाई पछिबाट यहाँ ल्याई स्थापना गरेको हो। किनभने हिटौंडामा यसै भन्दा प्राचीन अरू कुनै पनि कलात्मक सामग्री भेटिएको छैन।

## उपसंहारः-

मकवानपुर जिल्ला नेपाल अधिराज्यको एक प्राचीन तथा ऐतिहासिक जिल्ला हो। खास गरी तिस्टुङ र पालुङ यस जिल्लाका मुख्य, मुख्य प्राचीन लिच्छविकालीन शहरहरू थिए। नेपालको प्राचीन इतिहास र कलाको विस्तृत अध्ययन गर्ने यी दुवै स्थलहरू अति महत्वपूर्णका छन्। यी दुवै ठाउँहरूमा रहेका भग्नावशेषहरूको पनि चाडैनै उत्खनन हुनुपर्दछ, जसबाट अरू धेरै धेरै महत्वपूर्ण कुराहरू अझै थाह पाउन सकिन्छ। निकै मात्रामा प्राचीन कलात्मक सुन्दर मूर्तिहरू त्यसै छरिएर रहेका छन् जुनको अविलम्ब सुरक्षा हुनुपर्दछ। मकवानपुर जिल्लाभरमा पाण्डुकेशर र भीमसेनको मन्दिरबाहेक अरू एउटा पनि मन्दिर, मन्दिरको अवस्थामा छैनन्, तसर्थ ती सबको एक एक गरी जीर्णोद्धार हुनुपर्दछ। मकवानपुरको त्यो प्रसिद्ध ऐतिहासिक गढीको पनि अविलम्ब जीर्णोद्धार गर्नुपरेको छ नत्र अब केही वर्षमै त्यो सम्पूर्ण नै नासिएर जान सक्दछ।

(अनुसूची–१)

# नारायणी अंचल

**तिस्टुङ थचोक प्राथमिक पाठशालानिर रहेको अंशुवर्माको शिलालेख, लिपि लिच्छवि ।**

१. स्वस्ति नेपालेभ्य: सकलजगद्विसारिकीर्तिरि
२. तिवृतार्यमर्यादाकेतुर्भगवत्पशुपतिभट्टा
३. रकपादानुगृहीतो वप्पपादानुध्यात: श्री महासा
४. मन्तांशुवर्म्म कुशली कुण्डशुल्कतापताधिकृता
५. न्पुरत: कृत्वा पश्चिमद्वारप्रतिवद्ध विषयापा
६. तितदायुक्तकशौल्किक गौल्मिकादीङ कुशलमाभाष्य
७. समाज्ञापयति विदितम्भवतु भवतां यथास्मा
८. भिरेषां तैस्तुंगग्रामीणानाम् लोहचामरमृग
९. रोमकस्तूरिकाकृतताम्रमाण्डान्यनिर्हार्याण्यतोस्य
१०. तदन्यद्रव्याण्यादाय प्रक्रययार्थमितो निर्गच्छता
११. म्युसाछत्रोपक्रन्तान्त: प्रविशता शुल्कतापनादि यथा
१२. देयम्प्रतिमुक्तमेवं वेदिभिरस्मत्प्रतिवद्धजीवनै
१३. रन्यैर्व्वानकैश्चिदप्ययम्प्रसादोन्यथा कार्या यस्त्वै
१४. तामाज्ञामतिवर्त्योन्यथा प्रवर्तिष्यति तमहन्नरप
१५. (ति) कृत मर्यादाभेदिनं न मर्षयिष्यामि भविष्यद्भि
१६. •••तिभि: स्तानकृत विपाकोपतत… …

## अनुवाद–

कल्याण होस् नेपालबाट संसारभर कीर्ति फैलाउने यावत् आर्यको मर्यादारूपी भण्डार भएका भगवत्पशुपति परमेश्वरको पाउको अनुग्रह पाएका बाबुको पाउको भलो चिताएका श्री महासामन्त अंशुवर्मा कुशल हुनुहुन्छ । उहाँले कुण्डशुल्कतापनाधिकृतहरूलाई अगाडि राखेर पश्चिम ढोका-तिरको व्यवस्था विषयमा लागेका आयुक्तक शौल्किक गौल्मिक आदिहरूलाई कुशल सोधेर आज्ञा हुन्छ । जस्तै हामीले यी तिस्टुङ गाउलेहरूका लागि लोह चवर मृगरोम कस्तूरिका खुद्रा तामाका भाडावर्तनहरू खांचा छन् । यस-कारण यसको अन्य द्रव्य लिई खरीद गर्नाका लागि यहाँबाट निस्केका र खरीद गरी सामानसहित पसेकाहरूको जुन तापनादि शुल्क लाग्दथ्यो त्यो मुक्त भयो । यो कुरा जानी हाम्रा जागीरदार वा अरू कसैले पनि अन्यथा नगर्नू । जसले यो आज्ञा उल्लङ्घन गरी अन्यथा गर्नामा लाग्ला राजाले बनाएको मर्यादा तोड्ने त्यसलाई हामी कुनै हालत सहने छैनौं पछि पछिका मानिसले सान विपाक… … …

N.B. ABHILEKHA PRAKASH
(Lichcchavi Period)
1969, pp 10,11,

(अनुसूची–२)

# ने. सं. ८५९ को

## तिस्टुङ तलेजु भगवतीस्थानको शिलालेख

१. स्वस्ति ।। सम्वत् ८५९ फाल्गुण शुक्ल ।। पूर्णिमा ।। बुधवार ।। थ्व
२. कुन्हु, श्री ३ करुणामयस कृपान श्री माणिग्लाधिपति महा
३. राजाधिराज श्री श्री जय विष्णु मल्ल देव प्रभु थाकुरस आ
४. ज्ञान, त्यस्तु क्वाठ जीर्णोद्धारास्यं, त्यस्तुया रांगा ग्रा
५. मदक्क प्रजापनीस्त द्वादस्यं चोङ दहदारित अन्तर
६. स. दहदारित मथ्याचक तओगुलिस, श्री श्री जय विष्णु म
७. ल्ल देव प्रभु थाकुरसन दहदारित थ्याचक प्रसंन्न जुया
८. जुरो, चौतरा दथलाछेया भाजुदेवभाजु देश परमा
९. न तओलाछेया राजारामसिंहभा, दथलाछेया जयम
१०. रसिंह भा, देशया देवार नन्दजु, धनरामजु, गुरुसिंह
११. जु, अमरसिंहजु, रूपसिंहजु, रामभद्रजु, ग्यानदेव
१२. जु।। थ्व दहदारित मथ्याचकं ग्वह्मसेनं सेनकंसकाले ओ
१३. हसस्त, मोटं पे दोर ४००० दण्ड जुरो ।। थ्व देशन ओप
१४. रमान पनिसेन, वर्षप्रति थ्वक्वाठ सेङ ल्होनेमाल, म
१५. ल्होनसा, पंचमहापातक राक जुरो ।। शुभमस्तु ।।
१६. चन्द्र सिंजु, रामशंकरजु, मनिराज ।।

## अनुवाद–

स्वस्ति ने. सं. ८५९ (वि .सं १७९५) फाल्गुण शुक्ल पूर्णिमा बुध वारको दिन श्री ३ करुणामयको कृपाले श्री माणिग्लाधिपति महाराजाधिराज श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरको आज्ञाले तिस्टुङ किल्ला जीर्णोद्धार गरी तिस्टुङ इलाका गाउँका सबै प्रजाहरूमा पहिलेदेखि बसेका दहदारितलाई बाहेक गरेकोमा श्री श्री जय विष्णु मल्ल देव प्रभु ठाकुरले दहदारितलाई बाहेक नगर्ने निगाह भयो। चौतरा दथलाछेका याजुदेव भाजु, देशका परमान तओलाछेका राजारामसि भा, दथलाछेका जय अमरसिंह भा, देशका दुवार नन्दजु, धनरामजु, गुरुसिंहजु, अमरसिंहजु, रूपसिंजु, रामचन्द्रजु, ज्ञानदेवजु, यी दहदारितलाई बाहेक गरी जसले बिगार्ला त्यसलाई मोहर टंका ४००० दण्ड हुन्छ। यस देशका परमानहरूले प्रतिवर्ष यो किल्ला बिग्रेमा बनाउनुपर्छ। नबनाए पञ्चमहापाप लाग्ला। शुभम्। चन्द्रसिंहजु रामशंकरजु, मनिराज.........

N. B. Published in "Medieval Nepal" Colephone & Descriptions, pp 220 Tns, No. 64,

(अनुसूची-३)

# नारायणी अंचल

**तिस्टुङ इकुटोल पाटीको लक्ष्मीनारायणमूर्तिको पादपीठको ने.सं. ८०९ को अभिलेख, लिपि नेवारी**

१. सम्वत् ८०९ भाद्रपद शुक्ल ।। अस्तमि ।। विसा
२. षा नक्षेत्रे ।। ऐन्द्र योगे ।। सोम वार थ्वकुन्हु ।।
३. लक्ष्मीनारायण तथा ।। हरिराम या तरा
४. मन दयका ।। वसुदेवन तया जुरो शुभ

## अनुवाद-

नेपाली संवत् ८०९ (वि.सं. १७४६) भाद्र महीना शुक्ल पक्ष अष्टमी तिथि विशाखा नक्षत्र ऐन्द्र योग सोम वार यस दिन लक्ष्मीनारायण राखियो । हरिरामको तजबीजले बनाएको । वसुदेवले राखेको शुभम्—

N. B. Not yet published

# नारायणी अंचल

**पालुङ शहर मण्डल पाटीको ने.सं. ९१० को शीलालेख, लिपि नेवारी**

१. सम्वत ९१० वैशाष थ्व कुन्हु पाल्द
२. दवुलिदेशया धंजुमान भारो श्री सो
३. पिता धंचा भारो ।। माता द्रौपतिलक्ष्मी स्त्री वाग्म
४. तिलक्ष्मी पुत्र भाजुमन भारो स्नुषा अमृतल
५. क्ष्मी पौत्र मोहनसिह थते समूहन क्र
६. पा दया ओनाङ समुचय मोनाओ थ्व ता
७. हाफले दयकं प्रतिस्था पाङ्न जुरो
८. शुभ

## अनुवाद-

ने. सं. ९१० (वि. सं. १८४७) वैशाख......यो दिन पालुङ दवुलिदेशका भाजु धनजुमान भारो निजका पिता श्री धन्चा भारो माता द्रौपदीलक्ष्मी, स्त्री वाग्मतीलक्ष्मी, पुत्र भाजुमन भारो, बुहारी अमृतलक्ष्मी, नाति मोहनसिंह, यी सबैको धर्मचित्त भई सबै मिलेर यो मण्डलपाटी बनाई प्रतिष्ठा गरियो । शुभ

# नारायणी अंचल

**पालुङ शिखरकोट गणेशस्थानको वि. सं. १८५२ को**
**शिलालेख, लिपि देवनागरी**

१. श्री गणेशाय नमः ।। ।। साकेस्मितवदाद्रिचन्द्रप्रतिमे शु
२. क्ले सुचौ सद्दिने तोयर्क्षे जीववारे रजनीकरतिथौ ऐन्द्र यो
३. गे शुभेह्नि ।। १ ।। श्री जयराजनृपप्रयो हि मतिमान् त
४. स्यामभूत्श्री गजराज श्रेष्ठमति नृपप्रियतमो दे
५. वद्विजो पूजक ।। २ ।। तस्य श्री गजराजस्य भार्येका
६. देवकी शुभा ।। अपरा सत्यभामाख्या पतिव्रतपरा
७. यणा ।। सा श्रीमत् गणेशप्रित्यर्थे तूनिरख्यान
८. निर्मितम् ।। यथोक्तविधिना कृत्वा प्रतिष्ठापू
९. र्वकं शुभम् ।। ३ ।। सम्वत् १८५२ साल—

**अनुवाद—**

श्री गणेशलाई नमस्कार ।। शाके १७१७ आषाढ शुक्ल १५ पूर्वाषाढा नक्षत्र ऐन्द्र योग वृहस्पति वारको शुभ दिनमा राजाका प्यारा बुद्धिमान् श्री जयराजका छोरा असल बुद्धि भएका राजाका अत्यन्त प्यारा देवता र ब्राह्मणलाई आदर गर्ने श्री गजराज थिए। ती गजराजकी एउटी पत्नी रानी देवकी भन्ने र अर्की पतिव्रता सत्यभामा भन्ने थिइन्। ती सत्यभामाले श्री गणेशजीको प्रीतिका निमित्त तूनिर नामका गणेश बनाई यथोक्त विधिले प्रतिष्ठा गरिन्। संबत् १८५२

# नारायणी अंचल

**मकवानपुर ग्रहखोला अवाल डांडामा रहेको वि. सं. १९४२ को**
**शिलालेख, लिपि देवनागरी**

१. स्वस्ति श्री मंगल मूर्तये नम ।। स्वस्ति
२. श्री सम्वत् १९४२ सालका र्
३. जा. राजिर प्रिथि वीर विक्रम सा
४. हा मिति पौष सुदि १५ रोज ४
५. तद्दिन मैकापुर राजदेवी वंसगो
६. पाल तत्र निवसत धनञ्जय गो
७. त्रा विलमायानाम्नि ब्राह्मण्य कीर्ति छ

**अनुवाद—**

स्वस्ति श्री मंगलमूर्तिलाई नमस्कार। स्वस्ति श्री सम्वत् १९४२ राजा पृथ्वी वीर विक्रमका पालामा पौष शुक्ल १५ रोज ४ का दिन एकापुर राजदेवी वंशगोपाल त्यस ठाउँमा बस्ने धनञ्जय गोत्रकी विलमाया भन्ने ब्राह्मणीको कीर्ति छ।

# सहायक पुस्तक तथा पुस्तिकाहरूको सूची



१) इतिहास प्रकाश, सन्धि पत्र संग्रह, भाग १, पृष्ठ५५६
२) राइट् वंशावलि, पृष्ठ १२४
३) History of Nepal, Bikram Jit Hasrat, pp xivii
४) Ibid, pp 51
५) प्राचीन नेपाल, सं. २०२५ संख्या ४, पृष्ठ १५–१७
६) नेपाली निवन्धावलि, श्री जनकलाल शर्मा, पृष्ठ ४२
७) नेपालको इतिहासको रूपरेखा, श्री बालचन्द्र शर्मा, पृष्ठ १९७–२०७
८) प्राचीन नेपाल, सं. २०२५ संख्या ४, पृष्ठ १६
९) नेपालको संक्षिप्त इतिहास, नयराज,तोत्रराज,पृष्ठ२८
१०) नेपालको इतिहास– अम्बिकाप्रसाद, पृष्ठ ७१-७३
११) Prithivi Narayan Shah in the light of Dibya Upadesh by L. F. Stiller, pp 90-92
१२) Ibid
१३) पुरातत्व पत्र संग्रह, भाग २, पृष्ठ ४
इतिहास प्रकाश, सन्धि पत्र संग्रह भाग १, पृष्ठ ५५४–५५५
१४) नेपालको संक्षिप्त इतिहास– नयराज, तोत्रराज पृष्ठ ७७
१५) Prithivi Narayan Shah in the Light of Dibya Upadesh by L. F. Stiller, pp 12
१६) नेपालको संक्षिप्त वृत्तान्त– इतिहास शिरोमणि श्री बाबुराम आचार्य, पृष्ठ २६
१७) History of Nepal- B. J. Hasrat, pp 51
१८) Account of the kingdom of Nepal Kirkpatrick, pp 24
१९) The Poltics of Nepal-- Rose Fisher, pp 95
२०) प्राचीन नेपाल, सं. २०२५, संख्या ४, पृष्ठ १७
२१) स्वस्थायनी व्रत कथा, बाबु माधवप्रसाद, पृष्ठ १४८
२२) "रमझम" मासिक, सं. २०२८, अङ्क ३, पृष्ठ २२
२३) Boston Museum Bullitin, vol Lxvi—1968 Number 345, pp 91
२४) ibid, pp 85-100
२५) प्राचीन नेपाल, सं. २०२४, संख्या १, पृष्ठ २२–२४
२६) The Art of Nepal, S. Kramarich, pp 30-35
२७) प्राचीन नेपाल, सं २०२६, संख्या १०, पृष्ठ ३३
२८) ibid, pp 32
२९) ibid
३०) The Art of Nepal : S. Kramarich, pp 56
३१) प्राचीन नेपाल, सं. २०२४, संख्या २, पृष्ठ २


## अनुसूचीहरू


१) अनुसूची— १
तिस्टुङ थहचोकको अंशुवर्माको शिलालेख
(अभिलेख प्रकाश– हेमराज शाक्य, सन् १९६९, पृष्ठ १०–११)

२) अनुसूची— २
तलेजुस्थित विष्णु मल्लको शिलालेख –
(कोलोफोनस् एण्ड इन्स्क्रिप्सन "मेडियभल नेपाल"मा प्रकाशित– अभिलेख नं. ६४, पृष्ठ २२०)

३) अनुसूची— ३
तिस्टुङ इकुटोलको लक्ष्मीनारायणको पादपीठको अभिलेख – (अप्रकाशित)




क, मकवानपुरको किल्ला । पृ ३६




ख, मकवानपुरको किल्ला । पृ ४०




क, वत्सगोपालको मूर्ति । पृ ४०



ख, तिस्टुङ पहचोकको अंशुवर्माको शिलालेख । पृ ४२



क, तिस्टुङको ढुङ्गेधारा । पृ ४२




ख, तिस्टुङको उमामहेश्वरको मूर्ति । पृ ४५



क, तिस्टुङको लक्ष्मीनारायणको मूर्ति । पृ ४५



ख, तिस्टुङको बिष्णुको मूर्ति । पृ ४५



क, वि. सं. १८९६ सालको जग्गा विषयको लालमोहर । पृ ४६




ख, पालुङ्को पाण्डुकेश्वरको मन्दिर । पृ ४७




क,पालुङ, शंखमूलको स्त्रीमूर्ति । पृ ४७



ख, पालुङ, पाण्डुकेशर स्थानको स्त्रीमूर्ति (गौरी) । पृ ४८



क, पालुङ्को बिष्णु मूर्ति । पृ ४८



वि. सं. १९०० सालको भीमफेदीका मिव्हार कंचरामका नाउमा गरिदिएको लालमोहर– पृ ४९



क, पालुङका रैतीलाई गरिदिएको बन्देजको लालमोहर । पृ ४९



क, वि. सं. १९२२ सालमा भीमफेदीका मिझार जितमानको नाउमा गरिदिएको जङ्गबहादुरको रुक्का– पृ ४९

# लिच्छविकालीन दुइ माटाका छाप

—बाबुकृष्ण रिजाल

नेपालमा बौद्धधर्म कहिलेदेखि प्रारम्भ भयो भन्ने कुरा निश्चितरूपमा जान्नाका लागि पुरातात्विक अन्वेषण तथा उत्खनन कार्य गर्नु धेरैनै बाँकी छ। काठमाडौं उपत्यकाको प्रामाणिक तथा क्रमबद्ध इतिहास पाँचौं शताब्दीका लिच्छवी राजा मानदेवको समयदेखि मात्र शुरू भएको छ। तर अरू पुरातात्विक प्रमाण, प्रचलित अनुश्रुति, पौराणिक आख्यान र वंशावलि आदिले भने काठमाडौं उपत्यकाको इतिहास लिच्छवी कालभन्दा धेरै पहिलेदेखि शुरु भएको हुनुपर्छ भन्ने अनुमान गर्न वाध्य गराउँछन्।

जुनसुकै देशको लागि पनि इतिहास तयार पार्न प्रचलित जनश्रुति, पौराणिक आख्यान र वंशावलि आदिलाई पुरातात्विक प्रमाण मेट्टाउने अग्रिम साधनको रूपमा विद्वान्हरूले लिने गरेका छन्। झन् नेपालको निति ता लिच्छवी राजाभन्दा अगाडिको जुनसुकै कुरा जान्नाका लागि पनि प्रचलित वंशावलि र पौराणिक आख्यानको नै भर पर्नुपरेको छ। तसर्थ नेपालमा प्रचलित बौद्धधर्मको प्राचीनता बुझ्न हामीले पनि अनेक किसिमका जनश्रुति, पौराणिक आख्यान तथा वंशावलिलाई नै अगाडि सार्नुपर्दछ।

बौद्धधर्ममा आधारित वंशावलिअनुसार काठमाडौं उपत्यकाको प्राचीन नाम नागदह थियो। यहाँ शाक्यसिंह बुद्धभन्दा पहिलेका ६ जना मानुषी बुद्धहरूमध्ये सबभन्दा पहिला बुद्ध विपश्वीले वन्धुमती नगरबाट आई नागहृदको उत्तरपश्चिमस्थित जातमात्रोच्च पर्वतमा बसेर पूर्णिमाका दिन एक पवित्र कमलको बीज रोपे, जुन कालान्तरमा ज्योतिस्वरूप स्वयम्भूको रूपमा परिणत भयो। विपश्वी बुद्ध बसेको जातमात्रोच्च पर्वतलाई हामी हिजोआज नागार्जुन पर्वत भन्दछौं।

वंशावलिको अर्को मनाइअनुसार शाक्यसिंह बुद्धले किरातवंशका सातौं राजा जितेदस्तीको समयमा काठमाडौं उपत्यकास्थित पुच्छाग्र चैत्यमा बसेर १३५० भक्तहरूलाई आफ्नो धर्ममा दीक्षित गराएका थिए। गौतम बुद्धका प्रख्यात चेला भिक्षु आनन्दले नेपालमा आएर आफ्ना स्वजनहरूलाई भेटेको कुरालाई वा "मूल सर्वास्तिवाद विनय"मा पनि उल्लेख छ।

बौद्धधर्ममा आधारित वंशावलिमा उल्लिखित काठमाडौं उपत्यकाका कतिपय कांठहरूलाई भारतका प्रख्यात सम्राट् अशोकसित संबंधित गराइएको पाइन्छ। जसमध्ये चाबहील पनि एक हो। वंशावलिअनुसार सम्राट् अशोककी छोरी चारुमतीले चौधौं किराती राजा स्थुंकोका समयमा आफ्ना पिताका साथ नेपालमा आएर देवपट्टनका राजकुमार देवपालसित विवाह गरी आफ्नो अन्तिम समयमा चारुमती विहार बनाएकी थिइन्। चारुमतीले बनाएको विहार भएको ठाउँलाई हामी आजकाल चाबहील भन्दछौं।

लिच्छविकालभन्दा पहिले किरातकालमा चारुमतीले बनाएको चारुमती विहार लिच्छविकालमा पनि बौद्धधर्मको एक प्रमुख केन्द्र रहेको थियो भन्ने कुरा हालसम्म चाबहीलमा देखिइरहेका अनेक किसिमका लिच्छविकालीन चैत्यहरू, स्थानको आसनमा रहेका बुद्ध, पद्मपाणि अवलोकितेश्वरको प्रस्तरमूर्ति तथा एक भव्य स्तूपले पनि बताउँछ।

चाबहीलको प्रांगणमा कति किरातकालीन अवशेषहरू प्राप्त हुन सक्तछन् भन्ने कुरा ता त्यहां पुरातात्विक उत्खनन गरेपछि मात्र जान्न सकिएला। तर लिच्छविकालीन अवशेषका संबंधमा भने चाबहीलके निवासी श्री शरद्राज


नेपालले हालै आफू खेल्दाखेल्दै भेट्टाएको भनी पुरातत्व विभागलाई दिएका माटाका छापबाट ज्ञान हुन्छ । ती दुइटा माटाका छाप लिच्छविकालीन हुन् ।

यसमा महायानी बौद्धधर्मको प्रख्यात मन्त्र–

**"यँ धर्मा हेतुं प्रभवा हेतुं तेषां तथागतो ह्यवदत् ।**
**तेषां च यो निरोध एवं वादी महाश्रवण:"** भन्ने वाक्य अंकित छ ।

यो पाठ राष्ट्रिय अभिलेखालयका लिपिविशेषज्ञ श्री शंकरमान राजवंशीले पढिदिनुभएको हो । माटाका दुई छापमध्ये एक साबूत अवस्थामा छ, अर्को चाहिं तृतीयांश भाग फुटेको छ । साबूत माटाका छापको व्यास करीब सबाइंचको छ र यसको माथिल्लो भागमा दायांबायां दुइटा साना चैत्यका बीचमा एक छत्रसहित तेह्र भुवन देखाइएको स्तूपको चित्रण गरिएको छ ।

यस प्रकारका माटाका छापहरू चैत्य अथवा स्तूपको निर्माण गर्दा भक्तजनहरूले विधिपूर्वक उपवास बसेर जति सक्यो उति छापी उद्यापन गर्ने दिनमा चैत्य अथवा स्तूपको गर्भगृहभित्र राखिदिने चलन अझसम्म पनि नेपालका बौद्ध-धर्मावलम्बीहरूमा प्रचलित भएको देखिएको छ । यस प्रकारका लिच्छवीकालीन माटाका छाप काठमाडौं उपत्यका-मा पाइएको संभवतः पहिलोपल्ट हुन सक्तछ ।



चाबहीलमा प्राप्त लिच्छविकालीन माटाका छाप

# अंग्रेजको आक्रमणमा पृथ्वीनारायण शाह्को विजय

- मोहनप्रसाद खनाल

भारतमा ईसाइ धर्मका प्रचारकहरूको अखडा जमिसकेर चीन, भूटान र तिब्बतमा समेत सो धर्मका प्रचारक पादरीका केही सदस्य दलहरू पुगेर गिर्जाघरहरू बनाई बौद्धधर्मावलम्बी तिब्बतहरूलाई ईसाइ धर्ममा परिवर्तन गराउन शुरु गर्दासम्म पनि नेपालमा यस किसिमको केही प्रभावतक पर्न पाएको थिएन ।

तर वि. सं. १७०१ ताका कान्तिपुरका राजा प्रताप मल्लका प्रसिद्ध काजी भीम मल्लले पहिलेदेखिकै नेपाल र तिब्बतका बीच रहिआएको व्यापारिक सम्बन्धलाई अझ बलियो पार्ने काममा तातापानीको बाटो हुँदै कुती पुगेर तिब्बत सरकारका अधिकारीहरूसंग भेट गरी वाणिज्य र कानूनसम्बन्धी सन्धिको मस्यौदा तयार पारी लामा सदस्यहरूको एक दलसहित भएर शिगार्जोङमा, पुगी त्यहांका राजासंग मैत्रीपूर्ण कुराकानी भएकै समयमा तिब्बततिर ईसाइ धर्म प्रचार गर्ने भेषले आएका पादरीहरूका नेता क्याबरेलले भारततिर फर्कने छोटो र सजिलो बाटोको खोजी गर्दा कान्तिपुर राज्यका वकील भीम मल्ल आएकै बाटोबाट भारततर्फ जाने निधो गरी त्यहाँका राजाको अनुमति लिएर पादरीहरूको एक सानो दल कुतीको बाटो हुँदै नेपाल उपत्यकामा भित्रिइ कान्तिपुरका राजा प्रताप मल्लसंग भेट गरी सिंधुलीको बाटोबाट भारततर्फ लागे ।

अब यसरी यी पादरीहरूलाई भारतबाट भूटान हुँदै हिमश्रृङ्खलाहरू पार गरी तिब्बत जानुपर्ने साटो नेपालको पूर्वी पहाडमा रहेको सिंधुली नामक घाटी पार गरेर तामाकोशीको तीरैतीर दोलखा शहर निस्की लामाबगरको बाटो हुँदै टिंग्री मैदान भएर कुती, दिगर्चा र ल्हासा जान, त्यहाँबाट बाटो पाइने हुँदा यिनीहरू तिब्बतको राजधानी ल्हासासम्म पनि सजिलैसंग जान सक्ने भए । हुनत महाभारत लेकको पानीढलो दक्षिणपट्टि पर्ने दून र भावरहरू सेन राज्यकै अधीनमा पर्थे तापनि त्यति वेला विजयपुरलाई नै राजधानी कायम गरी बसेका राजा हरिहर सेनको र कान्तिपुरका राजा प्रताप मल्लको राम्रो मित्रता कायम भएको हुनाले दुबैतिरका यात्रुहरूलाई आउने र जाने विषयलाई लिएर कुनै किसिमको कठिनाइ उपस्थित भएको थिएन ।

यसरी भारत र तिब्बतमा ओहोरदोहोर गर्ने छोटो र सजिलो मार्गको तय भएपछि कान्तिपुर राज्यमा पनि ईसाइ धर्मप्रचारक अखाडाहरू बनाउनु समयानुकूल परिस्थितिको प्रतीक्षा गर्दै रहन लागे । प्रताप मल्लको मृत्यु वि. सं, १७३१ मा भएको हुनाले कान्तिपुरको राजसिंहासनमा बालख नृपेन्द्र मल्ल राखिए तथा चौताराको पदमा चिकुटी बसी हर्ताकर्ता भएर शासन चलाएका मात्र के थिए करीब १८ बर्षको उमेरमा वि. सं. १७३७ मा नृपेन्द्र मल्लको मृत्युहुँदा उनका भाइ पार्थिवेन्द्र मल्ल कान्तिपुरका राजा भएको ७ वर्षपछि वि.सं. १७४४ मा पार्थिवेन्द्र मल्लको मृत्यु विषप्रयोगद्वारा भएको हुँदा कान्तिपुरका प्रजाहरूले आफ्ना राजालाई विष खुवाएर मार्नेको धुइँधुइँती खोजी गर्न लाग्दा भक्तपुरका राजा जितामित्र मल्ल आई थामथुम लगाई पार्थिवेन्द्र मल्लका नाबालख छोरा भूपालेन्द्र मल्ललाई कान्तिपुरको राजा बनाई फर्के ।

यसरी कान्तिपुर राज्यको भित्री अवस्था बिग्रिएको तथा भक्तपुर र ललितपुरका शासकहरू यी पादरीहरूलाई म्लेच्छको संज्ञा दिई दुबै आँखाले देख्न पनि चाहँदैन थिए तथा कान्तिपुरको स्थिति पनि राम्रो नभैसकेको हुँदा यी

पादरीहरू भित्रभित्रै मसांग्रिएका थिए । तर प्रताप मल्लका पनाति भूपालेन्द्र मल्लका छोरा भास्कर मल्ल (महीन्द्र सिंह) राजा हुँदा नै कान्तिपुर राज्यमा केही शान्तिस्थापना पनि भइसकेको थियो । त्यसैले कान्तिपुरका राजा भास्कर मल्ल (महीन्द्र सिंह)को शासनकाल वि.सं. १७७२ ताका पादरीहरूले ईसाइ धर्मको एक अखाडा कान्तिपुर राज्यमा स्थापना गर्न सफल भए । यसै गरी क्रमशः यिनीहरूको प्रभाव भक्तपुर तथा ललितपुरमा पनि पर्न थाल्यो र यहाँ यिनीहरूका चेलाचेली पनि भए ।

वि.सं. १७९९ मालमा गोरखाको पुर्ख्यौली राजसिंहासनमा श्री ५ पृथ्वीनारायण शाह आसीन भएपछि नेपाल उपत्यकामा आक्रमण गर्ने बन्दोबस्त मिलाउने कामको समेत उद्देश्य लिएर वाराणसीसम्म गएका थिए । वाराणसीमा पुगेपछि त्यहाँ धर्मप्रचारक कुइरेहरूले भारतलाई कुन अवस्थामा पुर्‍याउन लागेका रहेछन् भन्ने कुरा पनि श्री ५ पृथ्वीनारायण शाहले बुझ्ने मौका पाए । श्री ५ पृथ्वीनारायण शाहले भारतको तात्कालिक स्थिति बुझ्नुको साथै आवश्यकीय हतियारहरू लिएर राजधानी भित्रिदा पूर्व निश्चित योजनाअनुसार वि.सं. १८०१ मा नुवाकोट नामक किल्लामा आक्रमण गरी अधिकार जमाएपछि क्रमशः उपत्यकाका अरू गाउँ र कोटहरूमा पनि कब्जा जमाउँदै उपत्यकाभित्र आर्थिक नाकाबन्दीको श्री गणेश गरेका थिए ।

यसरी चारैतिरबाट आर्थिक नाकाबन्दी गरी पेल्दै आएका गोरखालीहरूले आफ्नो देशलाई नै खतरामा पारिसकेका हुँदा कान्तिपुरका राजा जयप्रकाश मल्ल निकै आत्तिइसकेका थिए तापनि दुई दुई पटकसम्म कीर्तिपुरको लडाईमा गोरखालीहरूको पराजय भएकोले राजा जयप्रकाश मल्ललाई केही ढाडस लागेको थियो । अतः वि.सं. १८१९ मा श्री ५ पृथ्वीनारायण शाहका सैन्यदलहरूले मकवानपुरमाथि अधिकार जमाउन सफल भएको दृश्य कान्तिपुरका राजा जयप्रकाश मल्लले देखिरहेका हुँदा उनी यो दृश्यले गर्दा डराइरहेका थिए । तर मकवानपुरका राजा दिग्बन्धन सेनले आफ्ना काजी कनकसिंह बनियाँलाई बंगालका नवाफ काशिम अली खाँकहाँ सैनिक सहायताको पुकारापत्र सहित पठाएका हुँदा र काशिम अली खाँले गुर्गि खाँ नामक सेनापतिको मातहतमा प्रशस्त सैन्यदल गोरखालीहरूको विरुद्धमा पठाएको खबरले भने जयप्रकाश मल्लले निक्कै सन्तोष मानेका थिए । तर गुर्गी खाँका सैनिक जवानसंग असल खालका हतियार भए पनि गोरिल्ला युद्ध गर्ने शिक्षा पाएका गोरखाली सैन्यदलहरूको अगाडि त्यो मुसलमानी फौज टिक्न नसकी जताबाट आएको थियो, सोही बाटोबाट कुलेलम ठोकी भागेको खबर श्री ५ पृथ्वीनारायण शाहले सुनेपछि हर्षबढाइँ गरी खुशी मनाउँदा जयप्रकाश मल्ल निक्कै तर्सिए ।

यसरी जताततै गोरखालीहरूले विजय गरेकोले र तेस्रो पटक पनि कीर्तिपुरमा आक्रमण गरी विजय गरी छाडेका हुँदा जयप्रकाश मल्ल निरुत्साही जस्तै भएर बाटो सोच्तै थिए । गोरखालीहरूले जताततैबाट अँचेट्दै ल्याएका र केही समय पश्चात् उपत्यकाका तीनै मल्ल ठकुराइको उन्मूलन हुने देखेकाले यहाँ बसेका ईसाइ धर्मप्रचारक केपुचिन पादरीहरूले तिब्बतबाट जसरी हटनुपरेको थियो सोही हिसाबले नेपालमै पनि छाड्नुपर्छ भनी सशंकित भै रहेका थिए ।

काठमाडौं गिर्जाघरमा बसेका पादरी जोसेपीले अब तुरुन्त नै अर्को राजनीतिको चाल नचले यहाँ अंग्रेजले अधिकार जमाउने त के कुरा फर्केर हेर्नसम्म नपाउने देखेकाले के गर्ने के नगर्ने भन्ने स्थितिमा मौन भइरहेका कान्तिपुरका राजा जयप्रकाश मल्ललाई पादरी जोसेपीले अंग्रेजसंग सैनिक सहायता मागी गोरखालीहरूलाई हटाउनुपर्दछ भनी आस देखाई घच्घचाउन थालेका थिए । यी पादरीहरू ईसाइ धर्मका प्रचारकको भेषमा साधु बिरालो बनी जरो गाडिइसकेपछि व्यापारमा हात हाली समयानुकूल हुनासाथ राजकाजमाथि हस्तक्षेप गरी यूरोपेली सत्ता कायम गर्नको लागि आक्रमण पनि गर्दथे । यसरी यिनीहरूको साधु बिरालोको चालले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई केही दिलासा दिलायो । कान्तिपुर राज्यमा यस किसिमको वार्ता चलेपछि भक्तपुरका राजा रणजित् मल्लसमेतको सहमति ली जयप्रकाश मल्लले आफ्नो सबै वेहोराको पत्र लेखी यहाँ रहेका पादरी जोसेपीको सिफारिशसहितको प्रार्थनापत्र गुप्ती तरीकाले पटनाका हाकिममार्फत कलकत्ता कौंसिलका गभर्नरकहाँ पठाए । सो पत्र पटनाका हाकिमले पनि आक्रमणकारी अभियानदलको आवश्यकता देखाई विशेष जोडका साथ

सिफारिशपत्र लेखी कलकत्ता कौंसिलका गभर्नर वेरेलेष्टका नाममा पत्र लेखे। सो पत्रका उपर कलकत्ता कौंसिलको विशेष समितिले विचार गर्दा आक्रमण गर्ने निधोमा पुगेपछि श्री ५ पृथ्वीनारायण शाहलाई नेपाल उपत्यकाको घेरा उठाई जयप्रकाश मल्लका उपर आक्रमण पुन: नगर्नू, तिमीले कम्पनी सरकारको यस मर्यादालाई थामेर काम गरेनौ भने तिमीलाई कंम्पनी सरकार शत्रु घोषित गर्नेछ र लड्न आउनेछ भन्ने बेहोराको पत्र लेख्नू भन्ने आदेश पटनाका रबोडलाई पठायो र साथै टिपराको लडाई जितेर फर्केका कप्तान किनलकलाई पटना जाने आदेश दियो।

श्री ५ पृथ्वीनारायण शाहले जयप्रकाश मल्लले अंग्रेजसंग सैनिक सहायताको पुकारा पत्र पठाएका तथा लगत्तै भनेजसो अङ्ग्रेजहरूको आक्रमण हुने समेतको सूचना पटनामा बसेका आफ्ना गुप्तचरहरूद्वारा पाएकाले सो कामको निमित्त आवश्यक प्रबन्ध पनि मिलाउन लागेका थिए। त्यसै ताका रबोडको नाकाबन्दी उठाउनू भन्ने धम्कीपत्र आउँदा सो पत्रलाई रद्दीको टोकरीमा फ्याँकी खजान्ची वीरभद्र उपाध्याय, काजी वंशराज पांडे, शिकारी वंशु गुरुङ्गको मातहतमा केही गोरखाली सैन्य दललाई सिंधुलीतर्फ पठाए।

कान्तिपुरका राजा भास्कर मल्ल (महीन्द्र सिंह)को मृत्युपछि गद्दीमा बसेका राजा जगज्जय मल्लसंग खांगाक्षोली चयनपुरका निवासी नन्दमुनि पर्साईले १२६०रु.मा मुगीटार भन्ने ठाउँको केही जग्गा वि.सं. १७८६ मा किनी बसोबास जमाएका हुँदा उनका छोरा श्री कृष्ण पर्साईले पनि पकरवास र मन्थलीमा समेत थुप्रै जग्गाहरू जोडी धनी र ठूलाठालुमा नाम दराए र बसेकाले उनका पनि छोरा रामचन्द्र पर्साईको प्रभाव निकै टाढा टाढासम्म फैलिएको र यिनी कान्तिपुरका राजा जयप्रकाश मल्लका पक्षपाती भएका पनि हुँदा गोरखालीहरूले यिनलाइ हात लिन चाहेका पनि थिए। यसै ताका जनकपुरको बाटोबाट तीर्थयात्रा गरी घर फर्केका पहाडिया दाजुभाइहरूको मुख देखी सिन्धुलीको बाटोबाट छिटै नै अङ्ग्रेजहरूको आक्रमण हुने भएको छ, भन्ने हल्ला सुनेको र त्यति वेला नै भनेजस्तो काजी वंशराज पांडे, वीरभद्र उपाध्याय, वंश गुरुङका मातहतमा आएका सेनाले सिंधुली भन्ज्याङमा पुग्न करीब १ कोश जति नै उकालो नउक्लँदै निगाले भन्ने ठाउँमा ठाना बारी सिंधुली भन्ज्याङबाट आउने जाने यात्रुहरूको कडा निगरानी राखी अरू गर्नुपर्ने कामको चाँजो पनि मिलाउँदै थिए।

मल्ल राजाका राज्यहरूमा भन्दा गोरखालीहरूले विजय गरेका क्षेत्रहरूमा शान्ति हुनुको साथै राम्रो व्यवस्था स्थापित भएको र कान्तिपुरका राजा जयप्रकाश मल्लले नै अंग्रेजहरूलाई आक्रमण गराउन बोलाएका हुँदा केही वर्ष अघि मात्र भारतका कुनै कुनै प्रदेशहरूमा अंग्रेजहरूले नरसंहार गरि प्रशस्त लूटपीट मच्चाएको हल्ला नेपालका धेरै जसो भागहरूमा ताजा नै रहिरहेको र त्यस हल्लाले गर्दा नै पनि अंग्रेजको आक्रमण हुने कुराले नेपालका जनताहरू भयभीत भइरहेका थिए। कान्तिपुरका राजा जयप्रकाश मल्लका पक्षपाती भएर बसेमा आफ्नो कल्याण नहुने र अब तुरुन्त नै गोरखालीहरूको पक्षमा मिली दिलोज्यानले भेटेसम्मको काम गरी अंग्रेजहरूलाई हटाउने काममा आवश्यकीय मद्दत दिन सके गोरखाली राजाबाट मानमर्यादा पाउनुको साथै आफ्नै धनजनको पनि राम्रो सुरक्षा हुने देखेकाले रामेछाप डाँडोबाट करीब ३ कोश जति उत्तर-पश्चिममा पर्ने मुगीटारका बासिन्दा रामचन्द्र पर्साईले निगालेमा ठाना बारी बसेका गोरखाली भारादारहरूसंग भेट गरी "उप्रान्त सिंधुलीमा फिरङ्गीको बल आउँदछ भन्ने हल्ला छ के हो? हो भने कसो गर्न्या हो। फेरि यहाँ भएका सिपाहीहरूले मात्र फिरङ्गीलाइ हटाउन मुस्किल पर्ला। निगालेमा नै ठाना बारी बसेमा फिरङ्गीको बल भञ्ज्याङ उँभो चढ्यो भन्या उसको बलले मिच्ची नेपाल छिचोल्ने छ। त्यसैले ठाना पारी (सिंधुली माढीमा) हालेर आड (किल्लाको बाहिरी ढोका) बलियो गरी बस्या जाती होला। श्री महाराजाधिराजबाट हुकुम भएमा र आफ्नो बर्गतले भेटे जती अन्नपानीको चाँजो मिलाउँला तर काजीहरूले भने जति रुपैयाँ त आफुछेउ छैन खोज्नुपर्दछ के गर्ने। बटुल्नुपर्ने, खारा बटुली भिड्ला" भन्ने बेहोराको अर्जिपत्र वि.सं. १८२४ साल भाद्र मैनातिर दिदा सो अर्जिपत्रको साथै यसलाई आफ्नो पक्षमा मिलाई (हात ली) काम गरेमा चाहिंदो मद्दत, आवश्यकीय धन र अन्नपानीको राम्रो भरथेक हुनेछ" भन्ने समेतको सिफारिश पत्र लेखी भरपर्दो मानिसका साथ रातारात गरी कीर्तिपुर पठाए।

रातदिन गरी हतारका साथ सिंधुलीबाट आएको एक भारदारले माथि लेखिएबमोजिमको पत्र टक्रयाउँदा श्री ५ पृथ्वीनारायण शाहले लगत्तै भनेजस्तो चाबहिलतिर ठाना सार्दै बसेका आफ्ना सेनापति रामकृष्ण कुंवरलाई बोलाई मिलाउन पर्ने परिबन्द मिलाउनू र चाहिंदो फौज लिएर सिंधुली जानू भन्ने हुकुम दिंदा मुगीटारका निवासी रामचन्द्र पर्साईलाई युद्धमा भारादारहरूले प्रयोग गर्ने हतियार तथा लगाउने लुगा र आवश्यकीय सामानको साथै "तिमीले पठाएको पत्र आयो अर्थ मालुम भयो फिरङ्गीको आक्रमण हुन्छ भन्ने हल्ला छ के गर्ने हो भनि पठाएछौ भलो हो। सिंधुलीबाट नै फिरङ्गीको आक्रमण हुन्छ भन्ने कुरा साँचो हो जयप्रकाशको हुँदो भएर आउने हो तापनि भारतलाई खानेले नेपाललाई मात्रै छाड्ला भन्नुपर्दैन। गोरखा भन्नू र नेपाल भन्नु उनै गोरखनाथ हुन्त एकै हुन् फिरङ्गी भनेको ढ्वाँसो हो। आज उसले नै जित्यो भने हामी कसैले पनि बाँच्नुपर्दैन। तिमीले ठानापारी (भित्री मदेश) (सिंधुली माडीमा) बनाइ बसे जाती होला भनी पठाए छौ। अहिले निगालेमानै बसे पनि पछि सिंधुली भञ्ज्याङमा गै बलियो गरी बस्नुपर्छ। तराईतिर जानु हुँदैन। फिरङ्गीले आँत पाउला, पायो भने जित्न गाहारो पर्छ। जयनारायणले खुरकोटतिरको फोरा बटुल्या छ तैपनि त्यतिले पुग्दैन। अरू भर तिम्रै छ आड-वलियो गरी बनाउनुपर्दछ। २०००।– रूपैयाँ भए अहिले-लाई पुग्छ। खाने सामल आजलाई पुगे पनि पछि के पर्ला पुग्दो मिलाऊ। त्यसबापत जग्गानै भन्छौ तापनि काजीहरूले बुझी जाँची लेखी पठाएकोमा लालमोहर गरी पठाउँला। यहाँबाट पनि चाहिंदो सेना विदा गरी पठाएको छु। अरू भर तिम्रै छ। आज तिमीले मेहेनत गरेपछि तिमीलाई छाडी कसलाई गरूँला" भन्ने व्यहोराको लालमोहर लेखी कीर्तिपुरबाट तुरुन्त नै पठाए।

पूर्व १ नंबर रामेछाप डाँडोको फेदीमा बग्ने सुनकोशी-को दक्षिण किनारामा रहेको खुरकोटबाट करीब २ कोशमा निगाले र त्यहाँबाट करीब एक कोश जतिको ठाडो उकालो तुरेपछि महाभारत डाँडाको लेकमा जो भञ्ज्याङ रहेको छ त्यो प्राचीन कालदेखि नै सिंधुली भञ्ज्याङको नामले प्रसिद्ध थियो। पछि (वि.सं. १८२४ मा) श्री ५ पृथ्वीनारायण शाहको फौजहरूले सो भञ्ज्याङमा गढी (किल्ला) बनाएका हुँदा त्यो भञ्ज्याङ अब सिंधुली गढीको+ नामले प्रख्यात हुन थाल्यो।

श्री ५ पृथ्वीनारायण शाहसंग बिदा भई चाहिंदो फौज र आवश्यक हातहतियारसमेत लिएर सर्दार रामकृष्ण कुवर सिंधुली प्रस्थान गर्दा पैसा, खाने सामल तथा झारा लिएर रामचन्द्र पर्साई पनि गोरखाली भारादारहरूसंग सामेल हुन पुगेका थिए।

मुख्य सेनापति रामकृष्ण कुवर, वंशराज पाँडे वीरभद्र उपाध्याय, वंशु गुरुङ्ग र साथै रामचन्द्र पर्साईसंगका मानिसले सिंधुली भञ्ज्याङको दायाँबायाँका अग्लाअग्ला चुचुरे डाँडामा दुई विशाल किल्लाहरू बनाई त्यसको तल घाँटीमा बलियो आड (ढोका)को निर्माण कार्य समाप्त गरी तल वेनीदेखी रामेछापसम्म लम्बायमान भएको अग्लो डाँडो (तील्केथान नामक डाँडो)मा पनि एक मजबूत किल्ला बनाई निगालेका बासिन्दा जयनारायण थापा मगर-संगका मानिसहरू र सबै सेनाहरूलाई चार भागमा विभा-जित गरी वंशु गुरुङका मातहतमा ढुङ्ग्रेबाँसपट्टि र केही सेनाहरूलाई तिल्केथानतर्फ पठाई बाँकी भएका फौजको आधा भाग वंशराज पाँडे र वीरभद्र उपाध्यायसंग बाँडी जयनारायण थापा मगरसंग भएका ढाक्रेहरूलाई घारेमौरी; अरिङ्गाल तथा बच्छ्यूहरूलाई बिच्क्याउने अभिभारा दिंदा रामचन्द्र पर्साईसहितका बाँकी सेनालाई तयार गराई

+ ऐ. शि. श्री बाबुराम आचार्यले सिंधुलीगढी र पौवा गढी भिन्दाभिन्दै भनी त्यसको दूरी पनि दिनुभएको छ (श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सं. जी. भाग ३ को पृष्ठ ४७९ मा) सोही कुराको उल्लेख श्री सूर्यविक्रम ज्ञवालीको 'पृथ्वीनारायण शाह' नामक पुस्तकमा पनि सिंधुलीगढीबाट पौवागढी १ कोश माथि छ भनी लेखिएको छ। यसैको आधारमा संशोधनमण्डलबाट प्रकाशित पूर्णिमामा पनि गौतमवज्र बज्राचार्यले पौवागढी र सिंधुलीगढी बेग्लाबेग्लै छन् भनी लेख्नुभएको छ तर त्यो कुरा बिलकुल अशुद्ध हो। कारण सिंधुलीगढीमा पछि (श्री ५ रणबहादुर शाहको पालामा पौवा बनाएको हुनाले सिंधुलीगढीलाई पौवागढी पनि भनिन लाग्यो। सो गढी सिंधुली गढी वा पौवागढी दुवै नामले प्रसिद्ध भयो।

सर्दार रामकृष्ण कुवर अंग्रेजबाट हुने आक्रमणको प्रतिक्षा गर्दै रहन लागे ।

उता अंग्रेजपट्टिका सेनापति कपतान किनलकले सैनिक र आवश्यक सामानको साथै प्रशस्त मात्रामा हतियारको बन्दोबस्त गरेपछि मार्गदर्शकको खाँचो हुने हुँदा सो कामको अभिभारा रामदास वैरागीले लिइदिएकोले यस काममा पनि उनले आत्तिनुपरेन । आश्विनसम्ममा पनि आक्रमण नभएमा गोरखालीहरूले कान्तिपुर दखल गर्नेछन् भन्ने कान्तिपुरको गिर्जाघरमा बसेका पादरी जोसेपिले रम्बोडलाइ सूचना पठाएपछि कपतान किनलकले चाहिंदो फौज ली सिधुलीतर्फ प्रस्थान गरे । तर अंग्रेजी हमलाबारहरू आउने कुराको गोरखाली गुप्तचरहरूबाट सूचना पाएपछि जनकपुरदेखिकै पसलहरू उठिसकेका थिए । कपतान किनलक जनकपुर आइपुग्दा त्यहाँ रसद नपाइने देखेर निकै हडबडाएका भए पनि आफूसंग भएको रसदको भरमा ती अंग्रेजी सैन्यदल माथितिर रसद पाउने आशा लिएर ढल्केबगरबाट लालगढ हुँदै कमलाखोलाको बगरैबगर यो आक्रमणकारी दल सिधुली माडीमा आइपुगेको सबै दृश्य गोरखालीहरूले हेरिरहेका र निगालेका निवासी जयनारायण थापा मगरसहितको दलले सिंधुलीभञ्ज्याङदेखि ढुङ्ग्रे बाससम्म भएका घारेमौरीलगायत अरिङ्गाल र बच्छ्यू–हरूलाई बिच्क्याइरहेका थिए । एकदिन त्यहां डेरा जमाई सो आक्रमणकारी दलले खच्चरमा तोप लदाई अरू सरसामान भरियाहरूलाई बोकाई बिहानको मिरमिरे उज्यालो हुँदा सिधुली भञ्ज्याङतिर प्रस्थान गऱ्यो । प्रशस्त अल्लो र सिस्नुको घारीबाट हुँदै जब यो अंग्रेजी फौज ढुङ्ग्रबाँसको तल (पश्चिमपट्टिबाट) फेदीबाट भञ्ज्याङ उत्रने खोचंखोच उभो लागेको मात्र के थियो सोही मौका पारेर जयनारायण थापा मगरसगका टोलीले घारेमौरी,अरिङ्गाल र बच्छ्यूका गोलाहरूमा लुकी लुकी ढुङ्गा र कांडले हानी बिच्क्याउँदा ती गोलाहरू रातोकाला जंगीलुगा लगाएर आएका अंग्रेजका दलहरूमाथि झन् बिच्किदै खनिए । एकापट्टि यिनीहरूको चिलाइ तथा अर्कापट्टि सिस्नु र अल्लोको पोलाइले गर्दा अंग्रेजी सेनाहरूको मस्ती गलिसकेको भए पनि यो गोरखालीहरूकै करतू हो र गोरखालीहरू सिधुली भञ्ज्याङमा नै बसेका छन् भन्ने टुङ्गो लगाई आफूसंगै लेराएको तोप सिधुली भञ्ज्याङतिर ताकी फायर गर्न थाले । तर सिधुलीगढीलाई छेक्ने गरी ढुङ्ग्रेबाँसको पहरो रहेकोले तेर्सो गरी निशान मार्दा ढुङ्ग्रेबाँसकै पहरोमा लाग्ने तथा अलि ठाडो गरी फायर गर्दा किल्लामा नलागी माथिबाट नै नाघ्न पुग्ने भएकोले सो काममा पनि अंग्रेजहरूले सफलता पाएनन् । यसरी साथमा लेराएको तोपले पनि त्यति वेला काम नदिएकोले सो दल होशियारीका साथ अगाडि बढी गोरखालीहरूद्वारा नवनिर्मित आड (ढोका) नेर मात्र के पुग्न लागेको थियो काजी वंशराज पांडे, वीरभद्र उपाध्यायसंग रहेका सैन्यदलहरूले एक्कासि दुइतिरबाट आक्रमण गर्दा उक्त दलहरूमा हाहाकार मच्चियो । उता अंग्रेजी दल संमाली सक्ता नसक्ता रामचन्द्र पर्साई समेत भएको फौज ली गोरखालीहरूका मुख्य सेनापति रामकृष्ण कुंवरको अर्को बलियो फौजले अगाडिबाट धावा बोल्दा अंग्रेजी सैन्यदल टिक्न नसकी ओरालोतिर फर्की कुलेलम ठोक्न लाग्यो । तैपनि कपतान किनलकले फौजहरूलाई उत्साहित पार्दै आफू अगाडि बढेकाले फेरि अंग्रेजी फौज केही संमालिदै गोर्खालीहरूसंग डटेर सामना गर्न लागेका मात्र के थिए ढुङ्ग्रेबाँसपट्टि बसेका वंशु गुरुङ्गका दलहरूले दपेटा दिंदा उक्त अंग्रेजी फौज संहालिन नसकी भागाभाग गर्न लाग्यो । तर त्यहाँ एउटै मात्र बाटो भएको र वंशु गुरुङ्गका दलहरूले त्यही बाटोबाट आक्रमण गर्दा निकै अंग्रेजी फौजले वीरगति प्राप्त गर्दा केही लूला लंगडाहरूले कपतान किनलकसंगै भागी ज्यान जोगाउँदा थोरै सेना गोरखालीहरूको अधिकारमा पऱ्यो र सो सेनाले आत्मसमर्पण गर्दा त्यहाँ भएका अंग्रेजी हतियारहरू उनीहरूलाई नै बोकाई माथि गढीसग लेराउन लगाई छाडि दिंदा गोरखालीपट्टिका घाइतेहरूलाई पनि ओखतीमूलो गरी जाती गराई सरदार रामकृष्ण कुवर हरिहरपुर गढीतिर प्रस्थान गर्न लाग्दा श्री ५ पृथ्वीनारायण शाहले आफ्ना विजयी भारादारहरूलाई सिरोपाउको साथसाथै मुगीटारका बासिन्दा रामचन्द्र पर्साईलाई इज्जतको साथ जागीरीको नियुक्तिपत्र (लालमोहर) पठाएका थिए ।

# Inscriptional Evidence on the Preservation of Monuments in Nepal

*Dr. N. R. Banerjee*

( **continued** )

## Literary Evidence on repairs to Images

The Nepal Rashtriya Pustakalaya at Kathmandu has in its possession a manuscript called **Pratishthalakshnasarasamuchchaya**, written by one Vainochana, who was son of king Dharmapala and grandson of king Gopala. Thus he was a seion of the Pala dynasty of Bengal and had probably been led to travel to Nepal and take up residence in the country. He was academically a pupil of Isanasiva and a grand pupil of Vimalasiva. He was a devotee of Siva by faith and pursuit.

The oldest manuscript in the possession of the Rashtriya pustakalaya is dated 288 N.S. which works out to **A. D.** 1167. There are six other copies of the manuscript in Nepal. Three of these have no date, and the other three are dated to 755 N.S., 765 N.S. and 1952 V.S., respectively. The text has been published by the Department of Archaeology in two volumes and a book of illustrations of images contained in the text.[73]

This can be treated as a basic text on the subject produced in Nepal but awaits to be correlated to the immense architectural and iconographical wealth of Nepal. This by itself would be an interesting subject of work, the urgency of which cannot be overemphasized.

The 21st chapter of the manuscript deals with the topic of repairs called **jirnnoddhara-vidhi,** but confines itself to images instead of structures. Though monuments include temples and images in practice it is difficult to extend the benefits of protection to images as they are usually loose and objects of constant worship including ritualistic applications of oil, butter; vermillion, milk, water etc. and as a result they are subject considerably to wear and tear. The situation is somewhat intensified by their greater accessibility to the devotees and worshippers.

It is interesting to record that the **Pratishthalakshana-sarasamuchchaya** indicates the reasons and justification for the restoration of damaged images in the following passages.[74]

**Atha jirnnamscha dushtamascha lingandinscha Surajjhitan**
**Asrayantiha satvani bhutavetalarakshasah//**
**Mahabhayakara nityam subhrisam krurarupinah/**

**kurvanti doshasanghyatam yatra rashtreshu te sthita/**
**Mahotpatom dharanasam chamubhangam parabhavam**
**durbhiksham darunam rogam prajanasam daridratam/**
**udvegam cha vivadam cha vitamsan chatmajarthaya/**
**Pida Gobrahmanadinam rajno duhkham kusieatam//**
**Pratapasathvani cha lobhamohadiryuktatam/**
**Satruvyasanapida cha chinta cha mahati bhavet//**
**dushtalinge sthite rashtre praja rajno na sobhanan/**
**tasmaduddharanam karyam vidhina mantrapurvakam//**

The passage broadly means that the damaged images are abandoned by gods and become the abode of ghosts goblins and demons. Who are frightful and cruel and cause many evils to befall the country. Many calamities, landslides and land damages, dissensions in the army, defeat in war, famine, discases and pestilence,decimation of the population,poverty, worry, disputes, destruction of wealth and children, diseases among the cattle and brahmins, unhappiness as well as misconduct among the kings, loss of prestinge and personality and the incursion of greed and infatuation, increase of enemies and viciousness and great anxietyon account of all these and evils bad subjects arise as a result of the existence of vitiated images. Therefore damaged images must be restored by the performance of proper rites to the accompaniment of prescribed mantras (hymns) for obtaining respite from all these evils.

The installation of the restored images was recommended to be undertaken on an auspicious day, under a favourable constellation as stated in the following passage[73]

**Sunakshatre dine yoge sadvare kartrisobhane**

The inscriptional evidence cited earlier above bears out the fact that trouhghout her history kings and noblemen of Nepal have undertaken the repairs to monuments and images as and when they have been necessery in keeping with established and sanctified principles, which have been variously described as **agamokta vidhi, vedoktavidhi, sastroktavidhi** etc.

## 8. Conclusion

The preservation of ancient monuments in Nepal has now come to be the centralized responsibility of the Department of Archaeology set-up under the Ministry of Education in1952. The **Prachin Smarak Samrakshan Ain** of 1956-57 has provided for the punishment in the form of fine or imprisonment for those found guilty of damaging or disfiguring any protected monument (as a contrast to the wishful curses of the early and medieval times). Any structure that is older than 100 years is considered under the law of the land (also in India) to be protected automatically, regardless of a positive declaration or notification to this effect.

But the coming into existence of the Department or the passing of the Act of protection of monuments did not automatically bring into existence a mechanism for the undertaking of repairs to monuments in general.

In fact, an institution called **Chha-Bhadel,** dating from the times of the Mallas, had been carrying out repairs to the ancient and public edifices in Nepal out of state funds as its specific duty till almost recent times But its functions were transferred to an organization called the

Valley Reorganization Committee (**Upatyka Nirman Samiti**), in 2019 V.S. (A.D. 1956-57) Its scops naturally was not confined to ancient monuments alone but encompassed the structures and public edifices all over the valley. The works of the Samiti were, from this time on, alternately carried out by this organization or the Public Works Department, which remained virtually in charge of all repairs to ancient structures till 1966, when the Department of Archaeology took up on its own the first major repairs to any ancient monument in Nepal, namely, the Kasthamandapa in the heart of Kathmandu, jointly with and under the entire financial support of the **Guthi Samsthan,** the centralized organization for the control and utilization of religious endowments.

Though the task of preserving the ancient heritage of the country is both a privilege and a duty of the Department of Archaeology, it is considerably handicapped for want of adequate financial allocations, and an adequate executive staff for carrying out the required repairs. To circumvent these difficulties an organization called the **Guthi Jirnnoddhar tatha Nirman Samiti**, under the chairmanship of the Director of Archaeology, a committee of five members, including the chaiman and a member-Secretary, was created in 1966 for the purpose of carrying out repairs to religious edifices as well as the construction of new structures appurtenant to the religious institutions which the Committee was meant primarily to serve. This arrangement seems to have been made because the funds for all constructional activity was to be provided by the Guthi Samsthan, which was accountable for all expenditure out of the Guthi funds, and at the same time the Director of Archaeology could provide the technical guidance and also exercise control over the execution of repairs. The arrangement may have some practical advantages, but has all the disadvantages of dual responsibilities, the aims and objectives of the two organizations not often being common, apart from the basic differences in their approaches.

In this context it would be interesting to record that the infamous and disastrous earthquake of 1990 V.S. (i.e. A.D. 1934) had damaged many monuments in Nepal, not to speak of numberless residential houses. The memoval of the debris and reconstruction of the utilitarian structures were both a Heraclean task and an expensive undertaking. There are inscriptional records again which have recorded the repairs or reconstructions that were then attempted on a large scale in the three cities of the valley and elsewhere.

The repairs that have been carried out from time to time in the past in Nepal have not always taken steps to ensure that the pristine outlines of the structures or even the age-old forms are not modified. In fact the idea of preserving monuments for the sake of preserving the ancient architectural styles and achievments have not formed part of the inspiration to preserve, reconstruct or repair; for all these works have been undertaken in the past with a view primarily to ensuring merely the continuation of the functions they had been serving. Sometimes, of course, the ancient styles have indeed been preserved and such happenings have been more often by accident than by design. The awkward and outlandish domical roofs, that we ofren see surmounted on the framework of a structure (temple) designed originally to be a multipleroofed temple, came in the course of repairs that were executed after the earthquake of A. D. 1934, under the orders of the then Rana Prime Minister, While these changes have not enhanced the beauty of the structures, but on the contrary often have detracted from the natural grace of Nepalese architecture, they speak of a style generally adopted during the

Rana hegemony. The truth of this statement would be apparent from the consideration of the difference that the newly introduced domical roof over the Siva temple in the centre of Rani Pokhari,originally built by Pratapa Malla in 1669 obviously in the multiple roofed style, has made to its view in contrast to the grace of the serrated silhouette against the backdrop of the Himalayas and of the reflection of the Devala style temple in the crystal clear waters of the tank under the canopy of a blue sky.

There are several inscriptions to indicate the large-scale damage and destruction that the earthquake of 1934 caused not merely to temples and such other monuments but also to the houses of the people and the steps that were taken to reconstruct and rebuild from the ashes. As a result many innovations were introduced, but the fact that the personality of Nepalese monuments stands largely unaltered and high and distinctive till this day is a tribute at once to the Nepalese love for and capacity to uphold its tradition. These inscriptions also point out that there was no specialized organization for the repairs to monuments ruined by the aerthquake,to deal with which a general organization called the **Bhukampa Uddhar Samstha** (Earthquake Relief Committee) was brought into being under the patronage of the Prime Minister, Juddha Samsher.

The Bhaktapur Golden Gate copper plate inscription of the year 1989 V. S. (i. e. A. D. 1933) of the time of Jnddha Samsher[70] records the interesting acconut of the repairs that were carried out from time to time to the irrigation channel in Bhaktapur originally built by King Jitamitra Malla in the year 1735 V. S. (A. D. 1678), With the introduction of a stone conduit (**dhungedhara**). It states further that the channels and conduits at different places were kept in good repair and in functioning order by King Bhapatindra Malla in 1760-V S. (i.e. A.D. 1703). The channel of Jitamitra Malla was repaired again under the orders of Bhimsen Thapa, as recorded in a Lal Mohar, in the year 1875 V.S. (i.e. A.D. 1818). Thereafter again the arrangements for ensuring the proper flow of water in the channels was made during the regime of the Prime Minister, Dhir Samsher, who provided for the employment in perpetuity of three helping hands in addition to the existing strength of six persons in the year 1932 V.S. (i e. A.D. 1875). The **dharas** (water conduits) and the channels were somewhat neglected thereafter, As no repairs were carried out to them, they ceased to be functional, and some of them even got covered up with debris and earth. As a result, the priests of the temples had to walk long distances to the very source of the water for spring to fetch water for worship and as the population had meanwhile increased the Rajalakshmi dhara had become far too inadequate to meet their requirements. These matters were brought to the notice of the Prime Minister by his son, Dhana Samsher, and thereafter the **dharas** and channels were cleaned and repaired at the instance of Dhan Samsher but by the orders of the Prime Minister. An endowment was created for meeting the annual requirments of repairs to the **dharas** in future and a copper plate inscription to this effect was affixed to the **Gahiridhara** at Bhaktapur. The inscription also records that such works were considered as the responsibility of the king and shows that the Prime Ministers of the time took a keen interest in such matters of public utility, This, together with the facts given below, would show up Juddha Samsher as inspired by the same spirit of preserving the past heritage as had characterized of Lord Curzon as Viceroy and Governor General in India, though the basic purpose in the former's case was somewhat different.

The copper plate inscription affixed to the

space above the inner door of the Dharahara (tower raised to honour Bhimsen Thapa) of the year 1992 V S. (i e. A D. 1936)[77] mentions that the monument, adjacent to the Sundhara in Kathmandu, which had beenbuilt in the year 188 2V.S. (i.e. A.D. 1825) by Queen Lalita Tripurasundari had been damaged by the terrible earthquake of 1990 V.S. (i.e. 1934), only two of the three original storeys alone having been spared; and that it was repaired by Juddha Samsher in the year 1992 (i.e., 1936), by reconstructing the third storey. This distantly recalls the raising the height of the Qutb Minar in Delhi by Firoz Shah Tughlaq, the great preserver of monuments in medieval India, in the fourteenth century. The stone slab inscription on the eastern side of the pedestal of the statute of Juddha Samsher at the quadruple jenction of the Juddha Sadak (New Road)in Kathmandu[78] mentions the event of the disastrous earthquake of A.D. 1934, the institution by the orders of Juddha Samsher of the **Earthquake Relief Society** (or Committee) and the execution of repaire to a large number of ancient monuments viz., Dharhara, Ghantaghar (Clock Tower standing on the eastern side of Rani Pokhari), the Taleju Bhavani temple at Hanuman Dhoka, Kathmandu, the Machchhindranath temple at Lalitpur, the Bhairab temple at Bhaktapur, many temples of Siva and other gods in addition to the grant of lakhs of rupees as loans to the dispossessed persons, for the reconstruction of their residential houses.

The Lalitpur Bhimsensthan stone pillar inscription of the year 1997 V.S. (i e. A D. 1941) of Juddha Samsher[78] refers again to the devastations caused by the earthquake and to the wholesale reconstruction carried out in the three cities of Bhaktapur,Lalitpur,and Kantipur (Kathmandu), respectively, as a result of which the city of Bhaktapur had become as good as new. There is a reference in this inscription to the reconstruction of a large number of temples in Lalitpur, as well as to the immensely large-scale reconstruction carried out in Kathmandu and the bringing into being therein of the Naya Sadak (New Road)and the Globe Park (Bhugol Park) adjoining the southern side of the road, etc. The pillar itself was meant according to the inscription it carried to serve as a memorial of the earthquake and the restoration of the valley from its ruins.

The Kathmandu Bhugol (Globe) inscription of Juddha Samsher[80] also refers to the clearing away of the debris of ruined buildings from the streets of towns and villages and the reconstruction of temples, **Patis** and **Powahs** (Rest Houses along the footpaths and in villages) through the **Earthquake Relief** Socity at the expense of the state treasury and the grant of long term interest-free loans to the despossessed for the reconstruction of their houses. The inscription incidentally refers to an older earthquake at the time of a former king Saktisimhadeva, and another that had taken place in the year 1890 V.S. (i.e. A.D. 1834). During the second earthquake people were made to fend for themselves, and got no assistance from the state, but,as a contrast, a good bit of assistance was made available from the stafe by the Prime Minister during the third great earthquake (of A.D. 1934).

It was at this time of reconstruction that some builders began to adopt new styles of construction which are subversive of the distinctive personality of Nepalese architecture. The inscription records this fact of change in style and also states that some two-storeyed houses were raised to three storeyed ones to four storeys as one liked. It also record that the reconstruction was carried out so fast as to leave or suggest no memory of the devastations suffered.

The stone inscription on the pedestal of the statute of Juddha Samsher standing to the

left of the Bhadrakali temple[81] to the east of Tundikhel in Kathmandu of the year 2006 i.e. A.D. 1949 refers to the reconstruction, after the earthquake, of religious institutions, the hermitages of monks, temples, powahs, houses associated with temples, steps at the river banks, dharmasalas, the Dharhara and the Ghantaghar etc. by Juddha Samsher. These records point rightly to Juddha Samsher as an enlightened conservator of Ancient Monuments.[82]

The tradition of causing inscriptional records of fresh constructions as well as of repairs to public buildings is even now in vogue in Nepal. The records are extremely useful as historical documents and are in keeping with the tradition handed to the down present generation from the remotest time of the Lichchhavis. The present study, in spite of its length, is comparatively a brief account of the vast inscriptional evidence on the construction in original and repairs to ancient monuments in Nepal through the entire expanse of her history. They tell us amply of the different dates and processes of construction and repairs, the agencies of execution, the changes introduced, the names of the donors, the texts of architecture followed for guidance(though only in very general terms) and together they all are a mine of information on the evolution and development of art and architecture in Nepal. It is hoped that a comprehensive study of the subject will be taken up at somefuture date by a budding young scholar, and this essay is humbly dedicated to the larger efforts that are sure to be made in future in the hope of fuller results.

(Continued)

72) Ibid., pp. 88-9

73) **Pratishthalakshanasarasamuchchaya,** Part-I (2023 V.S.) and Part-II (2025 V.S.) The tllustrations called **Devatachitra-Samgraha** was published earlier. The text deals with both architecture and iconography.

74) **Pratisthalakshanasamuchchaya,** Part-II, p. 91.

75) **Ibid.,** p. 92.

76) **Abhilekha Samgraha,** No. 8, pp. 7-8. This is a very important and interesting inscription as it indicates the unabated solicitude of the rulers for their subjects over nearly three hundred years in respect of the self-same institutions of public utility.

77) **Ibid.,** pp. 8-9.

78) **Ibid.,** p. 9.

79) **Ibid.,** p. 13.

80) **Ibid.,** p. 16.

81) **Ibid.,** p. 32.

82) The solicitude of Juddha Samsher for the antiquarian remains of Nepal and his love for preserving the past are indicated also by his establishment of the **Juddha Kala Sala** in the year 2000 V.S. i.e. 1938, the purpose of which was to promote the traditional arts (painting) of Nepal as well as to serve as a store house of relics of Nepalese culture. This is clearly borne out by his two inscriptions kept in the National Museum at Kathmandu. One of these is a copper plate inscription fixed on the pedestal of the statue of Juddha Samsher fn the central lobby of the **Juddha Kalasala** and the other one engraved on the stone pedestal of the same statue. **Ibid.,** pp., 28-29.

# ABOUT THE AUTHERS

| | |
|---|---|
| Shri Safalya Amatya | Archivist, Dpt. of Archaeology. |
| Shri Babukrishna Rijal | Research officer, Dpt. of Archaeology. |
| Shri Mohan Prasad Khanal | Research Scholar, Dumakhal Kathmandu. |
| Dr. N. R. Banerjee | Archaeologycal Advisar, Dpt. of Archaeology. |

'प्राचीन नेपाल'का निमित्त प्राग्–इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

**निर्देशक**
पुरातत्व विभाग
सिंहदरबार
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to Ancient Nepal.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretaion of already known evidence.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:—

**The Director**
Department of Archaeology
Singha Darbar,
Kathmandu, Nepal.